प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवदेन

(२०७५ वैशाखदेखि चैतसम्म)

**सम्पादक**
विपुल पोखरेल

**संयोजन**
प्रकाश थापा

**भाषा**
उदय जीएम

**सम्पादन मण्डल**
छेटु शेर्पा, लक्ष्मण कार्की, पवन आचार्य, राजेश चाम्लिङ
कलेन्द्र सेजुवाल, बसन्त गिरी

**विशेष सहयोगी**
हिरण्य जोशी, खगेन्द्र फुँयाल

**नेपाल पत्रकार महासंघ**
**२०७६**

© सर्वाधिकार
**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन नं.: ०१-४११२७६३, ४११२६७३, फ्याक्स : ०१-४११२७८५
Email : fnjnepalcentral@gmail.com
Web: fnjnepal.org

**डिजाइन लेआउटः**
आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं

**आवरण तस्बीरः**
नेपाल पत्रकार महासंघ कास्कीले आयोजना गरेको विरोध तथा धर्ना कार्यक्रम

**प्रिन्टिङः**
उपलब्धि प्रकाशन सेवा प्रा. लि., गैरीधारा, काठमाडौं

यसमा प्रकाशित सामाग्रीको कुनै अंश महासंघको अनुमतिमा स्रोत उद्धृत गरेर प्रयोग गर्न वा पुनः प्रयोग गर्न सकिनेछ ।

# अध्यक्षको शुभकामना सन्देश



मे ३ (वैशाख २०) विश्व प्रेस स्वतन्त्रता दिवस । सन् १९९३ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले घोषणा गरेपछि युनेस्कोको आह्वानमा प्रत्येक वर्ष मे ३ का दिन संसारभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै आइएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा यस वर्ष 'लोकतन्त्र र शान्तिका लागि मिडियाः इन्टरनेटको युगमा पत्रकारिता र निर्वाचन' भन्ने नारा तय गरिएको छ ।

नेपालमा पनि सोही अवधारणामा केन्द्रित भई विविध कार्यक्रमको आयोजना गरी विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदैछ । यस अवसरमा नेपाल पत्रकार महासंघ र युनेस्कोले यूएनडिपी र निर्वाचन आयोग नेपालसमेतको सहकार्यमा प्रेस स्वतन्त्रता राष्ट्रिय सम्मेलनको आयोजना गरेका छन् । यसैगरी पत्रकार महासंघका प्रदेश समिति र जिल्ला शाखाहरूको आयोजनामा देशभर विविध कार्यक्रम गरी यो दिवस मनाइँदैछ ।

प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र हाम्रो देशभित्रको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हनन्का घटनाको सार्वजनीकीकरण र स्वतन्त्रताको प्रतिरक्षा, प्रेस स्वतन्त्रता सेनानी एवं पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्ने तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्ने यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति जीवन वलिदान गर्नुहुने योद्धाहरूप्रति श्रद्धा व्यक्त गर्दै प्रेस स्वतन्त्रताका पक्षमा अविराम संघर्ष गर्नुहुने सबै महानुभावहरूप्रति उच्च सम्मान व्यक्त

गर्दछु । यस अवसरमा म सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा २०७५ सालमा प्रेस स्वतन्त्रताको अवस्थाबारे उल्लेख गर्दा २०७५ साल संघीयता कार्यान्वयन र कानून निर्माणको वर्षका रुपमा रह्यो । अघिल्लो वर्ष २०७४ सालमा तीन वटै तहका निर्वाचन सम्पन्न भएर बनेका संघ, प्रदेश र स्थानीय तहका सरकारले आफ्नो नीति, कार्यक्रम र बजेटअनुरूप कार्य अघि बढाएका छन् । यसैगरी तीनवटै तहका संसदले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका दर्जनौ कानून बनाएका छन् भने कैयौ कानून संसदमै विचाराधिन अवस्थामा रहेका छन् । यी सबै कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन पत्रकार महासंघले अनवरत आवाज उठाँउदै आएको छ ।

नेपाल पत्रकार महासंघको संगठनात्मक जिवनमा २०७५ साल महत्वपूर्ण वर्षका रूपमा रह्यो । २०७५ वैशाख २२ गते निर्वाचनमार्फत् महासंघमा प्रदेश समितिको संरचना निर्माण गरी महासंघलाई सघीय ढाचामा रूपान्तरण गर्नुका साथै फागुन ९ र १० गते पोखरामा साधारणसभा एवम् विधान अधिवेशन सम्पन्न भएको छ । साधारणसभाले महासंघको विधानमा प्रत्यक्ष निर्वाचन प्रणाली अंगिकार गर्दै महासंघलाई थप समावेशी बनाएको छ ।

नेपालमा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूका कुरा गर्दा मुख्यरुपमा राजनीतिक गतिरोध, आन्दोलन वा द्वन्द्व जारी रहेको अवस्थामा प्रेस र पत्रकारहरूलाई बढी आक्रमण हुने गरेको पाइन्छ । तीन चरणका निर्वाचनहरु सम्पन्न भएर तीन वटै तहमा स्थायी सरकार निर्माण भएको यस अवस्थामा प्रेस स्वतन्त्रता हन्नका घटनामा कमि आउनेछन् भनेर हामीले अपेक्षा राख्नु स्वभाविकै हो । तर, हाम्रो अपेक्षा विपरित यस वर्ष पनि करिव करिव अघिल्लो वर्ष जत्ति नै प्रेस स्वतन्त्रता हनन्का घटनाहरू हुन पुँगे । त्यसैगरी कानून निर्माणका क्रममा पनि प्रेस स्वतन्त्रताका पक्षमा महासंघले सशक्त लविङ् गर्नुपर्ने अवस्था भयो । पत्रकार महासंघले देशैभर केन्द्रीय मिसन पठाएर प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको वातावरण तयार पार्न भूमिका निर्वाह गरेको थियो ।

यस बर्ष प्रेस स्वतन्तत्रा हननका ६० वटा घटना भएका छन् । यी ६० घटनामा ७७ जना पत्रकार र ५ सञ्चार संस्था पीडित भए । गत वर्षको यस अवधिमा ६३ वटा घटना भएका थिए । यसवर्ष अनलाइन सञ्चार माध्यममा समाचार लेखेकै आधारमा पत्रकारलाई साइबर अपराध सम्बन्धी कसुरमा पक्राउ गर्ने क्रम बढ्नुले नेपाली पत्रकारितामा नयाँ चुनौति थपिएको छ ।

संघीयता कार्यान्वयनको यस वर्ष प्रेस स्वतन्त्रतामाथि खतरा आउन सक्ने नीतिगत वातावरण बनेको छ । विभिन्न तहहरूमा कानुन निर्माणको प्रक्रिया अघि बढिरहँदा कतिपय ऐन र प्रस्तावित मस्यौदाहरूमा प्रेस स्वतन्त्रता ग्यारेण्टी गर्ने संविधानका धाराहरू विपरित हुने खालका प्रावधानहरू पनि राखिएको छ । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनलाई लिन सकिन्छ, जसको दफा ११ मा एफएम सञ्चालनसम्बन्धी व्यवस्थाअन्तर्गत स्थानीय तहलाई एफ.एम. रेडियो खारेजीको अधिकारसमेत दिइएको छ । यसका साथै केन्द्र, प्रदेश र स्थानीय सरकारले बनाउनु पर्ने सञ्चारसम्बन्धी ऐनहरू बन्ने क्रममै भएकाले यसलाई प्रेस स्वतन्त्रतामैत्री बनाउन नेपाल पत्रकार महासंघको केन्द्रदेखि जिल्लासम्मका सबै संयन्त्रहरूले कडा निगरानीसहित पहलकदमी बढाउनु पर्नेछ ।

नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रतालाई सुनिश्चित गरिएको भएतापनि विभिन्न ऐन तथा कानून मार्फत प्रेसको स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजिनु प्रेस स्वतन्त्रतामाथिकै चुनौति हो । २०७५ भदौं १ गतेबाट लागू भएको मुलुकी देवानी (संहिता), फौजदारी (संहिता) सम्बन्धी ऐनका विभिन्न दफाले प्रेस स्वतन्त्रतालाई संकुचन पार्दछन् । यसमा महासंघ सहित सरोकारवाला पक्षको राय सुझावका आधारमा सच्चाउने राज्यको प्रतिवद्धता अझै पूरा हुन सकेको छैन । संघीय सरकारले संसदमा पेश गरेका, मस्यौदा गरेका एवम् प्रदेश सरकारले बनाएका सञ्चार सम्बन्धी विद्येयकहरूमा रहेका प्रेस स्वतन्त्रता विरोधी प्रावधान सच्चाउन महासंघले निरन्तर आवाज उठाँउदै आएको छ र केन्द्र र सातवटै प्रदेशका सरकारलाई नमूना कानूनको मस्यौदा बनाएर हस्तान्तरण गरिसकेको छ ।

नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको निरन्तर अनुगमन गर्दै आइरहेको छ । २०५६ सालदेखि महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरण गर्दै आएको छ । हाल महासंघमा यसका लागि छुट्टै सञ्चार अनुगमन इकाइको व्यवस्था गरिएको छ । गत वर्षदेखि उक्त इकाइले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनालाई त्यहाँ रेकर्ड गर्ने गरेको छ, जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको सञ्चार अनुगमन इकाइमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्थालाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का दिन प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको वैशाख

एक गतेदेखिका घटनाहरूलाई लिने गरिएको छ ।

नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईमा अभिलेख भएका २०७५ सालभरिका प्रेस स्वतन्त्रता हननका ६० घटनामा ७७ जना पत्रकार र ५ सञ्चार संस्था पीडित भएका छन् । यी घटना मध्ये एक पत्रकारको हत्या र एक वेपत्ता छन् । मकवानपुरका सञ्चारकर्मी मनोहर ढकालको कार्यालयबाट घर फर्कदै गर्दा लागुऔषत दुर्व्यवसनीबाट हत्या भएको छ । त्यस्तै बाजुराका पत्रकार तेजन खड्का बाजुरास्थित बुढिनन्दा तिर्थस्थलबाट फर्कर्नेक्रममा वेपत्ता भएका छन् । यसबीच पत्रकार पक्राउका १२ वटा घटना र पत्रकारमाथि दुर्व्यवहारका १२ वटा घटना अभिलेख भएका छन् । त्यसैगरी पत्रकारमाथि धम्की १३ वटा, आक्रमण १५ वटा घटना रहेका छन् । समाचार संकलनमा अवरोधका २ वटा घटना भएका छन् भने समाचार प्रशारण अवरोधका ३ वटा भएका छन् । सञ्चार गृहमा लुटपाटको एउटा घटना अभिलेख भएको छ ।

गत वर्ष जस्तै यस वर्ष पनि राज्यबाट भएका प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा पत्रकारहरूलाई गिरफ्तार गर्ने घटनाहरू बढी देखिए । गत वर्ष निर्वाचनका बेला पत्रकारहरूलाई राजनीतिक आस्थाका आधारमा गिरफ्तार गरेका घटनाहरू बढी भएका थिए भने यस वर्ष समाचार लेखेको वा समाचार सम्प्रेसण गरेकै आधारमा गिरफ्तार गर्ने घटनाहरू भए । विद्युतिय कारोबार ऐन अन्तर्गत पत्रकारहरूलाई गिरफ्तार गर्ने घटनाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचनमा पार्ने काम धेरै भए ।

पत्रकारलाई गिरफ्तार गर्ने मात्र होइन अदालतको आदेशमा रिहा भएका पत्रकारलाई अदालत परिसरबाट बाहिर निस्कदै गर्दा पुनः गिरफ्तार गर्ने जस्ता प्रेस स्वतन्त्रता विरोधी शैली अभ्यास गरियो । यसैगरी आफ्नै कार्यकक्षमा काम गरिरहेका पत्रकार हरूलाई कार्यकक्षबाटै गिरफ्तार गर्ने क्रमले पनि थप चिन्ता जन्माएको छ । यस वर्ष पत्रकारहरूलाई सरकारी वा सार्वजनिक कार्यक्रमको रिपोर्टिङ गर्नबाट वञ्चित गर्ने घटनाहरू पनि भए, जसले स्वतन्त्र प्रेसको आधारभूत अवधारणामाथि नै आक्रमण भएको महासंघको निष्कर्ष छ । यसवर्षका घटनाहरूको अध्ययन गर्दा प्रेस स्वतनत्रता विरोधी कार्यमा संलग्नहरूमाथि कारवाही र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण निर्माणमा पत्रकार महासंघले जोड दिनु पर्ने देखिन्छ ।

नेपालको संविधानको मूल मर्म र भावना एवम् संघीय लोकतान्त्रिक गणतन्त्रको उद्देश्यअनुरूप नेपाली सञ्चार क्षेत्रको पुनर्संरचना अहिलेको प्रमुख आवश्यकता हो । राष्ट्रिय आमसञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नुका साथै सोही नीति अनुरूप सूचना तथा सञ्चारसम्बन्धी कानुनी र संरचनागत व्यवस्थाका लागि नेपाल पत्रकार महासंघले

आग्रह गर्दै आइरहेको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको यस अवसरमा म सरोकारवाला पक्षको सहभागिता र सहमतिमा सञ्चारसम्बन्धी कानून र संरचना निर्माण गर्न आग्रह गर्दछु । नेपाल पत्रकार महासंघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, पत्रकारको दक्षता अभिबृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आमसञ्चार प्राधिकरण, विज्ञापन परिषद् जस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनर्संरचना, सञ्चार माध्यमलाई सञ्चार सेवा उद्योगको मान्यता, विदेशी टेलिभिजन च्यानलमा क्लीनफिड नीति लागू गर्ने व्यवस्था, समानुपातिक विज्ञापन नीतिको कार्यान्वयन, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, जेष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका मागहरु पूरा गर्न सरकारसहित सम्बन्धित निकायहरूमा म पुनः ध्यानाकर्षण गराउदछु ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, यो समग्र समाज र लोकतान्त्रिक प्रणालीको अभिन्न विषय हो । लोकतन्त्रको सुदृढीकरणका लागि प्रेस स्वतन्त्रताको निर्वाध उपयोग अनिवार्य शर्त हो । नेपालमा संवैधानिक दृष्टिले पहिलेभन्दा तुलनात्मकरुपमा अहिले प्रेस स्वतन्त्रताको संरक्षण गरिए पनि व्यवहारमा त्यस अनुरुप वातावरण बन्न सकेको छैन । सञ्चार क्षेत्रको संरक्षण, सम्वर्धन एवं विकासका निम्ति यसको पुनर्संरचना, नीतिगत र कानुनी सुधारका काम हुनै पर्दछ । साथै सञ्चार क्षेत्रले पनि आफूलाई मर्यादित, जिम्मेवार र जवाफदेही बनाउन स्वनियमन प्रणालीको विकास गरी थप व्यवस्थित बनाउनु पर्दछ ।

राष्ट्रियता, लोकतन्त्र, नागरिक अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारको अधिकार र सञ्चार माध्यमको हितका पक्षमा दृढतापूर्वक उभिई पत्रकारिताको विकासका साथै नेपाल र नेपाली जनताको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस्, विश्व प्रेस स्वतन्त्रता दिवस २०१९ को अवसरमा पुनः सबैमा हार्दिक बधाई तथा शुभकामना ।

**गोविन्द आचार्य**
अध्यक्ष
नेपाल पत्रकार महासंघ
मितिः २०७६/१/१९

(विश्व प्रेस स्वतन्त्रता दिवस मे ३ सन् २०१९ को अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले दिनुभएको शुभकामना सन्देश)

# विषय सूचि


वि.सं. २०७५ मा प्रेस स्वतन्त्रताको अवस्था १

स्वतन्त्रताको पक्षमा अविरल यात्रा २८
**- विपुल पोखरेल**

खोलो तऱ्यो, लौरो बिर्स्यो ३२
**-रमेश विष्ट**

आखिर खोई त प्रेस स्वतन्त्रता ? ३६
**- प्रकाश थापा**

आयोगको अधिकार संकुचन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको चिन्ता ३९
**- यम विरही**

सुरक्षाविहीन महिला पत्रकार ४३
**- मधु शाही**

पूर्वसभापति/अध्यक्षहरूको स्मरण र सुझाव ४७

झण्डा बोकेका बलबहादुरको फोटो मनपऱ्यो ६२
**- चन्द्रशेखर कार्की**

यसरी बन्यो 'शव छिचोल्दै तातोपानी पुग्दा' शीर्षकको समाचार ६७
**- ऋषिराम पौडेल**

पाँचजना चेलीको सगरमाथा यात्रा ७२
**- रोजिता बुद्धाचार्य**

हिमालका भगवान रहेछन् शेर्पाहरू ७६
**- रोशा बस्नेत**

द्वन्द्वमा पत्रकारिता गर्दाका केही "कथा" ७८
**- रेवती सापकोटा**

दुई जिउकी नर्स बिदा बसेपछि बल्ल समाचार ८४
**- होम कार्की**

"बचन वाण"ले पुरायो फिल्ड रिपोर्टिङमा ८९
**- दीपा दाहाल**

# वि.सं. २०७५ मा प्रेस स्वतन्त्रताको अवस्था

वि.सं. २०७४ मा स्थानीय, प्रादेशिक र संघीय निर्वाचन सम्पन्न भई तीनै तहका संसद र सरकारहरू गठन भएर संघीयताले पूर्णता पायो । संघीयताको पूर्ण कार्यान्वयनसँगै यसअघि केन्द्रको मातहत रहेका अधिकांश अधिकार र जिम्मेवारी पनि तीनै तहका सरकारहरूमा बाँडिए । संघीयताले ल्याएको मुख्य परिवर्तन प्रदेश तथा स्थानीय सरकार हरूलाई कानुन निर्माणको अधिकार प्रत्यायोजन गरिनु हो । यसले कानुन निर्माणको प्रक्रियालाई आम मानिसको नजिक पुर्‍याउने काम गर्‍यो जसलाई संघीयताको प्रमुख उपलब्धि मान्न सकिन्छ । तर यो वर्ष सञ्चारजगत लगायत सबैको आम चासोको विषय बन्यो "के यस्तो कानुन निर्माणमा सबै सरोकारवाला पक्षको सार्थक सहभागिता रहन सक्यो त ?"

गत वर्ष नेपाल पत्रकार महासंघले पनि आफ्नो संगठनलाई पनि संघीय संरचनामा ढाल्नका लागि लामो काम गर्‍यो । फलस्वरूप यस वर्षको शुरूवातमा महासंघका प्रदेश समितिहरूको निर्वाचन सफलतापूर्वक सम्पन्न भए । ७ प्रदेशका ७ समिति, काठमाडौं उपत्यकालाई अलग प्रदेश मानेर उपत्यका समिति र प्रतिष्ठान तथा एसोसियट गरी दुई गैरभौगोलिक प्रदेश समितिहरूको निर्वाचनपश्चात महासंघले यी प्रदेशहरूको जिम्मेवारी लिनसक्ने समिति पायो । पछिल्लो समय विभिन्न प्रदेशहरूले निर्माण गरिरहेका कानुन तथा नीतिहरूमाथि महासंघका प्रदेश समितिहरूले गहिरोसँग निगरानी गरिरहेका छन् ।

संघ तथा प्रदेशहरूमा बलिया सरकारहरू रहिरहेको अवस्थामा यस्ता कानुन निर्माण प्रक्रियामा कतिपय अवस्थामा यस्ता कानुनहरू पनि बन्न पुगे जसले लोकतान्त्रिक समाजमा हुनुपर्ने आधारभूत स्वतन्त्रतालाई समेत उपेक्षा गरेको देखियो । सञ्चारसम्बन्धी कानुनहरू र सञ्चारमाध्यममा आकर्षित हुनसक्ने अन्य कानुनहरूमा पनि नेपालको संविधान २०७२ ले परिकल्पना गरेको "पूर्ण प्रेस स्वतन्त्रता"को मूलभूत भावनाकोप्रतिकूल हुने व्यवस्थाहरू रहनु यस वर्ष प्रेस स्वतन्त्रताका लागि मुख्य चुनौतीका रूपमा रह्यो । अघिल्लै वर्ष पारित भएको र यस वर्ष भदौदेखि लागु भएको मुलुकी फौजदारी संहिताका धेरै प्रावधानहरू प्रेस स्वतन्त्रतालाई संकुचित पार्ने खालका देखिए । त्यसैगरी संघ र प्रदेशहरूमा निर्माण भएका अन्य कानुनहरूमा पनि स्वतन्त्र प्रेस र अभिव्यक्ति स्वतन्त्रताका आधारभूत तत्वहरू समेत नरहेको देखिए ।

संख्यात्मकरूपमा गत बर्षको तुलनामा प्रेस स्वतन्त्रता हनन्का घटनामा केही संख्याले मात्रै कमी देखिएको भएतापनि विगतका बर्षहरूमा देशको सम्पूर्ण अवस्थासँग तुलना

गर्दा यस बर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना हुनु आफैमा दुःखद हो । सूचना प्रविधिको विकाससँगै आएको अनलाइन सञ्चार माध्यममा समाचार लेखेकै आधारमा पत्रकारलाई साइबर अपराधसम्बन्धी कसुरमा पक्राउ गरी कारबाही गर्नुले नेपाली पत्रकारितामा नयाँ चुनौती थपिएको छ ।

समाचार प्रकाशन भएको विषयमा समाचारको सत्यतथ्यलाई अनुगमन तथा सञ्चारमाध्यमलाई नियमन गर्ने संस्था प्रेस काउन्सिल नेपाललाई अवमूल्यन गरी पत्रकारमाथि विद्युतीय कारोबार ऐनमा कारवाही गर्नु आफैमा पत्रकारिता पेशालाई दुरूत्साहन गर्नु हो । साथै, समाचार प्रकाशन भएको विषयमा पत्रकारलाई साइबर अपराधको कसुर लगाउनु भनेको ऐनको दुरूपयोग भएको महासंघको बुझाई रहेको छ ।

नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रतालाई सुनिश्चित गरिएको भएतापनि विभिन्न ऐन तथा कानुनमार्फत प्रेसको स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजिएको स्पष्टै छ । २०७४ साल भदौं १ गतेबाट लागुभएको देवानी (संहिता) फौजदारी (संहिता) सम्बन्धी ऐनका विभिन्न दफाले पत्रकारितालाई संकुचन पार्ने प्रावधानहरू राखिएको छ । नेपाल पत्रकार महासंघले प्रेसलाई संकुचन पार्ने ती प्रावधानहरूलाई संशोधनका लागि सुझाव दिएको भएतापनि हालसम्म संशोधन गरिएको छैन । प्रदेश सरकारले बनाएको सञ्चारसम्बन्धी विधेयकको मस्यौदामा समेत प्रेसको भूमिकालाई नियन्त्रण गर्न खोजिएको हुँदा महासंघले सातैवटा प्रदेश प्रमुखलाई भेटी प्रेसमैत्री कानुन बनाउन आग्रह गरेको छ ।

सम्पूर्ण हिसाबले हेर्दा देशको शासन व्यवस्था पूर्णरूपमा संघीय संरचनामा अगाडि बढिरहेको अवस्थामा प्रेसमाथिको कानूनी नियन्त्रणको प्रयासले यस सम्बद्ध सम्पूर्णमा निराशा छाएको छ ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी बहस तथा छलफल कार्यक्रममा सहभागीहरूले समेत प्रेसमाथि सरकारले नियन्त्रण गर्न खोजेको भन्दै चिन्ता व्यक्त गरेका छन् । लोकतन्त्रमा प्रेस तथा न्यायालयमाथि नियन्त्रण बढ्न थाल्छ भने त्यो लोकतन्त्रमाथि प्रश्न उठ्न थाल्छ । जनताको सूचनाको हकसम्बन्धी व्यवस्थालाई समेत पूर्णता दिन प्रेस स्वतन्त्रतालाई  नियन्त्रण हैन व्यवस्थित गर्न आवश्यक छ ।

## प्रेस स्वतन्त्रता हनन्का घटनाको अभिलेखीकरणको व्यवस्था

२०५६ सालदेखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको निरन्तर अनुगमन तथा अभिलेखीकरण गर्दै आइरहेको छ । यसका

लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृति अनुसारको एक्सन लिने गरेको छ । गत वर्ष महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरूलाई त्यहाँ रेकर्ड गर्ने गरेको छ जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ । उक्त डाटाबेसमा महासंघमा जनाकारी हुन आएका सम्पूर्ण घटनाहरूलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनी समीक्षा गरी छुट्टाछुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हनन्को अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा २०७३ मा संशोधन गरी सोहीअनुसार अभिलेखीकरण गर्ने व्यवस्था गरेको छ ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का दिन सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको मे ४ तारिखदेखि यस वर्षको मे ३ तारिखसम्मका घटनाहरूलाई लिने गरिएको थियो । तर यस वर्षदेखि महासंघले नेपाली क्यालेण्डर अनुसार प्रतिवेदन तयार गर्न शुरू गरेको छ । जसअन्तर्गत पछिल्लो वर्ष बैशाख १ गतेदेखि चैत मसान्तसम्मका घटनाहरूलाई अभिलेख गरिने छ । यस वर्ष २०७५ को विश्लेषण गर्दा २०७५ बैशाख १ देखि २०७५ चैत ३० गतेसम्मका घटनाहरू समावेश गरिएका छन् ।

यसो गर्दा यस वर्ष अघिल्लो वर्षको प्रतिवेदनमा समावेश भएका २०७५ बैशाखका केही घटना दोहोरिएका हुन सक्छन् तर त्यस्तो संख्या न्यून नै रहेको छ । यस वर्ष २०७६ बैशाखका घटनाहरूलाई समावेश नगरिएकाले पछिल्लो वर्षको तुलनामा विश्लेषण गर्दा केही सामान्य फरकहरू आउन सक्नेछन् ।

## २०७५ सालमा भएका घटनाहरूको विश्लेषण

वर्ष २०७५ मा नेपाल पत्रकार महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा प्रेस स्वतन्त्रता उल्लंघन सम्बन्धी ६० वटा घटना अभिलेख भएका छन् । यी ६० घटनामा ७७ जना पत्रकार र ५ सञ्चार संस्था पीडित भएका थिए । गत बर्ष मे ४, २०१७ देखि मे ३, २०१८ सम्मको एक बर्षको अवधिमा ६३ वटा प्रेस स्वतन्त्रता हननका घटना महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा अभिलेख भएका थिए ।

यस वर्ष मकवानपुरका सञ्चारकर्मी मनोहर ढकालको कार्यालयबाट घर फर्कदै गर्दा लागुऔषध दुर्व्यवसनीबाट हत्या भएको छ । त्यस्तै बाजुराका पत्रकार तेजन खड्का बाजुराथिस्त बुढिनन्दा तिर्थस्थलबाट फर्कने क्रममा वेपत्ता भएका छन् । पत्रकार पत्राउका १२ वटा घटनाहरू अभिलेख भएका छन् भने पत्रकारमाथि भएको दुर्व्यवहार र धम्की २५ घटना अभिलेख भएका छन् । १५ वटा घटना पत्रकारमाथि भएको आक्रमणका रहेको रहेका छन् । समाचार संकलनामा अवरोध, समाचार प्रशारण वा वितरणमा अवरोध लगायत कब्जा र अवरोधका ६ वटा घटना भएका अभिलेख गरिएका छन् ।

महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइले प्रदेशहरूका आधारमा रेकर्ड गरेका घटनाहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


| घटना प्रकृति | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | गण्डकी प्रदेश | प्रदेश नं ५ | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| मृत्यु/हत्या | | | १ | | | | | १ |
| गिरफ्तारी | | | ७ | २ | १ | १ | १ | १२ |
| बेपत्ता | | | | | | | १ | १ |
| कब्जा/अवरोध | | | ४ | | १ | | १ | ६ |
| आक्रमण | ४ | २ | ४ | | २ | १ | २ | १५ |
| लैङ्गिक हिंसा | | | | | | | | ० |
| दुर्व्यवहार/धम्की | ४ | ३ | ७ | | ६ | २ | ३ | २५ |
| विस्थापन | | | | | | | | ० |
| पेशागत असुरक्षा | | | | | | | | ० |
| नीतिगत बन्देज | | | | | | | | ० |
| जम्मा | ८ | ५ | २३ | २ | १० | ४ | ८ | ६० |

गत वर्ष जस्तै यस वर्ष पनि राज्यबाट भएका प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा पत्रकारहरूलाई गिरफ्तार गर्ने घटनाहरू बढी देखिए । गत वर्ष निर्वाचनका बेला पत्रकारहरूलाई राजनीतिक आस्थाका आधारमा गिरफ्तार गरेका घटनाहरू बढी भएका थिए भने यस वर्ष वर्षैभरि पत्रकारहरूलाई लेखेको वा समाचार सम्प्रेषण गरेकै आधारमा गिरफ्तार गर्ने घटनाहरू भए । मुख्य रूपमा आफैले लेखेको वा अन्य कसैले लेखेको विषयवस्तुलाई अनलाइनमार्फत शेयर गरेका कारण विद्युतीय कारोबार ऐनअन्तर्गत पत्रकार हरूलाई गिरफ्तार गर्ने घटनाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचनमा पार्ने काम धेरै भए । वर्षभरि यस्ता पाँचवटा घटनामा पत्रकारहरूलाई गिरफ्तार गरिएको थियो ।


पत्रकारलाई गिरफ्तार गर्ने मात्र होइन अदालतको आदेशमा रिहा भएका पत्रकारलाई अदालत परिसरबाट बाहिर निस्कँदै गर्दा फेरि गिरफ्तार गर्ने प्रेस स्वतन्त्रता विरोधी शैली पनि यस वर्ष देखियो । त्यसैगरी आफ्नै कार्यकक्षमा काम गरिरहेका पत्रकारहरूलाई कार्यकक्षबाटै गिरफ्तार गर्ने क्रम पनि यस वर्ष देखियो । यस वर्ष पत्रकारहरूलाई सरकारी वा सार्वजनिक कार्यक्रमको रिपोर्टिङ गर्नबाट वञ्चित गर्ने घटनाहरू पनि भए जसले स्वतन्त्र प्रेसको आधारभूत अवधारणामाथि नै आक्रमण भएको महासंघको निष्कर्ष छ ।

सरकारी तथा अन्य पक्षबाट पत्रकारहरूलाई समाचार सम्प्रेषण गरेकै कारण आउने धम्की र हुने दुर्व्यवहारका घटना यस वर्ष सबैभन्दा बढी देखिए ।

यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका सबैभन्दा धेरै घटनाहरू प्रदेश नं ३ मा भए भने सबैभन्दा कम गण्डकी प्रदेशमा । महासंघ प्रेस स्वतन्त्रता अनुगमन इकाइको रेकर्डका अनुसार प्रदेश नं ३ मा २३ वटा यस्ता घटना भएका थिए भने गण्डकी प्रदेशमा २ वटा घटना भएका थिए । त्यसैगरी प्रदेश नं १ मा ८, प्रदेश नं २ मा ५, प्रदेश नं ५ मा १०, कर्णाली प्रदेशमा ४ र सुदूरपश्चिम प्रदेशमा ८ वटा घटना भए ।




यस वर्ष सातै प्रदेशमा घटेका प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको प्रकृतिका आधारमा विश्लेषण तलको चित्रमा प्रस्तुत गरिएको छ ।




यी ६० वटा घटनामा ८२ पत्रकार तथा सञ्चार संस्थाहरू पीडित भएका थिए । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| घटना प्रकृति | प्रदेश १ | | | प्रदेश २ | | | प्रदेश ३ | | | गण्डकी प्रदेश | | | प्रदेश ५ | | | कर्णाली प्रदेश | | | सुदुरपश्चिम प्रदेश | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | |
| मृत्यु/हत्या | | | | | | | १ | | | | | | | | | | | | | | | १ |
| गिरफ्तारी | | | | | | | १० | २ | | २ | | | १ | | | १ | | | १ | | | १७ |
| बेपत्ता | | | | | | | | | | | | | | | | | | | १ | | | १ |
| कब्जा/अवरोध | | | | | | | १ | | ३ | | | | | | १ | | | | | | १ | ६ |
| आक्रमण | ३ | १ | | २ | | | ८ | | | | | | ३ | | | २ | | | २ | | | २१ |
| लैङ्गिक हिंसा | | | | | | | | | | | | | | | | | | | | | | ० |
| दुर्व्यवहार/धम्की | ४ | | | ५ | | | १२ | १ | | | | | ८ | | | २ | | | ४ | | | ३६ |
| विस्थापन | | | | | | | | | | | | | | | | | | | | | | ० |
| पेशागत असुरक्षा | | | | | | | | | | | | | | | | | | | | | | ० |
| नीतिगत बन्देज | | | | | | | | | | | | | | | | | | | | | | ० |
| | ७ | १ | ० | ७ | ० | ० | ३२ | ३ | ३ | २ | ० | ० | १२ | ० | १ | ५ | ० | ० | ८ | ० | १ | ८२ |


महिला = ४, पुरूष = ७३ संस्था = ५

*स्रोत : नेपाल पत्रकार महासंघ , प्रेस स्वतन्त्रता अनुगमन इकाइ । २०७६ बैशाख*




यस अवधिमा ७३ पुरूष पत्रकार, ४ महिला पत्रकार र ५ वटा सञ्चार संस्था प्रेस स्वतन्त्रता उल्लंघनका घटनाबाट प्रताडित भए । यसरी हेर्दा विभिन्न कारणहरूले पुरूष पत्रकारहरू नै यस्ता घटनाहरूमा बढी परेको पाइएको छ भने अर्कोतिर पत्रकार महिलाहरू पीडित भएका घटनाहरूका बारेमा यथेष्ट जानकारी नआएको वा बताउन नचाहेको पनि हुनसक्छ ।

घटनाको प्रकृतिका आधारमा हेर्दा यस वर्ष सबैभन्दा बढी पत्रकारहरूमाथि दुर्व्यवहार वा धम्कीका घटनाहरू रेकर्ड भएका छन् । त्यसैगरी पत्रकार वा सञ्चार संस्थामाथि आक्रमणका घटना तथा पत्रकार गिरफ्तारीका घटनाहरू पनि यस वर्ष धेरै देखिए । घटना प्रकृतिका आधारमा विश्लेषण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।



सारांशमा हेर्दा गत वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनाहरू केही कम भए पनि अझै पनि प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्थालाई सन्तोषजनक मान्न सकिने अवस्था छैन । विभिन्न बहानामा पत्रकारहरू गिरफ्तार गरिने घटनाले सरकार प्रेस स्वतन्त्रताप्रति अनुदार हुँदै गएको आभास दिलाएको छ । संविधानप्रदत्त अधिकारको प्रयोग गर्दा विभिन्न बहानामा रोक लगाउनु, गिरफ्तार गरिनु जस्ता घटनाहरूप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । त्यसैगरी प्रेस स्वतन्त्रतालाई अंकुश लगाउन सक्ने खालका प्रावधानहरू संघ, प्रदेश र स्थानीय तहले निर्माण गरेका कानुनहरूमा देखिएका छन् । त्यस्ता कानुनहरूलाई तत्काल नसच्याए आउँदा दिनमा पत्रकारिता क्षेत्रले थप समस्या भोग्नुपर्ने र पत्रकारहरूले ती कानुनका डरले समाचारलाई स्वनियन्त्रण गर्नुपर्ने अवस्था आउने निश्चित छ ।

यस वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको संख्या यति ठूलो हुनु सामान्य कुरा होइन । मुख्यरूपमा आन्दोलन वा निर्वाचनका वर्षहरूमा यस्ता घटनाहरू बढी देखिने गरेका थिए । तर यस वर्ष त्यस्तो कुनै ठूलो आन्दोलन नभएको र निर्वाचन समेत नभएको सामान्य अवस्थामा प्रेस स्वतन्त्रता उल्लंघनका ६० वटा घटना हुनुलाई गम्भीररूपमा लिनु पर्छ । आउँदा वर्षहरूमा यस्ता घटनाहरू न्यून हुन् र प्रेस स्वतन्त्रताको निर्बाध प्रयोगका लागि सकारात्मक वातावरण बनोस् भन्नका लागि सबै सरोकारवाला पक्षहरूको ध्यान जानु आवश्यक छ ।

## २०७५ मा भएका प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको विवरण

नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालयको प्रेस स्वतन्त्रता अनुगमा इकाइले वि.सं २०७५ मा अभिलेख गरेका प्रेस स्वतन्त्रता हनन्का घटनाहरू ।

| | | |
|---|---|---|
| १ | दिनेश घिमिरे (काभ्रे) | २०७५ बैशाख २५ गते तपाई हाम्रो साप्ताहिकका कार्यकारी सम्पादक दिनेश घिमिरेले "धुवाँको मुस्लोमा कमिशनको चक्कर" विषयमा समाचार प्रकाशन गरेको भन्दै आफूलाई वाइसिएलको कार्यकर्ता बताउने पाँचखालस्थित होक्से घर भएका सागर लामाले बैशाख २५ गते सामाजिक सञ्जालमार्फत समाचार लेख्ने पत्रकारलाइ काट्ने भन्दै धम्की दिएका थिए । उक्त घटनालाई नेपाल पत्रकार महासंघ काभ्रेको पहलमा दुबै पक्षलाई बोलाई मेलमिलाप गरिएको थियो । |
| २ | सबै निजी सञ्चारमाध्यम (काठमाडौं) | २०७५ बैशाख २८ र २९ गते नेपालको दुईदिने राजकीय भ्रमणमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई २९ गते काठमाडौं महानगरपालिकाले गर्ने नागरिक अभिनन्दन तथा मुक्तिनाथ भ्रमणका क्रममा नेपाली फोटो पत्रकारलाई समाचार संकलनमा रोक लगाइएको थियो । राष्ट्रिय सभागृहमा महानगरले गर्ने नागरिक अभिनन्दनको समाचार संकलन गर्नका लागि पाससहित गएका नेपाली सञ्चारमाध्यमलाई कार्यक्रमस्थलबाट बाहिर निकालिएको थियो । उक्त कार्यक्रममा भारतीय मिडियाकर्मीलाई भने प्रवेश दिइएको थियो । नेपाली निजी सञ्चारसंस्थामा कार्यरत पत्रकारहरूलाई गेटबाटै सुरक्षाकर्मीले रोकेपछि उनीहरूले सडकमा प्रदर्शन गरेका थिए । |

| | | |
|---|---|---|
| ३ | युवराज न्यौपाने (कैलाली) | २०७५ बैशाख ३० गते कैलालीको लम्कीस्थित सामुदायिक रेडियो पश्चिम १०४.७ मेगाहर्जको स्टुडियोमो दिउँसो साढे ३ बजेतिर कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा इलाका प्रहरी कार्यालय लम्कीका प्रहरी नायव निरीक्षक कटकबहादुर रावतको नेतृत्वमा हातहतियारसहित गएको प्रहरीको टोली रेडियोको भवनभित्र प्रवेश गरी स्टुडियोमा अन्तरवार्ता दिइरहेका अतिथिलाई पक्राउ गर्नुका साथै पत्रकारहरूमाथि धम्की दिएका थिए । |
| ४ | दानबहादुर बुढा (मुगु) | २०७५ बैशाख ३१ गते मुगु जिल्लास्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख रविमोहन कोइरालाले न्यूज २४ का पत्रकार दानबहादुर बुढालाई धम्की दिएका छन् । खानेपानीसम्बन्धी जिल्लाको गलत समाचार सम्प्रेषण गरेको भन्दै डिभिजन प्रमुख कोइरालाले पत्रकार बुढालाई स्थानीय त्रिशक्ति स्टेशनरी पसलमा बसिरहेको अवस्थामा गालीबेइज्जती गर्दै अपशब्दमार्फत ज्यान मार्ने धम्की दिएका थिए । |
| ५ | अवधेशकुमार झा (सप्तरी) | २०७५ बैशाख ३१ गते नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवं कान्तिपुर दैनिकका उपसम्पादक अवधेशकुमार झालाई कान्तिपुर दैनिकमा बैशाख ३१ गते 'अदालतका कर्मचारी शंकाको घेरामा' शीर्षकमा प्रकाशित समाचार फेसबुकमार्फत शेयर गरेपछि जिल्ला प्रशासन कार्यालय सप्तरीका तत्कालीन प्रशासकीय अधिकृत रोहित भट्टराईले अश्लील शब्द प्रयोग गरी पत्रकार झालाई फेसबुकमार्फत गालीगलौज गर्दै दुर्व्यवहार गरेका थिए । |

| | | |
|---|---|---|
| ६ | पूर्णप्रसाद मिश्र (काठमाडौं) | २०७५ जेठ ३ गते काठमाडौको गोठाटारस्थित बागमती पुलनजिकै भइरहेको बागमती सौन्दर्यीकरणको फोटो खिच्ने क्रममा राससका उप समाचारदाता पूर्णप्रसाद मिश्रलाइ निर्माण कार्यको फोटो खिच्ने अनुमति कसले दियो भन्दै त्यहाँ रहेका कामदार तथा ठेकेदारका व्यक्तिहरूले दुर्व्यवहार गरेका थिए । |
| ७ | दामोदरप्रसाद दवाडी (झापा) | २०७५ जेठ ७ गते लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय समाजका अध्यक्ष एवं नयाँ विकल्प राष्ट्रिय साप्ताहिकका प्रधानसम्पादक दामोदरप्रसाद दवाडीलाई नयाँ विकल्प साप्ताहिकमा 'अर्थमन्त्रीको गृहनगरमै अनियमितता छचल्कियो' शीर्षकमा प्रकाशित समाचारको विषयलाई लिएर झापा गौरादह नगरपालिका वडा नं १ का वडाध्यक्ष नगेन्द्र भण्डारी र स्थानीय सडक उपभोक्ता समितिका अध्यक्ष देवेन्द्र खड्काले ज्यान मार्ने धम्की दिएका थिए । पूर्वसभासद् दीपक कार्की र वडाध्यक्ष भण्डारीले समाचारको स्रोत खोल्न दबाब दिँदै समाचारको स्रोत र संवाददाताको पहिचान नखोले राम्रो नहुने भन्दै पटक-पटक धम्क्याएका थिए । |
| ८ | मिमसिंह नेपाली (हुम्ला) | २०७५ जेठ ८ मा नेपाल पत्रकार महासंघ हुम्ला शाखा उपाध्यक्ष तथा रेडियो कर्णाली आवाज हुम्लाका समाचार संयोजक मिमसिंह नेपालीलाई ९८४८३०९०४६ नम्बरबाट फोन गरी मार्ने धम्की दिइएको थियो । हुम्ला जिल्ला साविकको मैला र कालिका गाविसमा कार्यरत रहँदा सचिव गोपालचन्द्र लामालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पत्राउ गरेको विषयमा किन समाचार छापिस् भन्दै लामाका आफन्तले पटक-पटक धम्की दिएका थिए । |

| | | |
|---|---|---|
| ९ | राजु सुवेदी, शर्मिला सुवेदी, विमल खड्का, राजकुमार विष्ट, विनोद देवकाटा<br><br>(काठमाडौं) | २०७५ जेठ १७ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल परिसरमा दिउँसो ३:०० बजेतिर समाचार संकलन गरिरहेका अनलाइन टिभी अन्नपूर्णका पत्रकारहरु राजु सुवेदी, शर्मिला सुवेदी, विमल खड्का, राजकुमार विष्ट र विनोद देवकाटालाई प्रहरीले ६ घण्टा नियन्त्रणमा लिएर मानसिक तनाव दिनुका साथै उनीहरूले क्यामेरामा खिचिएको दृश्यसमेत मेट्न लगाएका थिए । ठूलो परिमाणमा सुन तस्करी हुँदैछ भन्ने सूचना पाएर उनीहरू त्यहाँ पुगेका थिए । |
| १० | दिनेशप्रसाद गिरी<br><br>(मोरङ) | २०७५ जेठ १९ गते निरन्तर खबर डटकमका सम्पादक दिनेशप्रसाद गिरीमाथि मोरङस्थित बेलबारी १ आफ्नै निवासमा बसिरहेको अवस्थामा साँझपख आएको एक समूहले आक्रमण गर्दा सम्पादक गिरीको टाउकोमा चोट लागेको थियो । सम्पादक गिरीका अनुसार स्थानीय विशाल थापा, चित्र खड्का, जगेन गुरूङ लगायतको समूहले उहाँमाथि आक्रमण गरेका थिए । |
| ११ | अजयबाबु शिवाकोटी, माधब प्रसाद चौलागाई<br><br>(काठमाडौं) | २०७५ जेठ २३ गते हाम्राकुरा डटकममा प्रकाशित समाचारको विषयलाई लिएर अनलाइनको तीनकुनेस्थित कार्यालयमा रहेका प्रधान सम्पादक अजयबाबु शिवाकोटी तथा सञ्चालक माधवप्रसाद चौलागाई अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनकी अध्यक्ष तथा सांसद नवीना लामाको निर्देशनमा अखिलका केन्द्रीय सदस्य भूपेन्द्र शाहीको नेतृत्वमा गएको समूहले अनलाइनमा प्रकाशित समाचार हटाउन दबाब दिँदै धम्क्याएका थिए । |

| | | |
|---|---|---|
| **१२** | राजु थापा<br>(काठमाडौं) | २०७५ जेठ ३० गते नेपाल टेलिभिजनमा विगत १२ वर्षदेखि प्रसारण हुँदैआएको 'सिधा प्रश्न' नामक अन्तर्वार्तामूलक कार्यक्रमका प्रस्तोता राजु थापाले प्रश्न सोधेकै आधारमा कार्यक्रम बन्द गराइएको थियो । हरेक शनिबार राति ८:४५ मा प्रसारण हुने उक्त कार्यक्रमअन्तर्गत जेठ २६ गते सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटासँग लिइएको अन्तर्वार्ताका क्रममा प्रस्तोता थापाले मन्त्रीसँग सम्पत्ति विवरणका सम्बन्धमा प्रश्न सोधेपछि मन्त्रीकै प्रत्यक्ष निर्देशनमा उक्त कार्यक्रम बन्द गराइएको बताइएको छ । |
| **१३** | सुदीप विश्वकर्मा<br>(काठमाडौं) | २०७५ असार २ गते दियोपोष्ट डटकममा प्रकाशित सामाचारको विषयलाई लिएर पर्यटन व्यवसायी राम सापकोटाले दियोपोष्ट डटकमका प्रधान सम्पादक सुदीप विश्वकर्मालाइ अपशब्द बोल्दै जातीय गाली गरेका थिए । |
| **१४** | राजेन्द्रकुमार क्षेत्री,उमेशकुमार यादव, विनयकुमारलाल दास<br>(रौतहट) | २०७५ असार ६ गते बिहान ८:०० बजे गौरस्थित कर्मचारी मिलन केन्द्रमा आयोजित आमसञ्चार विषयक तालिमस्थलमा सहनीको नेतृत्वमा आएका १०-१५ जनाको समूहले नेपाल पत्रकार महासंघ रौतहट शाखाका सचिव राजेन्द्रकुमार क्षेत्री, सदस्य उमेशकुमार यादव र पत्रकार विनयकुमारलाल दासलाई गौर नगरपालिका-४ टिकुलिया निवासी सञ्जयकुमार सहनीको नेतृत्वको समूहले हातपात, गालीगलौज तथा आगो लगाउन खोजेका थिए । |
| **१५** | रामविकास चौधरी<br>(रूपन्देही) | २०७५ असार २२ गते समाचार संकलनार्थ रूपन्देही जिल्लाको सम्मरीमाई गाउँपालिका कार्यालय पुगेका चौधरीलाई गाउँपालिका अध्यक्ष शुक्लाले सिटिजन्स पोष्ट अनलाइनमा 'सरकारी सवारी साधनमा निजी नम्बर' शीर्षकमा प्रकाशित समाचार र लिखित निवेदनमार्फत सूचना मागेको भन्दै दुर्व्यवहार गर्दै गाउँपालिकाको कार्यालयबाट बाहिर निकाली गोरखपुर पुऱ्याइदिने भनेर धम्क्याएको पीडित पत्रकार चौधरीले जानकारी दिनुभयो । |

| | | |
|---|---|---|
| १६ | हेमन्त चौधरी (बाँके) | २०७५ असार ३० गते राप्ती सोनारी साप्ताहिकका प्रकाशक एवं सम्पादक हेमन्त चौधरीलाई राप्ती जिल्लास्थित सोनारी गाउँपालिकाका अध्यक्ष लाहुराम थारू, वडा न ३ र ४ का वडाध्यक्षहरू गंगाराम थारू र कान्छा थारू, कार्यपालिका सदस्य दमकला जैसी लगायतको समूहले बिहान १० बजेतिर पत्रकार चौधरीको घरैमा गएर गालीगलौज गर्नुकासाथै दुर्व्यवहार गरेका थिए । घटनाको प्रतिकार गर्दै राप्ती सोनारी गाउँपालिका प्रमुखले प्रेस विज्ञप्तिमार्फत उक्त घटना झुटो भएको बताएपछि नेपाल पत्रकार महासंघ बाँके शाखाको पहलमा शाखाका अध्यक्ष ठाकुसिंह थारूले घटनाको निष्पक्ष छानविनका लागि प्रहरीमा जाहेरी दिएका थिए । प्रहरीले उक्त घटनालाई दुबै पक्षसँगको छलफलबाट अन्त्य गरेको थियो । |
| १७ | करन ताम्राकार (डडेलधुरा) | २०७५ असार २८ गते नयाँ पत्रिका दैनिक डडेलधुरा संवाददाता तथा नेपाल पत्रकार महासंघ प्रदेश नम्बर७ का सचिव करन ताम्राकारमाथि कुटपिट गरियो । समाचार सम्प्रेषणको विषयलाई आधार बनाई मालपोत कार्यालयका नासु मानबहादुर बिकले ड डेलधुरा बजारको सुविधा होटल परिसरमा पत्रकार ताम्राकारलाई कुटपिट गरेका थिए । |
| १८ | एलपी देवकोटा, प्रकाश उपाध्याय (जुम्ला) | २०७५ साउन ३ गते समाचार संकलनका क्रममा दिउँसो ११ बजेतिर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनसन बसेका डा.गोविन्द केसीलाई सरकारद्वारा जुम्लाबाट काठमाडौं ल्याउने क्रममा भएको आन्दोलनको समाचार संकलनका क्रममा भएको झडपमा सुरक्षाकर्मीको लाठी प्रहारबाट कान्तिपुर दैनिकका सम्वाददाता एलपी देवकोटाको ढाड र खुट्टामा चोट लागेको थियो भने एपीवान टेलिभिजनका सम्वाददाता प्रकाश उपाध्यायको ढाडमा चोट लागेको थियो । |

| | | |
|---|---|---|
| १९ | डिल्लीराम भट्टराई (काठमाडौं) | २०७५ साउन ३ गते समय सन्दर्भ मासिक पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर साउन ३ गते उक्त मासिकका सम्पादक डिल्लीराम भट्टराईमाथि बौद्धस्थित चाइनिज पिपुल्स हस्पिटल प्रा.लि.का सञ्चालक चाइनिज नागरिक चाङछाइ इनले कुटपिट गर्नुका साथै क्यामेरा तोडफोड गरिदिएकी थिइन् । घटनापछि उक्त घटनाको बारेमा बौद्ध प्रहरी चौकीमा उजुरी पश्चात पत्रकारिताको सम्मान गर्ने तथा तोडफोड भएको क्यामरा बनाइदिने शर्तमा घटनालाई मिलापत्र गराइएको थियो । |
| २० | विदुर कटुवाल (उदयपुर) | २०७५ साउन २ गते उदयपुर शाखाका सहसचिव विदुर कटुवाललाई समाचारको विषयलाई लिएर त्रियुगा नगरपालिकाका प्रमुख बलदेव चौधरीलगायतले धम्की दिएका थिए । समाचार प्रकाशन भएको बिषयलाई लिएर त्रियुगा प्रमुखले पत्रकार कटुवाललाइ समाचार पुष्टि गर भन्दै बारम्बार धम्कीपूर्ण भाषामा फोन गरेका थिए ।<br>२०७५ साउन १ गते थाहाखबर डटकममा 'सार्वजनिक जग्गा अतिक्रमण अवैध घरटहरा भत्काउन सांसदको माग' शिर्षकमा समाचार प्रकाशन भएपछि त्रियुगा नगरपालिकाका मेयर बलदेव चौधरीले बारम्बार धम्कीपूर्ण शैलीमा 'जग्गा देखाई दे' भन्दै फोनमा गाली गरेका थिए । |
| २१ | अजयबाबु शिवाकोटी, महेश्वर गौतम, निवेशकुमार, स्कन्द गौतम, प्रवीण महर्जन<br>(काठमाडौं) | २०७५ साउन ५ गते अनशनरत डा.गोविन्द केसीको सत्याग्रहको समर्थन गर्दै सरकारको विरोधमा भएको नेपाल तरूण दलले माइतीघर मण्डलादेखि बानेश्वरसम्म निकालेको प्रदर्शनीको समाचार संकलन गरिरहेका पत्रकारहरूमाथि प्रहरीले लाठी, ढुंगा प्रहारका साथै कुटपिटसमेत गरेको थियो । प्रहरीको आक्रमणबाट हाम्राकुरा डटकमका प्रधानसम्पादक एवं नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटी, राजधानी दैनिकका महेश्वर गौतम, न्यूज २४ टेलिभिजनका निवेशकुमार, द हिमालयन टाइम्सका स्कन्द गौतम र प्रवीण महर्जन घाइते भएका थिए । |

| | | |
|---|---|---|
| २२ | उज्ज्वल पहाडी (काठमाडौं) | २०७५ साउन १४ गते नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका केन्द्रीय पार्षद तथा बुधवार साप्ताहिकका सम्पादक उज्ज्वल पहाडीलाई साउन १४ गते भक्तपुरबाट काठमाडौं आउने क्रममा जडिबुटीमा बा७५प ५१९ नं. को बाइकमा सवार प्रत्यशाहन पाखिन नाम गरेको अपरिचित व्यक्तिले बाटोमा पटकपटक अवरोध गर्दै अश्लील गाली गर्नुका साथै बाटोमा मोटरसाइकल रोकेर तस्वीर खिची जिउ ज्यानमाथि नै खतरा हुने धम्की दिएको थियो । |
| २३ | नजराज धानुक (कैलाली) | २०७५ साउन १७ गते कैलालीस्थित स्थानीय एसटिएस टेलिभिटन र दिनेश एफएमका कार्यक्रम प्रस्तोता नवराज धानुकमाथिसाँझ धनगढी बजारमा आक्रमण भएको थियो । जिल्ला खेलकुद विकास समितिका तत्कालीन अध्यक्ष दीपक सिंहले फेसबुकको स्टाटसलाई लिएर पत्रकार धानुकमाथि झगडाको निहुँबनाएका थिए । सिंहले सोही बिषयमा पत्रकार धानुकमाथि आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार धानुकको अनुहारमा चोट लागेको थियो । |
| २४ | राधेश्याम विश्वकर्मा, दीपक घिमिरे (रूपन्देही) | २०७५ साउन २० गते भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा डेन्टलमा अध्ययनरत महादेव शाहको उपचारको क्रममा निधन भएपछि मृतकका आफन्त तथा आन्दोलनमा उत्रिएका विद्यार्थीको समाचार संकलनका लागि घटनास्थल पुगेका पत्रकार राधेश्याम विश्वकर्माको क्यामरा आन्दोलनकारीले खोसेर तोडफोड गर्नुका साथै पत्रकार दीपक घिमिरेको क्यामरामा समेत क्षति पुराइदिएका थिए । |
| २५ | राजेन्द्रप्रसाद अवस्थी (कञ्चनपुर) | २०७५ भदौं ६ गते नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखा सदस्य तथा जनसरोकार पोष्ट दैनिकका प्रकाशक तथा गोरखापत्र दैनिकका जिल्ला सम्वाददाता राजेन्द्रप्रसाद अवस्थीलाईभीमदत्त नगरपालिका १८ स्थित सनराइज स्कूलकी प्रिन्सिपल गंगा चालिसेले समाचार प्रकाशन भएको विषयमा गालीगलौज गर्नुका साथै धम्की दिएकीथिइन् । |

| | | |
|---|---|---|
| २६ | रवि पाण्डे<br>(नवलपरासी) | २०७५ भदौ ६ गते साझ ५ बजेतिर नवलपरासी जिल्लाको बर्दघाट बजारमा बसिरहेको अवस्थामा दुईतीन जनाको समूहमा आएका व्यक्तिहरूले पत्रकार रवि पाण्डेलाई समाचार प्रकाशन गरेको भन्दै दुर्व्यवहार गरेका थिए । पत्रकार रवि पाण्डेले बर्दघाट नगरपालिकाले तीनपाङ्ग्रे टेम्पोसँग कर असुल्न दिएको ठेक्कामा ठेकेदारका व्यक्तिहरूले आफुखुशी कर उठाएको विषयमा समाचार प्रकाशन गरेका थिए । |
| २७ | तेजबहादुर खड्का<br>(डोटी) | २०७५ भदौ १० गते नेपाल पत्रकार महासंघ डोटी शाखाका सदस्य एवं बाजुरास्थित रेडियो बुढीनन्दामा कार्यरत पत्रकार तेजबहादुर खड्का करीव १४ हजार फिट उचाईमा रहेको बाजुरास्थित बुढीनन्दा तीर्थस्थलबाट फर्किने क्रममा सम्पर्कविहीन भएका थिए । पत्रकार खड्काको खोजी कार्यका लागि नेपाल पत्रकार महासंघ केन्दीय समितिले स्थानीय निकाय, प्रदेश सरकार एवं विभिन्न सुरक्षा निकाय र सरकारसँग निरन्तर आग्रह र पहल गरेको थियो । नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टको नेतृत्वमा बेपत्ता पत्रकार खड्काको खोजीकार्यका लागि मिशन गएको थियो । हालसम्म पनि पत्रकार खड्काको अवस्था अझै अज्ञात रहेको छ । |
| २८ | नवराज कुँवर/रोयल आचार्य<br>(काठमाडौं) | २०७५ भदौ १९ गते न्यूज कारोबार डटकमका समाचार सम्पादक नवराज कुँवर र पत्रकार रोयल आचार्यलाई समाचार लेखेको विषयमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो । उदयपुरका पत्रकार कुँवरले पछिल्लो समय उदयपुरको बेलका नगरपालिकामा भएको अनियमिततासम्बन्धी विषयलाई अनलाइन र सामाजिक सञ्जालमार्फत उठाउँदै आएका थिए । सोही विषयलाई लिएर पत्रकार कुँवरलाई प्रहरीले कार्यकक्षबाटै पक्राउ गरेको थियो ।<br>नेपाल पत्रकार महासंघले पत्रकार पक्राउ भएलगत्तै उनीहरूको रिहाइका लागि पहल र दवाव दिएका कारण पक्राउ परेका दुबै पत्रकारलाई प्रहरीले सोही दिन बेलुका रिहा गरेको थियो । |

| | | |
|---|---|---|
| २९ | अजय गोर्खाली (चितवन) | २०७५ भदौ २२ गते नेपाल पत्रकार महासंघ चितवन शाखा सदस्य तथा जनअर्पण साप्ताहिकका सहसम्पादक अजय गोर्खालीलाई भदौ २२ गते नवलपुर जिल्ला गैंडाकोट नगरपालिका वडा नं ३ का वडाध्यक्ष शिवकान्त तिवारी, वडा नं १८ का अध्यक्ष तिलबहादुर चितौरे, त्यसैगरी नगर कार्यपालिका सदस्यहरू शुकबहादुर दराई, संगीता घिमिरे, कान्तिमाया पुरी, कुमारी रेखा शर्मा लगायतको समूहले आक्रमण गरेका थिए । जनप्रतिनिधिले दोहोरो सुविधा नपाउने कानुन कार्यान्वयनको अवस्थाबारे समाचार संकलन गर्न त्यहाँ पुगेका बेला बैठकमा होहल्ला गरिरहेका जनप्रतिनिधिले आक्रमण गरेका थिए । आक्रमणबाट उहाँको ढाड, घाँटी लगायतका स्थानमा चोटपटक लागेको पत्रकार गोर्खालीले जानकारी दिनुभयो । उक्त समूहले पत्रकारको साथमा रहेको मोबाइल तथा डायरी समेत लुटेका थिए । |
| ३० | राजु बस्नेत (ललितपुर) | २०७५ भदौं २५ गते पत्रकार राजु बस्नेतले दृष्टि साप्ताहिकमा भदौ १९ मा 'हरिसिद्धिको जग्गा गैरकानुनी रूपमा बिक्री गर्न सांसदहरूकै दवाव' शीर्षकमा प्रकाशित समाचार शीर्षक परिवर्तन गरेर आफ्नो पत्रिकामा भदौ २१ मा छाप्नुका साथै अनलाइनमा समेत प्रकाशित गरेका थिए । बस्नेतले 'जनप्रतिनिधि कि जग्गा दलाल ?' शीर्षक र 'जनताको समस्या छोडेर ध्यानजति पैसातर्फ मात्रै' उपशीर्षक राखेका थिए । बस्नेतले समाचारको अन्तिममा दृष्टि अनलाइनबाट साभार गरिएको उल्लेख गरेको भएतापनि प्रहरीले उनलाई पक्राउ गरेको थियो ।<br><br>पत्रकार बस्नेतलाई प्रहरीले पक्राउ गरी विद्युतीय कारोबार ऐनअन्तर्गतको साइबर अपराधसम्बन्धी कसुरमा ४ दिन हिरासतमा राखेर धरौटीमा राखेर महासंघको विरोधपछि रिहा गरेको थियो । |

| | | |
|---|---|---|
| ३१ | प्रकाश साप्ताहिक (काठमाडौं) | २०७५ असोज ४ गते प्रकाश साप्ताहिकमा 'बुटमा लुट, मल्होत्रालाई छुट' शीर्षकको समाचारको विषयलाई लिएर प्रहरीले प्रज्ञा प्रतिष्ठानमा आयोजित निर्माण व्यवसायी महासंघको अधिवेशनस्थलमा वितरण भइरहेको करीब ५ सय हाराहारीमा रहेको पत्रिका प्रहरीले कब्जामा लिएको थियो । पत्रिकाका सम्पादक दीपक पाण्डेका अनुसार कार्यक्रममा उपस्थित प्रहरी प्रमुख सर्वेन्द्र खनालले पत्रिका पढेपछि उनकै आदेशमा पत्रिका कब्जा गरिएको थियो । |
| ३२ | सबै निजी सञ्चारमाध्यम (काठमाडौं) | २०७५ असोज ९ गते गृह मन्त्रालयमा भएको कञ्चनपुरकी किशोरी निर्मला पन्तको बलात्कार र हत्याको छानबिनका लागि गठित उच्चस्तरीय समितिको प्रतिवेदन सार्वजनिक कार्यक्रम तथा संसद्को राज्यव्यवस्था समितिको बैठकको समाचार संकलनका लागि सिंहदरबार पुगेका सञ्चारकर्मीलाई समाचार संकलनमा रोक लगाइएको थियो । |
| ३३ | कान्तिपुर/काठमाडौं पोष्ट/अन्नपूर्ण पोष्ट (कैलाली) | २०७५ असोज १६ सुदूरपश्चिमको राजधानी तेघरी जंगलमा बनाउँदा जैविक मार्ग अवरूद्ध हुने, चुरे विनाश हुने र पानीको भण्डारण रहेको भावरक्षेत्र जोखिममा पर्ने लगायतका समाचार प्रकाशित भएको विरोधमा बुधबार अत्तरियामा अज्ञात समूहले कान्तिपुर, काठमाडौं पोष्ट र अन्नपूर्ण पोष्ट दैनिक लगायतका पत्रिका जलाएको थियो। बुधबार बिहान ६ बजेतिर अत्तरियामा पत्रिका कब्जा गरेर ५ जनाको समूहले पेट्रोल छर्केर जलाएको थियो। |
| ३४ | शिखा श्रेष्ठ र क्यामेरापर्सन अजय हाकुजु (काठमाडौं) | २०७५ कार्तिक ६ गते समाचार संकलनका क्रममा सगरमाथा टेलिभिजनका सम्वाददाता शिखा श्रेष्ठ र क्यामेरापर्सन अजय हाकुजुलाई यातायात व्यवस्था विभागका निर्देशक चन्द्र शाहले दुर्व्यवहार गर्दै धम्की दिएका थिए । समाचार संकलनका लागि कार्तिक ६ गते मीनभवनस्थित यातायात व्यवस्था विभाग पुगेका सञ्चारकर्मीद्वय श्रेष्ठ र हाकुजुलाई भदौ १ गतेबाट लागू भएको मुलुकी संहिताको हवाला दिंदै सार्वजनिक सेवाको क्षेत्र र त्यहाँबाट दिइने सेवाका विषयमा समाचार बनाउन पूर्वअनुमति लिनुपर्ने भन्दै निर्देशक शाहले दुर्व्यवहार गर्दै धम्क्याएका थिए । |

| | | |
|---|---|---|
| ३५ | सुजन तिम्सिना (इलाम) | २०७५ कार्तिक २ लोकलसन्देश डटकमका प्रधान सम्पादक सुजन तिम्सिनालाई समाचार लेखेको विषयमा सूर्योदय नगरपालिका वडा नं ३ का वडाध्यक्ष होम कार्कीले धम्की दिएका थिए । कार्तिक २ गते पत्रकार तिम्सिनालाई वडाध्यक्ष कार्कीले 'म पनि सूर्योदयकै बासिन्दा हुँ, मेरो बारेमा समाचार किन लेखेको' भन्दै फोनबाट धम्क्याएका थिए । |
| ३६ | देवीराम देवकोटा (बाँके) | २०७५ कार्तिक २९ गते साँझ परिवारसहित काठमाडौं जान कोहलपुर बसपार्क पुगेका पत्रकार देवीराम देवकोटालाई बस चढ्ने यातायात व्यवसायी राजु चन्दले एक्कासी आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार देवकोटाको टाउको र आँखामा चोट लागेको थियो । |
| ३७ | गोपाल चन्द (रोल्पा) | २०७५ मंसिर ११ नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को बारेमा असत्य समाचार प्रकाशन गरेको भन्दै प्रहरीले पोस्टपाटी डटकमका सम्पादक गोपाल चन्दलाई २०७५ मंसिर ११ गते पक्राउ गरेको थियो । रोल्पा स्थायी घर भएका चन्दले उक्त अनलाइनमा 'प्रचण्ड' ६ गते चितवन जाँदा चितवनको कृष्णचोकमा स्थानीयले खुकुरी प्रहारको प्रयास गरेको भन्ने समाचार प्रकाशित गरेका थिए । चन्दलाई तारकेश्वर नगरपालिका मनमैजुबाट पक्राउ गरी साइबर अपराधअन्तर्गत अनुसन्धान कारबाही अघि बढाइएको थियो । धरौटीमा रिहा हुनुभएका चन्दको मुद्दा हाल फैसलाको क्रममा रहेको छ । |
| ३८ | जगदीश खनाल (नुवाकोट) | २०७५ मंसिर १३ गते दिउँसो करिब १२ बजेतिर नेपाल पत्रकार महासंघ नुवाकोट शाखाका अध्यक्ष कपिलदेव खनाल र सचिव जगदीश खनाललाई नुवाकोट बट्टारस्थित नेपाली सेनाको तालिम केन्द्र मैथलीमा रहेका सेनाका जवानहरूले मोटरसाइकल भनेको ठाउँमा नरोकेको भन्दै सचिव जगदीश खनाललाई सडकमा लछारपसार गर्नुका साथै क्यामरामा कैद भएको फोटोसमेत डिलिट गर्न लगाएका थिए । |

| | | |
|---|---|---|
| ३९ | काशीराम शर्मा<br>(बाँके) | २०७५ मंसिर २० गते नेपाल पत्रकार महासंघ बाँके शाखाका सहसचिव काशीराम शर्माले किमु होमस्टेको विषयमा सत्यपाटी डटकममा समाचार लेखेको विषयलाई लिएर नेकपा बाँकेका नेता पूर्व नेकपा एमाले बाँकेका उपाध्यक्ष निरक गुरूङले हातपातको प्रयास गर्नुका साथै दुर्व्यवहार गरेका थिए । |
| ४० | देवचुली टेलिभिजन (नवलपरासी) | २०७५ मंसिर २२ गते नवलपरासीस्थित देवचुली टेलिभिजनको कार्यालयमा चोरी भयो । नेपाल पत्रकार महासंघ नवलपरासीका सदस्य तथा उक्त टेलिभिजनका अध्यक्ष तथा प्रबन्ध निर्देशक केबी रानाका अनुसार मंसिर २२ गते राति २ थान ल्यापटप, १ थान भिडियो क्यामरा, २ थान मोबाइल, १ लाख २५ हजार नगद, बैंकको चेकबुक लगायतका महत्वपूर्ण सामानहरू चोरी भएको थियो । |
| ४१ | बर्षा शाह<br>(काठमाडौं) | २०७५ मंसिर २७ गते समाचार संकलनका क्रममा प्रहरीले देशसञ्चार अनलाइनमा कार्यरत फोटो पत्रकार वर्षा शाहलाई पक्राउ गरेको थियो । शीतल निवासअगाडि भएको विरोध प्रदर्शनको फोटो खिचिरहेकी पत्रकार शाहलाई प्रहरीले पक्राउ गरेको थियो । पत्रकार महासंघ लगायतविभिन्न संघसंस्थाको चर्को विरोधपश्चात बेलुका शाहलाई रिहा गरेको थियो । |
| ४२ | प्रियास्मृति गजमेर, शिवराज खनाल, शिवु खनाल<br>(दाङ) | २०७५ पुस ८ गते कञ्चनपुरबाट ६ वटा ट्रकमा झापातर्फ गोरू लाँदै गर्दा हिन्दू जागरणका कार्यकर्ताले अवरोध गरेको समाचार संकलनका लागि दाङको लङ्गहवा पुगेका पत्रकारलाई प्रहरी टोलीले समाचार संकलनमा अवरोध गरी अभद्र व्यवहार गर्नुका साथै उनीहरूले समाचार संकलनका क्रममा खिचेको फोटोसमेत मेटाइदिएका थिए । |

| | | |
|---|---|---|
| ४३ | गणेश विक (बझाङ) | २०७५ पुस १९ गते समाचारको विषयलाई लिएर बझाङबाट सञ्चालित साइपाल अनलाइनका सम्पादक गणेश विकलाई प्रहरीले पक्राउ गरेको थियो । महासंघ बझाङ शाखाका अनुसार स्थानीय प्रहरीको बारेमा समाचार प्रसारण गरेको भन्दै प्रहरीले सम्पादक विकलाई पक्राउ गरी साइबर क्राइमसम्बन्धी मुद्दा लगाउन काठमाडौं ल्याएको थियो । |
| ४४ | विप्लव भट्टराई (झापा) | २०७५ माघ १ गते समाचारको विषयलाई लिएर झापाको बिर्तामोडमा रहेको वीएण्डसी अस्पतालका सञ्चालक दुर्गा प्रसाईले नेपाल पत्रकार महासंघ इलाम शाखा तथा कान्तिपुर दैनिक इलाम संवाददाता विप्लव भट्टराईलाई टेलिफोनमार्फत गालीगलौज गर्दै धम्क्याएको छ । महासंघ इलाम शाखाका अनुसार राष्ट्रिय चिकित्सा शिक्षा विधेयकप्रति असन्तुष्टि जनाउँदै केही दिनदेखि इलाममा अनशनरत डा.गोविन्द केसीलाई वीएण्डसी अस्पतालका तर्फबाट चैतन्य मैनाली नाम गरेका व्यक्ति भेट्न आएको विषयमा टेलिफोनमार्फत बुझ्न खोज्दा अस्पतालका सञ्चालक प्रसाईंले भट्टराई लगायतका पत्रकारलाई गालीगलौज गर्दै धम्क्याएका थिए । |
| ४५ | मनोहर ढकाल (मकवानपुर) | २०७५ पुस २६ गते हेटौडाका सञ्चारकर्मी मनोहर ढकालको हत्या भयो । हेटौडा उप-महानगरपालिका १ स्थित भैरवडाँडा जाने सडकखण्डमा दुई युवा लागुपदार्थ सेवन गरिरहेको अवस्थामा फेलापरेपछि उनीहरूलाई सम्झाउने क्रममा भनाभन हुँदा अभियुक्तहरू हेटौडा उपमहानगरपालिका ११ नं. वडामा बस्ने बर्ष १९ को अनमोल पुडासैनी र सोही जिल्ला मनहरी गाउँपालिका वडा १ बस्ने बर्ष २१ को प्रवीण वाइवाले कर्तव्य गरी पत्रकार ढकालको साथमा रहेको मोबाइल तथा सुनको औठी समेत खोसी फरार भएको निज अभियुक्तहरूले बयान दिएका छन् । हाल अभियुक्तहरू पुर्पक्षका लागि जेल चलान भएका छन् भने मुद्दाको फैसला हुन बाँकी रहेको छ । |

| | | |
|---|---|---|
| ४६ | जनक विष्ट, पदम भट्ट (कैलाली) | मिति २०७५ माघ २ गते सुदूरपश्चिमका मुख्यमन्त्रीको कार्यालय पुगेका दिनेश एफएममा कार्यरत पत्रकार जनक विष्ट र माउन्टेन टेलिभिजनका क्यामरा पर्सन पदम भट्टमाथि प्रदेश प्रमुखका सचिव नारायणप्रसाद बिडारीले दुर्व्यवहार गरेका थिए । सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने क्रममा सचिव बिडारीले दुर्व्यवहार गरेका थिए । |
| ४७ | तेजन खड्का (मोरङ) | २०७५ माघ ५ गते मोरङको उर्लाबारी बस्ने उर्लाबारी न्यूजडटकमका पत्रकार तेजन खड्कालाइ राति घरमै गएर उर्लाबारी ९ घर भएका कमल लिम्बुले कुटपिट गरेका थिए । रातको समयमा मादक पदार्थ सेवन गरेका लिम्बुले घरमै गएर पत्रकार खड्कालाइ मुक्का प्रहार गर्नुका साथै घरमा भएका अन्य सदस्यलाई दुर्व्यवहार गरेका थिए । |
| ४८ | सुमन अधिकारी (काठमाडौं) | २०७५ माघ ३ विवेकशील नेपाली पार्टीकी केन्द्रीय सदस्य रञ्जु दर्शना न्यौपानेको समाचार साभार गरेको भन्दै महानगरीय अपराध अनुसन्धान महाशाखाको टोलीले क्यापिटल हेडलाइन डटकमका सम्पादक २७ वर्षीय सुमन अधिकारीलाई पक्राउ गरेको थियो । पक्राउ परेका अधिकारीविरूद्ध प्रहरीले विद्युतीय अपराध ऐन अन्तरगत साइबर अपराधसम्बन्धी कसुरमा अनुसन्धान अगाडि बढाएको थियो । समाचारमा आफ्नो चरित्रहत्या गरेको अभियोगमा रञ्जु दर्शनाले प्रहरीमा उजुरी दिएकी थिइन् । उजुरी परेसँगै मुक्तिखबर डटकमका सञ्चालक श्याम रोकालाई समेत प्रहरीले पक्राउ गरेको थियो । |
| ४९ | अमुल थापा, विजय गजमेर, उज्वल डंगोल (काठमाडौं) | मिति २०७५ माघ १३ गते दिउँसो काठमाडौंको भृकुटीमण्डपमा नेपाल विद्यार्थी संघले निकालेको विरोध प्रदर्शनका क्रममा प्रहरीले विद्यार्थीहरूलाई नियन्त्रणमा लिँदै गर्दाको तस्बीर तथा भिडियो खिचेको भन्दै हिमशिखर टेलिभिजनका विनोद कट्वाललाई हातपात गर्दै लात्तीले हानेर धकेलेका थिए भने नयाँ पत्रिका दैनिकका अमुल थापा, नागरिक दैनिकका विजय गजमेर, नेपाल समाचारपत्रका उज्ज्वल डंगोल र पहिलो पोष्टका सार्थक रन्जितलाई दुर्व्यवहार गरेका थिए । प्रहरीले कसको अनुमतिमा तस्बीर खिचेको भन्दै पत्रकारलाई हातपात तथा दुर्व्यवहार गरेका थिए । |

| | | |
|---|---|---|
| ५० | सोम दियाली (सर्लाही) | २०७५ माघ २९ गते नेपाल पत्रकार महासंघ सर्लाही शाखाका सदस्य एवं सामुदायिक रेडियो सर्लाहीका स्टेशन म्यानेजर सोम दियालीमाथि सांघातिक आक्रमण भएको थियो । महासंघ सर्लाही शाखाका अनुसार पत्रकार दियालीलाई बिहान ११ बजे फोन गरेर बोलाएर हरिवन नगरपालिका ९ स्थित सुखेपोखरीमा एक समूहले सांघातिक आक्रमण गरेको थियो । आक्रमणबाट गम्भीर घाइते भएका पत्रकार दियालीको हरिवनस्थित स्वाभिमान अस्पतालमा उपचार भएको थियो । |
| ५१ | सुनिरा मैनाली (झापा) | २०७५फागुन १ गते नेपाल पत्रकार महासंघ झापा शाखाका सदस्य एवं बिर्तामोडस्थित रेडियो विराटमा कार्यरत पत्रकार सुनिरा मैनालीलाई प्रहरीको गोलीको छर्रा लागेर घाइते हुनुभएको थियो । महासंघ झापा शाखाका अनुसार फागुन १ गते झापाको लक्ष्मीपुर चोकमा चिया पसलमा बसिरहेको अवस्थामा गृहमन्त्रीको सुरक्षामा खटिएका प्रहरीले चलाएको गोलीको छर्रा लाग्दा पत्रकार मैनालीको खुट्टामा लागेर घाइते हुनु भएको थियो । |
| ५२ | प्रवीण कुलुङ राई (काठमाडौं) | २०७५ फागुन १५ गते समाचारको विषयलाई लिएर नयाँपेजडटकमका सहसम्पादक तथा फोटो पत्रकार प्रवीण कुलुङ राईलाई राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता दीपक बोहराका स्वकीय सचिव निराजन बमले भौतिक आक्रमण तथा अपहरण गर्ने धम्की दिएका थिए । नयाँपेज डटकममा फागुन १५ गते पार्टी परिवर्तनको विषयमा लेखिएको समाचारलाई लिएर बमले टेलिफोन गरेर पत्रकार राईलाई तत्काल समाचार नहटाए भौतिक आक्रमण तथा अपहरण गर्ने धम्की दिएका थिए । |
| ५३ | रविन्द्र साह (रौतहट) | २०७५ फागुन १० गते नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष रविन्द्र साहलाई बेलुका ७ बजेतिर गौरको कविर चोकमा बसिरहेको अवस्थामा केही व्यक्तिहरूले आक्रमण गरी घाइते बनाएका थिए । आक्रमणकारीहरूले पत्रकार साहलाई आक्रमणगरी अचेत बनाई फरार भएका थिए । आक्रमणका कारण उहाँको हात तथा खुट्टामा चोटपटक लागेको थियो । |

| | | |
|---|---|---|
| ५४ | उपेन्द्र ठाकुर (बारा) | २०७५ फागुन २८ गते नेपाल पत्रकार महासंघ बारा शाखाका सदस्य एवं कान्तिपुर सम्वाददाता उपेन्द्र ठाकुरलाई सूचना माग्दा पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अशोककुमार रामले हातपात र दर्व्यवहार गर्नुका साथै पत्रकार ठाकुरको क्यामेरा फुटाउने प्रयास गरेका थिए । |
| ५५ | कर्ण विश्वकर्मा (कालीकोट) | २०७५ चैत ७गते कर्णालीबाट प्रसारण हुने रेडियो कर्णालीका प्राविधिक तथा संवाददाता कर्ण विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको थियो । प्रहरीले पत्रकार विश्वकर्मालाई विप्लव माओवादीको गतिविधिमा लागेको भन्दै रेडियो स्टेशनबाटै पक्राउ गरेको महासंघ कालीकोट शाखाका अध्यक्ष तुलाराम पाण्डेले जानकारी दिनुभयो । |
| ५६ | राजेशकुमार अर्याल, विजय बौडेल (पाल्पा) | २०७५ चैत १५ गते नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल र सदस्य विजय पौडेलमाथि कुटपिट भएको थियो । तानसेन नगरपालिकाले गत फागुन १५ गते होलाङ्दी बसपार्क ढुङ्गाखानी सडक चौडा गर्ने निर्णयसँग सम्बन्धित विचार तथा लेख प्रकाशन गरेको भन्दै आन्दोलित समूहले शुक्रवार दिउँसो पत्रकार विजय पौडेललाई टुँडीखेलमा कुटपिट गरेको थियो । पत्रकार कुटपिटको घटना बुझ्न आएका महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालमाथि पनि सोही समूहले आक्रमण गरेको थियो । |
| ५७ | निकेश बराल (मोरङ) | २०७५ चैत १५ गते मोरङबाट सञ्चालित उज्यालो प्रदेशडटकम अनलाइनमा कार्यरत पत्रकार निकेश बराललाई मोरङको सुकुना बहुमुखी क्याम्पसको विवादलाई लिएर नेविसंघले निकालेको विरोध प्रदर्शनको समाचार संकलनका क्रममा तस्वीर खिच्दै गर्दा प्रदर्शनकारीले आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार बरालको टाउको र हातमा चोट लाग्नुका साथै मोबाइल फोनमा समेत क्षति पुगेको थियो । |

| | | |
|---|---|---|
| ५८ | राजेन्द्र अधिकारी (कास्की) | २०७५ चैत १८ गते नेपाल पत्रकार महासंघ कास्की शाखाका निवर्तमान उपाध्यक्ष एवं सभासद् राजेन्द्र अधिकारीलाई समाचार संकलनका क्रममा प्रहरीले प्रक्राउ गरी दुई घण्टा नियन्त्रणमा लिएको थियो । बिहान समाचार संकलनका लागि पोखरास्थित पृथ्वीनारायण क्याम्पस पुगेका पत्रकार अधिकारीलाई प्रहरीले पक्राउ गरेपछि महासंघ कास्की शाखाको पहलमा रिहा गरिएको थियो । |
| ५९ | अर्जुन गिरी (कास्की) | २०७६ बैशाख २ गते नेपाल पत्रकार महासंघ कास्की शाखा सदस्य तथा ताण्डव न्यूजडटकम (साप्ताहिक) का सम्पादक अर्जुन गिरीलाई प्रहरीले पक्राउगरी साइबर अपराधसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ । समाचार प्रकाशन गरेको विषयलाई लिएर स्थानीय विपेन्द्रराज बतासले दिएको जाहेरीका आधारमा कास्की प्रहरीले सम्पादक गिरीलाई बैशाख २ गते बिहान करिब ११ बजेतिर पोखराबाट पक्राउ गरेको हो । पत्रकार गिरीलाई पत्रकार महासंघको चर्को विरोधका कारण अदालतको साधारण तारिखमा रिहा गर्न आदेश दिएपछि प्रहरीले रिहा गरेको थियो । |
| ६० | जितेन्द्र महर्जन (काठमाडौं) | २०७५ चैत २६ गते न्हुगु ज्वजोलोप्पा पत्रिकाका प्रधानसम्पादक जितेन्द्र महर्जनलाई दिउँसो कीर्तिपुरस्थित पत्रिकाको कार्यालयमा समाचार सम्पादन गरिरहेको बेला प्रहरीले गिरफ्तार गरी काठमाडौं जिल्ला अदालतमा म्याद थप गरी हिरासतमा राखेको छ । नेपाल पत्रकार महासंघले हालेको बन्दी प्रत्यक्षीकरण रिटमा सर्वोच्च अदालतले रिहा गर्न आदेश दिए पनि प्रहरीले सम्पादक महर्जनलाई अदालत परिसरबाट फेरि पक्राउ गरेको छ । |



विपुल पोखेल

# स्वतन्त्रताको पक्षमा अविरल यात्रा

**पत्रकार महासंघ यतिबेला आन्दोलनमा छ । आन्दोलनमार्फत महासंघले तीनवटा कुराहरू स्थापित गर्न खोजेको छ । नीतिगत रूपमा, मानसिक रूपमा र अभ्यासमा ती कुराहरू स्थापित नहुँदासम्म महासंघ पछाडि फर्कने छैन ।**

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा स्पष्ट दृष्टिकोण के हो भने यो स्वतन्त्रतालाई अस्वीकार गर्ने वा सीमित गर्न चाहनेले समग्रतामा नागरिक स्वतन्त्रतालाई अथवा लोकतान्त्रित संस्कृतिले भरिपूर्ण समाजलाई समेत स्वीकार गर्न सक्दैन । स्वतन्त्रताका बारेमा अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम् लिंकनले भनेका छन्, 'मेरो स्वतन्त्रताको सीमा त्यहाँसम्म हुन्छ, जहाँबाट तिम्रो स्वतन्त्रताको प्रारम्भ हुन्छ ।' अर्थात अर्काको स्वतन्त्रतालाई सम्मान गर्नु कुनै पनि स्वतन्त्रताका पक्षधरहरूको प्रथम दायित्व हो । लिंकनले भनेको स्वतन्त्रताको सीमालाई स्वतन्त्रतालाई संकुचन गर्ने विन्दुका रूपमा पनि अपब्याख्या गर्ने गरिएको पाइन्छ । तर, स्वतन्त्रता सधै चौडा हुँदै जाने बिषय हो । अर्थात स्वतन्त्रता सधै अग्रगामी हुन्छ, स्वतन्त्रता कहिल्यै पनि पश्चगामी हुन सक्दैन । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पनि पश्चगामी बाटोमा हिड्न चाहन्न ।

नेपाल नयाँ राजनीतिक विभाजनका आधारमा संघीय पद्धतिअनुसार तीन तहको सरकारको अभ्यासका क्रममा छ । ती सरकारहरूले बनाउने कानुनहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा उदार हुनुपर्छ भनेर यतिबेला गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न आवश्यक देखिएको छ । कुनै पनि देशका संविधानमा लेखिएका अक्षरहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लामो समयसम्म घेराबन्दीमा राख्न सकेका छैनन् भने पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरेको संविधानअन्तरगत बन्ने कानुनहरूले प्रेस स्वतन्त्रतालाई

बन्देज लगाउन सक्ने अवस्था रहँदैन । तर पनि केही सीमित राजनीतिक नेतृत्वले मिडियाप्रति अनुदार बन्दै कुनै सञ्चारमाध्यमले लेखेको बिषयलाई स्मरणमा राख्दै त्यसको कुण्ठा ओकल्ने ठाउँका रूपमा कानुन निर्माणको प्रक्रियालाई लिन थालेको आभास भएको छ । यही देखेर नेपाल पत्रकार महासंघले देशभरका प्रदेश र संघीय सरकारसमक्ष आफै उपस्थित भएर तथा स्थानीय सरकारहरूलाई विभिन्न रूपमा कानुन निर्माणका सन्दर्भमा ध्यानाकर्षण गराउँदै आएको छ ।

कानुन बनाएर प्रेस स्वतन्त्रतालाई साँघुरो बनाउने प्रयास दिगो हुन सक्दैन । नेपाली प्रेसले जुन ढंगले अभ्यास गर्दै आएको छ, यसले पनि प्रष्ट हुन्छ कि स्वतन्त्रताको अभ्यासको श्रृङ्खला निरन्तर चलिरहन्छ । हामीले मुलुकी र फौजदारी संहितामा संशोधनको माग गर्‍यौं । सरकारले सुझावका लागि कार्यदल पनि बनायो र तर कार्यदलको सुझावअनुसार ऐन संशोधन भएको छैन । यसमा हाम्रो गम्भीर आपत्ति छ र तत्काल संशोधन गर्नुपर्छ भन्ने माग पनि जोडदार रूपमा रहेको छ । तर, अर्को सत्य के हो भने, त्यो कानुन लागु भएको केही दिन, केही हप्ता अन्यौलता निकै छाए पनि त्यो कानुनले नेपाली पत्रकारिताको अभ्यासलाई कुनै सीमाभित्र कैद गर्न भने सकेन । अर्थात नेपाली पत्रकारिताले ती प्रावधानहरूको शालीन ढंगले अस्वीकार गरिदियो । अब जुन दिन हामीले अस्वीकार गरिसकेको कानुनको प्रयोग गरी असहज अवस्था ल्याउन खोजिन्छ, त्यतिबेला त्यसको कडा प्रतिवाद हुनेनै छ ।

प्रेसको आफ्नो दायित्व र धर्म हुन्छ । अभिव्यक्ति स्वतन्त्रताको उपयोगकर्ताहरूको पनि दायित्व र धर्म हुन्छ । लिंकनको परिभाषाअनुसार अर्काको स्वतन्त्रताको सम्मान गर्नु दायित्व हो भने त्यो दायित्व बहन गर्ने संस्कृतिको धारण गर्नु धर्म हो । प्रेस स्वतन्त्रताको नाममा छाडातन्त्र भयो, विसंगति मौलायो भनेर आलोचना गर्न प्रेसलाई नियन्त्रण गर्ने कानुन निर्माणका लागि बहाना बनाउने प्रयत्न संसारभरका शासकहरूले सधैजसो गर्दै आएका हुन्छन् । अहिले पनि नेपालमा यस्तै प्रयत्नहरू हुन थालेका छन् । यद्यपि, यस्तो प्रयत्न नौलो भने होइन । छाडातन्त्र र विसंगत हाम्रो सामाजिक व्यवस्थालाई व्यवस्थित गर्न नसक्दा आएका हुन् र सामाजिक व्यवस्थालाई व्यवस्थित गर्ने हो भने हरेक क्षेत्रहरू स्वतः आफ्नो दायित्व र धर्मभित्र बस्छन् भन्ने सामान्य हेक्का पनि नराख्ने शासकहरूले यस्तो प्रयत्न गर्ने हो । सामाजिक व्यवस्था खलबलियो, कानुनको शासनको अनुभूति भएन, राज्यले अभिभावकीय हैसियत राख्न सकेन र हर सन्दर्भमा विभेद देखियो भने सामाज छाडा हुन्छ । त्यहाँ तर मार्न चाहनेहरूकोसंख्या सबै क्षेत्रमा देखिन्छ । पत्रकारितामा यतिबेला तर मार्न चाहनेहरूको प्रवेशबाट मुक्त रहन सक्दैन । यस्तो अवस्थामा प्रेस स्वतन्त्रतालाई समस्या देखेर कानुन बनाउने होइन, बनेका कानुनहरूको

दुरूपयोग नगरी कानुनी शासनको अनुभूति दिलाउनेतर्फ अग्रसर हुनुपर्ने हो ।

आलोचनात्मक चेत पत्रकारिताको एउटा महवपूर्ण गुण हो । यो गुणले कुनै पनि बिषयको सकारात्मक र नकारात्मक पक्षकाबारेमा विश्लेषण गर्न प्रेरित गर्दछ । यो चेतकासाथमा विषयको विश्लेषण गर्दा निष्कर्षका रूपमा एकोहोरो आलोचना मात्र निस्कँदैन । बरू बलियो ढंगको खबरदारी निस्कन्छ । यही खबरदारी नै पत्रकारिताको धर्म हो । खबरदारीले कसैलाई पनि सही ट्र्याकमा हिड्न प्रेरित गर्दछ । खबरदारीलाई ग्रहण नगर्ने, त्यसलाई व्यक्तिगत आलोचनाका रूपमा मात्र लिने हो भने उसले आफूलाई सच्याउँदै अगाडि बढाउने अवसरबाट बञ्चित गराउँछ । लोकतन्त्रको विशिष्ट विशेषता भनेकै आफूलाई सच्याउँदै अगाडि बढाउनु हो । सच्चिने प्रक्रियालाई प्रेसले नै चलायमान बनाइदिने हो । त्यसकारण प्रेसको यो गुणको प्रवर्द्धन गर्दै समाजलाई लोकतान्त्रिकीकरणको मार्गमा उभ्याउनका लागि हाम्रा संविधान, कानुनदेखि सामजिक व्यबस्थाका नियमहरू त्यसअनुकुल हुनुपर्दछ ।

पत्रकार महासंघ यतिबेला आन्दोलनमा छ । आन्दोलनमार्फत महासंघले तीनवटा कुराहरू स्थापित गर्न खोजेको छ । नीतिगतरूपमा, मानसिकरूपमा र अभ्यासमा ती कुराहरू स्थापित नहुँदासम्म महासंघ पछाडि फर्कने छैन ।

पहिलो कुरा : कानुन निर्माणको यो क्रममा बन्ने सबै कानुनहरू प्रेसमैत्री बनून् । प्रेस स्वतन्त्रताका सन्दर्भका अन्तर्राष्ट्रिय महासन्धिहरूको मर्म, नेपालको संविधानको चाहना र अहिलेसम्म हामीले गर्दै आएको अभ्यासमा रौं बराबर पनि तलमाथि नहोस् भन्ने कुरा स्थापित गर्नु हाम्रो पहिलो उद्देश्य हो ।

दोस्रो कुरा : लेखेकै भरमा पत्रकारलाई यो या त्यो बहानामा गिरफ्तार गर्ने संस्कृति पूर्णरूपमा अन्त्य होस् भन्ने हाम्रो चाहना हो । लेखेर कुनै पनि अपराध हुँदैन । लेखेको कुराले संसारभर अपराध हुँदैन भने नेपालमा किन लेखेवापत अपराधीलाई दण्डित गर्ने कानुनको आडमा दुःख दिइँदै छ ? यो कुरा पूर्णरूपमा बन्द हुनुपर्दछ । लेखेर कसैको मान प्रतिष्ठामाथि आघात पुगेको छ भने त्यसको उपचार गर्ने कानुनी विधि प्रशस्त छन्, जुन विधिबाट अदालतसम्म पुग्न सकिन्छ । लेखेर पनि अपराध हुन्छ भन्ने मानसिकता शासकहरूको मस्तिष्कबाट उखेलेर फाल्नु पर्छ भन्ने हाम्रो चाहना छ ।

तेस्रो कुरा : श्रमजीवी ऐनको पूर्ण कार्यान्वयनका लागि हामी प्रतिबद्ध छौ । नेपाली पत्रकारहरूको लडाईको एउटा उपलब्धि हो त्यो ऐन । त्यो ऐनको कार्यान्वयनका लागि हामी लड्दै आउँदा न्युनतम पारिश्रमिक निर्धारण समिति जस्तो संरचना पनि निर्माण गर्न सकेका छौं । त्यो पनि हाम्रो अर्को उपलब्धि हो । त्यो संरचनाले समय समयमा

पत्रकारको न्युनतम तलव निर्धारण पनि गरिदिएको छ । त्यो पनि पत्रकार महासंघको आन्दोलनकै उपलब्धि हो । त्यसैअनुसार श्रम गरेअनुसारको तलव तथा अन्य सेवा सुविधाको सुनिश्चितता गर्नु जरूरी छ । महासंघले यो क्रममा व्यबस्थापन पक्षसँग संवाद गरेर तलव उपलब्ध गराउने काम पनि गर्दै आइरहेको छ । तर, अहिले ऐनभित्रका सबै प्रावधानको स्पष्ट र थप व्याख्या गर्दै स्वरोजगारमुलक तथा साना लगानीका मिडियाको संरक्षण र प्रवर्द्धनका सवालमा राज्य छलफल गर्न तयार होस्, छलफलबाट स्पष्ट दृष्टिकोण निर्माण गरोस् र सरोकारवालासमेतको सहकार्यमा कार्यान्वयन गर्ने दिशामा उन्मुख होस् ।यसो नगर्दा कानुनले संरक्षण गरेका सञ्चारमाध्यम समेत समस्यामा देखिएका छन् । फेरि कुनै पनि निर्णय कार्यान्वयन गर्दा त्यसक्रममा आउन सक्ने अन्य समस्यालाई सम्बोधन गर्नका लागि सिर्जनशील चिन्तन राख्न जरूरी हुन्छ । यस्तो चिन्तनका साथ पछिल्लो समयमा देखिएका समस्याहरूको समाधान हुनु पर्दछ ।

अहिले पत्रकार महासंघले यी तीन कुरा स्थापित गर्नका लागि तथा तत्काल कार्यान्वयन गर्नका लागि प्रेस स्वतन्त्रताको झण्डा बोकेर आफूलाई आन्दोलनको मैदानमा उतारेको छ । आन्दोलन सिर्जनशील स्वरूपको छ । यो क्रममा सरकारलाई ज्ञापनपत्र बुझाइए, सांकेतिक धर्नाहरू भए, राजनीतिक दलहरूका शीर्ष नेताहरूलाई अलग अलग भेटेर समस्याको बारेमा अवगत पनि गराइयो । त्यस्तै र्‍यालीमार्पत आफ्ना मुद्दाहरूको सामाजिकीकरण गर्ने प्रयत्न पनि हामीले यो बीचमा गरेका छौं ।



रमेश विष्ट

# खोलो तऱ्यो, लौरो बिर्स्यो

**लामो र कठोर संघर्षबाट अघि बढेको नेपाली प्रेसले आफ्ना अधिकारहरू संरक्षण गर्ने हैसियत र सामर्थ्य राख्दछ । नेपाली प्रेससँग अन्तर्राष्ट्रिय समुदायको दरिलो साथ छ । सुदृढ एकता छ र आफ्नो अधिकारका लागि लड्न चाहिने ज्ञान, सीप र क्षमता छ । दल र सरकारले सँगैको सहयात्रीलाई 'खोलो तऱ्यो, लौरो बिर्स्यो' जस्ता व्यवहार गरेका छन् ।**

नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ । विश्वका धेरै मुलुकका संविधानको प्रस्तावनामा प्रेस स्वतन्त्रतालाई यति धेरै महत्व सायदै दिइएको होला । २०४७ सालको संविधानले प्रेस स्वतन्त्रतालाई उच्च महत्व दिएको थियो । त्यसैको निरन्तरतास्वरुप २०७२ सालमा संविधानसभाको माध्यमबाट निर्माण भएको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताले स्थान पायो । संविधानका अक्षरहरूमा जति महत्वका साथ प्रेस स्वतन्त्रताले स्थान पाए पनि व्यवहारमा नेपाली सञ्चार क्षेत्रले पूर्ण प्रेस स्वतन्त्रताको अभ्यास गर्न पाएका छन् त ? यो प्रश्न यतिबेला गम्भीर महत्वका साथ उठेको छ ।

संविधान निर्माणपछि तीन तहका सरकार र संसद् निर्माण भए । तीनवटै सरकार र संसद्ले कानुनहरू निर्माण गरिरहेका छन् । कतिपय पुराना कानुनहरू विस्थापित गर्दै नयाँ कानुनहरू निर्माण गर्ने क्रममा संविधानमा प्रतिबिम्वित भएको पूर्ण प्रेस स्वतन्ताअनुरूप कानुनहरू बन्न सकेका छैनन् । प्रेसलाई नियन्त्रण गर्ने थुप्रै प्रावधानहरू कानुनहरूमा समावेश गरिएका छन् । मुलुकी फौजदारीसंहितामा भएका प्रेस स्वतन्त्रताविरोधी व्यवस्था सच्याउने माग गर्दै नेपाल पत्रकार महासंघ सडकमै आर्लिन पर्ने परिस्थिति आइपऱ्यो । मुलुकी फौजदारीसंहितामा भएका प्रेसविरोधी प्रावधान सच्याउन सरकारले समिति गठन गरे पनि उक्त समितिको प्रतिवेदनअनुसार संहिता संशोधन हुन सकेको छैन ।

अहिले पनि थुप्रै प्रेससँग सम्बन्धित कानुनहरू निर्माण हुने चरणमा छन् । संघीय संसद्बाट निर्माण हुने ती कानुनहरूका बारेमा सरोकारवाला पक्षसँग पर्याप्त छलफल गरिएका छैनन् । सरकारले प्रस्ताव गरेको कानुनहरूमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज लगाउन सकिने थुप्रै प्रावधानहरू छन् । जुन प्रावधानहरू नेपालको संविधान र प्रेस स्वतन्त्रताको विश्वव्यापी मूल्य र मान्यताभन्दा फरक छन् ।

बनिरहेका कानुनहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी नहोस् भन्नका लागि महासंघले विभिन्न किसिमका दबाब अभियानहरू सञ्चालन गरिरहेको छ । महासंघको अभियानले सरकार र सरोकारवाला पक्षलाई केही दबाब परे पनि विश्वस्त हुने वातावरण बन्न सकिरहेको छैन ।

संख्यात्मकरूपमा स्थानीय तह धेरै भएकोले पनि उनीहरूले बनाएका कानुनहरूको बारेमा गहिराईसम्म पुगेर बुझ्न कठिन भइरहेको छ । जानकारीमा आएका स्थानीय तहका कानुनले पनि सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने उद्देश्यसहितका कानुनहरू निर्माण गरिरहेका छन् । धेरैजसो स्थानीय तह र प्रदेश सरकारहरू निजी सञ्चार क्षेत्रको विकासभन्दा आफै सञ्चारमाध्यम सञ्चालन गर्ने र निर्देशित समाचार सामग्री प्रवाह गर्ने उद्देश्यका साथ अघि बढिरहेको देखिन्छ ।

प्रदेश सरकारले निर्माण गर्ने कानुनहरू पनि प्रेसमैत्री देखिदैनन् । स्वतन्त्रतापूर्वक पत्रकारिताको अभ्यासलाई निषेध गर्ने किसिमबाट नै प्रदेशका कानुनहरू आएका छन् । पत्रकार महासंघको दबाबका कारण केही प्रदेश सरकारहरूले प्रेसविरोधी प्रावधानहरू परिवर्तन गरेका छन् ।

मुलुकको राजनीतिक परिवर्तनमा नेपाली प्रेसको महत्वपूर्ण भूमिका छ । राजनीतिक स्वतन्त्रताका लागि नै खुलेको सञ्चारमाध्यमहरूको जगमा नेपाली प्रेसको विकास भएको हो । आवश्यक पर्दा आफ्ना कलमहरूका माध्यमबाट नभई सडकमै ओर्लिएर नेपालका पत्रकारहरूले स्वतन्त्रताको लागि संघर्ष गरे । पछिल्लो समय तत्कालीन राजाले शासन सत्ता हातमा लिएपछि प्रेसमाथि चर्को दमन भयो । लोकतन्त्रमा मात्रै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग सम्भव छ भन्ने निष्कर्षका साथ पत्रकारहरू संघर्षमा होमिए । निरंकुशताको चर्को दमनमा परेको राजनीतिक दलहरूका लागि पत्रकारहरूको आन्दोलनले सहयोगमात्रै पुऱ्याएनन् मार्गदर्शन नै गऱ्यो । नेपाली प्रेस स्वतन्त्रताको आन्दोलनमा त्यो सर्वाधिक चुनौतीपूर्ण थियो । आन्दोलनका ती

दिनहरूलाई फर्केर हेर्दा प्रत्येक पत्रकारलाई गौरव अनुभूति हुने गर्छ । आन्दोलनको नेतृत्व गर्ने पत्रकार महासंघलाई तत्कालीन सत्ताले आठौं दलको संज्ञा दिएको थियो ।

संविधानसभा, गणतन्त्र र प्रेस स्वतन्त्रता त्यतिबेला प्रेस जगतको एजेण्डा थियो । राजनीतिक दल, प्रेस र नागरिक समाजको नेतृत्वमा मुलुकमा युगीन परिवर्तन भयो । दश वर्षको सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भयो । मुलुक नयाँ राजनीतिक प्रणालीमा प्रवेश गऱ्यो । त्यही प्रणालीलाई ऐन, कानुनबाट व्यवस्थित गर्ने समयमा भने राजनीतिक नेतृत्वको व्यवहार परिवर्तन भयो । प्रेसका अधिकारहरू कुण्ठित गर्ने र दायरालाई साँघुरो बनाउने किसिमबाट ऐन कानुनहरूको तर्जुमा हुन थालेका छन् । यो प्रेस जगतका लागि अत्यन्त दुःखद् र विडम्बनापूर्ण अवस्था हो ।

समाचार लेखेकै कारण अहिले पत्रकारहरूले फौजदारी कानुनहरूको सामना गरिरहनु परेको छ । विद्युतीय कारोबार ऐनको तरवार पत्रकारमाथि झुण्डिरहेको छ । सार्वजनिक अपराधदेखि राज्यविरूद्धको कसुरमा पत्रकारहरू हिरासतमा बस्न बाध्य छन् । सर्वोच्च अदालतका फैसलाहरूसमेत लत्याउँदै चिलले कुखुरा छोपेजस्तै गरी पक्राउ गरिएका छन् । विधि र पद्धतिको खिल्ली उडाइएको छ । प्रेस स्वतन्त्रताका सवालमा सत्तापक्ष आक्रमक ढंगबाट अघि बढिरहेको छ भने प्रतिपक्ष रहस्यमयी ढंगबाट मौनता साँधिरहेको छ । अब नेपाली प्रेसले आन्दोलनको समयमा खेलेको भूमिकाको हिसाव माग्ने समय आएको छ ।

राजनीतिक परिवर्तनपछि नेपाली सञ्चार क्षेत्रले पनि परिवर्तन खोजेको छ । यस क्षेत्रको विकासका लागि विशेष कार्यक्रमको अपेक्षा स्वाभाविक पनि थियो । विज्ञापनको समानुपातिक वितरण, क्षमता अभिवृद्धिका लागि प्रशिक्षण प्रतिष्ठान र प्राज्ञिक अभ्यासको वातावरण निर्माण गर्नेतर्फ हाम्रा प्रयाससमेत हुनसकेका छैनन् । हामीसँग सञ्चार क्षेत्रको विकासका लागि कुनै ठोस योजना छैन ।

कमजोरी सञ्चार क्षेत्रबाटै पनि भएको छ । खासगरी छरपष्ट ढंगबाट खुलेका अनलाइन सञ्चारमाध्यमहरूले सम्प्रेषण गर्ने सामग्रीले समग्र प्रेसजगत नै अप्ठ्यारोमा परेको छ । पत्रकारिता क्षेत्रले नै नचिनेका अनलाइनहरूले गर्दा समग्र प्रेस स्वतन्त्रताको अवस्थालाई नै कमजोर बनाएको छ । मिडियामा देखिएका विकृति र विसंगतिले प्रेसमाथि अंकुश लगाउन चाहनेहरूलाई बल मिलेको छ । थोरै कमजोरीले धेरै राम्रा पक्षहरू ओझेल पारेको छ ।

प्रेस स्वतन्त्रताको रक्षा, कानुन निर्माणको पेचिलो संघर्ष र पत्रकारका भौतिक सुरक्षाको चुनौतीले श्रमजीवी पत्रकारका पेशागत हक, अधिकारका मुद्दा ओझेल परेको छन् । अहिले पनि स्वतन्त्रता पहिलो विषय बनिरहेको छ । एउटै उद्देश्यका लागि लडेका राजनीतिक नेतृत्व र प्रेसले आन्दोलनका भावना र साझा एजेण्डा बिर्सदा अहिले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको चिन्ता गर्नुपर्ने अवस्था किमार्थ उचित छैन ।

प्रेसको आधारभूत चरित्र भनेकै आलोचना हो । आफ्ना बारेमा कुनै पनि आलोचना स्वीकार्न नसक्ने राजनीतिक नेतृत्वका कारण यतिबेला पत्रकारका स्वतन्त्रताहरू खतरामा परेका छन् । प्रेस कसैको भजनमण्डली होइन । आलोचनात्मक चेत भएको जिम्मेवार पक्ष हो । लोकतान्त्रिक पद्धति र संस्कारमा स्वस्थ आलोचनालाई उच्च महत्व दिइन्छ ।

समग्रमा अहिले पनि नेपाली प्रेस आफ्नो स्वतन्त्रताको लडाईमा नै छ । लामो र कठोर संघर्षबाट अघि बढेको नेपाली प्रेसले आफ्ना अधिकारहरू संरक्षण गर्ने हैसियत र सामर्थ्य राख्दछ । नेपाली प्रेससँग अन्तर्राष्ट्रिय समुदायको दरिलो साथ छ । सुदृढ एकता छ र आफ्नो अधिकारका लागि लड्न चाहिने ज्ञान, सीप र क्षमता छ । दल र सरकारले सँगैको सहयात्रीलाई 'खोलो तर्‍यो, लौरो बिर्स्यो' जस्ता व्यवहार गरेका छन् । तर, हामी लोकतान्त्रिक शासन व्यवस्थाकै अभ्यासमा छौ भने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता अपरिहार्य छ ।



प्रकाश थापा

# आखिर खोई त प्रेस स्वतन्त्रता ?

**हामीलाई निर्बाधरूपमा लेख्न देऊ भनेर नेपाल पत्रकार महासंघ आन्दोलनमा उत्रन बाध्य भएको छ । प्रेस पास नवीकरण नभएर पत्रकार सूचनाको पहुँचसम्म पुग्न सकिरहेका छैनन् । सार्वजनिक पदधारण गरेका व्यक्तिहरूकोबारेमा सामाजिक सञ्जालमा व्यक्त विचारका आधारमा पत्रकार पत्राउ परिरहेका छन् ।**

प्रेस स्वतन्त्रता

आफनो चेतनाले भेटेसम्म स्वतन्त्ररूपमा छलफल गर्ने, बोल्ने र जान्ने स्वतन्त्रता देऊ ("Give me the liberty to know, to utter, and to argue freely according to conscience, above all liberties."- John Milton , Areopagitica)

जोन मिल्टनको यो भनाइबाट नै सत्रौ शताब्दीमा सबैभन्दा पहिले बेलायतमा प्रेस स्वतन्त्रताको शंखनाद भयो । प्रेस स्वतन्त्रता अभिव्यक्ति स्वतन्त्रताको उच्चतम रूप हो । स्वतन्त्र प्रेस, मानव अधिकारको पहरेदार हो । प्रेस स्वतन्त्रता लोकतान्त्रिक समाजको गहना हो ।

प्रत्येक व्यक्तिले बोलेर र लेखेर आफ्नो विचार एवम् भनाइहरू निर्बाधरूपले अभिव्यक्त गर्न पाउनुपर्छ । प्रेस स्वतन्त्रताको प्रत्यक्ष सम्बन्ध लोकतान्त्रिक हकअधिकारसँग रहन्छ । लोकतान्त्रिक हकअधिकारको सम्बन्ध राजनीतिक स्वतन्त्रतासँग पनि गाँसिएको हुन्छ । प्रेस स्वतन्त्रता नागरिक अधिकारको एउटा पाटो मात्र नभई सबल आत्मिक पक्षनै हो । प्रेस स्वतन्त्रता लोकतान्त्रिक नागरिक समाजको खम्बा हो । विधिको शासनले मात्र प्रेस स्वतन्त्रताको प्रत्याभूति दिन सक्छ । लोकतान्त्रिक समाजमा संविधान, कानुन र विभिन्न सन्धि सम्झौताबाट प्रेस स्वतन्त्रता संरक्षित भएर पुग्दैन । यसको रक्षा व्यवहारमा पनि त्यतिकै हुनुपर्दछ ।

संविधान एवम् कानुनी व्यवस्थाबाट विचार र अभिव्यक्तिको संरक्षण मात्र भएर पुग्दैन । यसको रूपान्तरण व्यवहारमा यथार्थरूपमा के कसरी र के कति परिणाममा भएको छ भनेर जाँच्ने कसी नै प्रेस हो ।

नागरिकको सूचनाको हक स्थापित छ र व्यवहारमा सूचनामाथि पहुँच पनि छ भने मात्र प्रेस स्वतन्त्रताको प्रत्याभूति भएको ठहर्दछ । संविधान र कानूनबाट प्रेस स्वतन्त्रताको प्रत्याभूति छ तर व्यवहारमा सूचनाको स्रोतसम्मको सरल पहुँचको अवरोध, सूचना प्रवाहका माध्यमहरूमा विभिन्न प्रकारका नियन्त्रण तथा निर्देशितरूपमा सूचना प्रवाहको प्रयास हुने हो भने संवैधानिक एवम् कानूनी संरक्षण प्राप्त हुँदाहुँदै पनि प्रेस स्वतन्त्रता व्यवहारमा रूपान्तरित हुन सक्दैन । संवैधानिक प्रावधानले गन्तव्य निर्धारण त गर्दछ तर सो गन्तव्यसम्म पुग्नका लागि व्यवहारिक प्रक्रियाहरू पनि सरल, सहज र निर्बाध हुनुपर्दछ ।

## संवैधानिक र कानुनी प्रावधान

नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ । त्यस्तै भाग ३ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक र धारा २७ मा सूचनाको हकको प्रत्याभूति गरिएको छ ।

त्यसो त संवैधानिक रूपमा प्रेस स्वतन्त्रताको सुनिश्चितता नहुँदै गर्दा पनि नेपाली पत्रकारिताले आफूलाई निर्बाध अगाडि हिडाउने कोशिस गर्दै आएको हो । राज्यको कुदृष्टिमा पर्ने, यातना सहनु पर्ने, लेखेवापत जेलसम्म जाने अवस्थामा पनि पत्रकारिताको यात्रालाई निरन्तरता दिँदै आएको हो । त्यतिबेला नेपाली पत्रकारिता क्षेत्रको मिशन थियो–स्वतन्त्र प्रेसका लागि लोकतान्त्रिक पद्धतिको स्थापना । नेपाली पत्रकारितासमेतको सक्रिय सहभागितामा मुलुक राजनीतिक रूपमा लोकतान्त्रिक पद्धतिको अभ्यासमा धेरै अगाडि बढिसकेको छ । यो क्रममा नेपाली प्रेसलाई स्वतन्त्रताको प्रत्याभूति दिलाउने काम पनि वैधानिक रूपमा भएको छ । नेपालको पछिल्लो संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता भएसँगै नेपाली प्रेस स्वतन्त्र हुने अपेक्षा गरियो, जुन स्वाभाविक अपेक्षा थियो । सँगसँगै संविधानमा मौलिक हकको महलमा उल्लेख गरिएको सूचनाको हकको प्रयोग गर्नका लागि सूचनाको हकसम्बन्धी कानुन नै निर्माण भयो ।

तर, पनि व्यवहारमा त्यो सहज हुन सकेन । मुलुकी संहिता र फौजदारी संहिताले स्वतन्त्र प्रेसलाई संकुचनभित्र राख्ने प्रशस्त व्यवस्थाहरू राखेर आफ्नो उपस्थिति जनाएको छ । विद्युतीय कारोवार ऐनको दफा ४७ र ४८ को सम्पूर्ण रूपमा दुरूपयोग गर्दै राज्यले पत्रकारहरूलाई सताइरहेको छ ।

## वर्तमान परिवेश

नेपालको सन्दर्भमा प्रेस स्वतन्त्रताका लागि पटकपटक संघर्ष भए । राणा शासन, पञ्चायती निरंकुशता, प्रत्यक्ष शाही शासनको समय प्रेस स्वतन्त्रताकालागि जतिनै प्रयास गरे पनि तत् समयमा प्रेस स्वतन्त्रता हात्तीको देखाउने दाँत मात्रै थियो । २०६२/०६३ को परिवर्तनपछि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्‍यो । नागरिकहरू सडकमा ओर्लनै नपर्ने गरी परिवर्तन संस्थागत गरियो भनियो । पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी पनि भयो ।  तर, व्यवहारमा प्रेस स्वतन्त्रता प्राप्त भएन ।

संविधान र कानुनले ग्यारेण्टी गरे पनि के अहिले मुलुकमा प्रेस स्वतन्त्रता कायम छ त ? प्रेस स्वतन्त्रताको प्रत्याभूतिका लागि व्यवहारमै निम्न कुराहरू अनिवार्य छ ।

क) समाचार संकलन, लेखन, प्रकाशन र प्रसारणमा कुनै किसिमको नियन्त्रण नहुनु ।

ख) सूचना प्राप्त गर्ने जनताको अधिकार, सम्भावना र स्वतन्त्रता रहनु ।

ग) सञ्चारकर्मीको स्रोतसम्मको पहुँच कायम हुनु ।

घ) समाचार माध्यमले लगानीकर्ता र विज्ञापनदाताको प्रभावबाट उन्मुक्ति प्राप्त गर्नु ।

ङ) समाचार र विचारको स्वतन्त्र प्रवाह गर्न पाउने सम्पादकीय स्वतन्त्रता रहनु ।

च) लेखे वा पत्रकारिता कर्म गरेवापत कुनै पनि किसिमको धरपकड, धम्की, गिरफ्तारीको सामना गर्न नपर्ने अवस्थाको सुनिश्चितता हुनु ।

### निष्कर्ष

प्रेस स्वतन्त्रताको परिभाषा, नेपालको संविधान र कानुनमा उल्लिखित प्रावधानलाई व्यवहारको कसीमा जाँचेर हेर्दा स्पष्ट हुन्छ कि प्रेस स्वतन्त्रता कार्यान्वयनको अवस्था नाजुक छ । दुई तिहाई बहुमतको सरकारले प्रेसमाथि नियन्त्रण र अंकुश लगाउने काम गरिरहेको छ । हामीलाई निर्बाधरूपमा लेख्न देऊ भनेर नेपाल पत्रकार महासंघ आन्दोलनमा उत्रन बाध्य भएको छ । प्रेस पास नवीकरण नभएर पत्रकार सूचनाको पहुँचसम्म पुग्न सकिरहेका छैनन् । सार्वजनिक पदधारण गरेका व्यक्तिहरूकोबारेमा सामाजिक सञ्जालमा व्यक्त विचारका आधारमा नागरिक र स्वयम् पत्रकार पक्राउ परिरहेका छन् । यो संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास प्रेस र अभिव्यक्ति स्वतन्त्रताकोलागि शुभ संकेत पक्कै होइन ।

(यस आलेखसँग सम्बन्धित प्रेस स्वतन्त्रता हनन्का घटना महासंघको २०७५ सालको प्रतिवेदनमा उल्लेख छ ।)

# आयोगको अधिकार संकुचन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको चिन्ता



यम विरही

**पत्रकार महासंघकै अनुगमन प्रतिबेदनले पनि सय भन्दा बढी प्रेस स्वतन्त्रताविरूद्धका घटना औंल्याएको छ । समाचार लेखेकै आधारमा पत्राउका घटना बढ्दै छन् । अदालत र मानवअधिकार आयोगको गेटबाटै पत्रकारमाथि धरपकड भइरहेको छ । यसरी दण्डहिनताले विस्तारै मुन्टो उठाउँदै छ ।**

सरकारले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न मस्यौदा तय गरेको छ । सँगसँगै आयोगकै परामर्श बिना वधेयक तयार भएको भन्दै असन्तुष्टी पनि बाहिर आएको छ । मानवअधिकारका क्षेत्रमा काम गर्ने सामाजिक अभियन्ताहरूले विधेयकका कारण स्वायत्तता र स्वतन्त्रतामा अंकुश लाग्ने खतरा पैदा भएको धारणा राखेका छन् । यति मात्र नभई यो विधेयक मानव अधिकारको 'पेरिस सिद्धान्त' प्रतिकुल रहेको ठम्याई उनीहरूको छ ।

खासगरी मानवअधिकार उल्लङ्घनका घटनामा आयोगको अनुसन्धानपछि हुने सिफारिसको कार्यान्वयन महान्यायाधिवक्ताको आदेश र निर्देशनमा हुने प्रावधानप्रति आयोगको गम्भिर आपत्ति छ । आयोगको हैसियत जाँच्ने गरी संसदीय समिति र संसद्भन्दा पनि तल्लो निकायसम्म पुर्‍याउने कार्यले संविधानको मर्म र भावनामै चोट पुर्‍याउँदछ । एउटा स्वतन्त्र संवैधानिक आयोगको अधिकार र स्वायत्तता माथि नै गम्भीर असर पुग्दछ । आयोगलाई संविधान बमोजिम बाहेक संसदीय समितिलेसमेत निर्देशन दिन सक्दैनन् । मानव अधिकारसम्बन्धी पेरिस सिद्धान्त र संविधानको धारा २९३ को भावना र व्यवस्था प्रतिकूल हुने गरी विधेयकमा नयाँ व्यवस्था थपिएको प्रश्न आयोगबाटै उठेको अवस्था छ ।

आयोगको सिफारिस कार्यान्वयन प्रक्रियालाई महान्यायाधिवक्ताले प्रभावित पार्ने कार्य मानवअधिकारप्रति संवेदनशिल समुदायका लागि चिन्ताको बिषय हो । यदी यो व्यवस्था कायम रह्यो भने मानव अधिकार उल्लङ्घनका उजुरी छानविनपछि गरिने कारवाहीका सिफारिसमा मुद्दा चल्ने नचल्ने निर्णय महान्यायधिवक्ताले मात्रै गर्नसक्छ । कारवाहीप्रक्रिया नै घुमाउरो भाषामा महान्यायधिवक्ताको पोल्टामा पार्ने मनसाय विधेयकमा देखिन्छ । जस्ले गर्दा झण्डै दुई दशक लामो इतिहास बोकेको आयोग कमजोर हुने छ । हाल आयोगले सिधै सरकारलाई कारबाहीको लागि सिफारिस गर्ने र प्रधानमन्त्री कार्यालयले मुद्धा चलाउने प्रयोजनका लागि प्रहरी कार्यालयलाई निर्देशन दिने व्यवस्था थियो । कुनै पनि मुद्दामा पर्याप्त प्रमाण छ की छैन भन्ने ठहर अदालतले मात्र गर्दछ ।

विधेयकमा आयोगको प्रदेश तथा शाखा कार्यालयहरु नै नरहने व्यवस्थासमेत राखिएको छ । जस्ले गर्दा सामान्य नागरिकको मानव अधिकारको पहुँचमा गम्भिर समस्या आउने चिन्ता पनि थपिएको छ ।

आयोगलाई कमजोर बनाउँदा मानवअधिकारको प्रबर्द्धनमा पक्कै पनि बल पुग्दैन । फौजदारी कारबाहीको बिषय महान्यायाधिवक्ताको तजविजमा छाड्दा सरकारको कानुनी सल्लाहकार भएका कारण प्रमाणमा खोट देखाएर अन्य फौजदारी मुद्धा सरह नचलाउन अवस्था निम्तिन सक्छ । हुन त यो बिषयमा आयोगको पदाधिकारी बैठकले पुनर्विचार गर्न सरकारलाई पत्राचार पनि गरिसकेको छ ।

आयोगका पदाधिकारीसँग छलफलै नगरी विधेयक ल्याइएको कुरा बाहिर आएको छ । द्वन्द्वका घटनामा उजुरी अनुसन्धान पछि गरेको सिफारिससमेत कार्यान्वयन नभएको अबस्थामा झन् यस्तो प्रावधान राख्दा मानवअधिकारमा सरकारको संवैधानिक कर्तव्यप्रति शंका उब्जेको छ । आयोगको क्षेत्राधिकार संकुचन गर्दा अन्तर्राष्ट्रिय जगतमै प्रश्न उठ्ने अबस्था उत्पन्न हुने छ । आयोगको स्वायत्तता र स्वतन्त्रताको बिषय केवल आयोगको मात्र सरोकारको बिषय होइन भनेर बुझ्नु जरूरी छ । आयोग न्याय र मानवअधिकारप्रेमी सबैको न्याय माग्न जाने साझा थलो हो ।

मानव अधिकारप्रतिको प्रतिबद्धता राष्ट्रभित्र मात्र नभई अन्तर्राष्ट्रिय मञ्चमासमेत देखिनुपर्दछ । आयोगको स्वायत्तता र स्वतन्त्रतामाथि आँच पुगे अन्ततोगत्वा प्रेश स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता पनि संकटमा पर्ने खतरा रहन्छ । यी दुबै स्वतन्त्रता मानवअधिकारभित्र पनि मुटु र मस्तिष्क मानिन्छन् । झन् यतिबेला सञ्चारकर्मीमाथि धम्की, दबाब, पक्राउ र पुनः पक्राउका घटना दोहोरिइरहेका छन् । सञ्चार जगतलाई भरथेग गर्ने निकाय भनेकै आयोग हो ।

मानव अधिकार रक्षक सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९९८ ले पत्रकारलाई पनि मानव अधिकार रक्षकको रूपमा मान्यता दिइसकेको छ । प्रेशलाई माथिल्लो दर्जाको स्थान दिँदै वर्तमान संविधानको प्रश्तावना र धारा १७ (२) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा धारा २७ ले सूचनाको हकलाई सुनिश्चित गरेको छ । संविधानले नै सूचनाको हक अहरणिय र अकुण्ठित रूपमा बलियो बनाएको छ । यो सबै चिज चुस्त दुरूस्त छ की छैन भनेर हेर्ने र छहारी दिने भनेकै आयोग हो । कुनै पनि बहानामा न्यायालयलाई झैं स्वतन्त्र आयोगको भूमिकालाई राज्यले कम आँक्न मिल्दैन ।

व्यक्तिको मर्यादित र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको पूर्ण रूपमा सम्मान गर्न, व्यक्तिका स्वतन्त्रताको अधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग सुनिश्चित गर्न आयोगको ससक्त उपस्थितिको जरूरत छ । यसैले आयोगको क्षेत्राधिकार कटौती हुँदा प्रेस स्वतन्त्रता र विचार अभिव्यक्तिको स्वतन्त्रता पनि स्वतः खुम्चिने अबस्था आउँछ । आयोग र प्रेशको अधिकार कमजोर हुँदा सर्वसाधारणको आबाज दमित हुन पुग्दछ र बृहद हितमा धक्का पुग्दछ ।

यसर्श संशोधन विधेयकलाई सरकारले तत्काल फिर्ता लिएर आयोगको परामर्श अनुरूप बनाउनुपर्दछ । यसै पनि मानवअधिकार उल्लङ्घनका गम्भिर अपराधमा छानविन गरी दोषीलाई दण्ड दिन राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिस १७ बर्षसम्म सरकारमा पुगेर थान्को लागेका छन् । आयोगले हत्या, बेपत्ता, अपहरण, यातना र बलात्कार जस्ता अपराधमा सजायका लागि किटानीसहित सिफारिस गरेको छ । राज्यबाट पीडितलाई पक्षलाई आंशिक रूपमा क्षतिपुर्ति दिए पनि दोषीलाई फौजदारी कारबाहीको दायराबाट उन्मुक्ति दिँदै आएको अबस्था छ ।

आयोगबाट भएका गम्भिर प्रकृतीका सिफारिसमा दोषीलाई सजाय नहुँदा उल्टै अपराधीको मनोबल बढेको छ । यता स्वतन्त्र आयोगको संवैधानिक हैषियतमासमेत प्रश्न उठेको छ । आयोगले यस अवधिमा नौ सय २७ वटा सिफारिस गरेको छ । कानुनी कारवाहीका आठ सय ५६ र सुधारका लागि ७१ वटा सिफारिस भएका छन् । यी सिफारिसमध्ये अपराधीलाई दण्ड दिने प्रयोजनका लागि यतिका समयसम्म एउटै कारबाही भएको छैन ।

लोकतन्त्र आएको बाह्र बर्ष बितिसक्दा पनि 'दण्डहीनता' एउटा ठूलो चुनौतीका रूपमा ठडिएको छ । मानव अधिकारको उल्लंघनमा दोषी देखिएका तथा अदातलबाट दोषी ठहर भएका व्यक्तिले उन्मुक्ति पाउने र सजाय नपाउने अवस्थाले पीडित झनै पीडित बन्नुपर्ने अवस्था देखिएको छ । सिफारिस कार्यान्वयनको अबस्था झन् झन् घट्दो छ ।

कार्यान्वयनको अवस्था हेर्दा १४ प्रतिशतबाट घटेर १२ मा झरेको छ । कानुनी कारबाही

भए पनि विभागीय कारबाहीमा सिमित राखेर पन्छिने हिसाबले भएको छ । फौजदारी अपराधमा सजिलै जाहेरी नलिइनु, छानविन र अभियोजन नहुनु, अपराधका घटनाको अनुसन्धानमा प्रभावकारीताको अभाव र दोषी पत्ता लगाउन नसक्नुले दण्डहीनतालाई प्रश्रय पुगेको छ । र, मानव अधिकार संरक्षणको बिषयमा चुनौती बढेको छ ।

आयोगको अभिलेखबाट १७ बर्षको अवधिमा क्षतिपुर्ति र राहातमा मात्र सरकार केन्द्रीत भएको छ । राजनीतिक पहुँचका व्यक्तिलाई दण्डीत गर्ने बिषयमा आलटाल भइरहेको छ । मानवअधिकारको संरक्षण र प्रबर्द्धनका लागि सिफारिस गर्ने आयोगको काम हो । तर कार्यान्वयन गर्नुको सट्टा बरू कुनै न कुनै बहानामा दोषीलाई नै बढावा दिएको देखिने काम भइरहेको छ । जस्ले गर्दा अन्तर्राष्ट्रिय रूपमा मुलुककै छवि धुमिल हुने अबस्था छ ।

आयोगका सिफारिस कार्यान्वयन हुन नसक्दा मानव अधिकार उल्लंघनका विषयले बर्षेनी संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा उजुरीको रूपमा प्रवेश पाएका छन् । मुलुकभित्रै सिफारिसमा कानुनी कारबाही पीडितसमेत राष्ट्रसंघमा उजुरी लिएर पुग्ने गरेका छन् । उल्लङ्घनकर्ता नै आलोपालो गरेर राज्यको मुख्य जिम्मेबार पदमा रहेका कारण सिफारिसमा कारबाही नभएको हो की भन्ने प्रश्नहरू पिडीतबाट उठ्ने गरेका छन् ।

न्याय प्राप्तीको बिषयलाई राज्यबाट क्षतिपूर्ति र राहातमा मात्र सिमित राख्न खोजिएको छ । प्रेश स्वतन्त्रता उल्लङ्घनका घटनामा बढोत्तरी भइरहेको छ । पत्रकार महासंघकै अनुगमन प्रतिबेदनले पनि सयभन्दा बढी प्रेश स्वतन्त्रताविरूद्धका घटना औंल्याएको छ । समाचार लेखेकै आधारमा पक्राउका घटना बढ्दै छन् । अदालत र मानवअधिकार आयोगको गेटबाटै पत्रकारमाथि धरपकड भइरहेको छ । यसरी दण्डहिनताले विस्तारै मुन्टो उठाउँदै छ । अनि सबैको अधिकारको सुनिश्चित गर्न भनेर स्थापित आयोग विचरो बन्दै छ ।

अधिकार क्षेत्र कटौतीको बिषय होस् या सिफारिस कार्यान्वयन नभएको बिषय । आयोगले राष्ट्र संघलगायत अन्तर्राष्ट्रिय फोरममा पुगेर भन्नसक्छ । भोली राष्ट्रसंघले हस्तक्षेप गर्नुपूर्व नै बेलैमा सुझबुझ अपनाउँदा सरकार, आयोग, प्रेस सबैको सम्मान बढ्ने कुराको हेक्का राख्नु बुद्धिमानी हुने छ ।



मधु शाही

# सुरक्षाविहीन महिला पत्रकार

**अन्तर्राष्ट्रिय मिडिया फोरमहरूमा महिला र इन्टरनेट दुर्व्यवहारको अवस्था खोजी भइरहेकोछ । महिलामैत्री पत्रकारिताको अभाव छ । केही मिडिया हाउसले यस्तो वातावरण सिर्जना गर्ने प्रयास नगरेका होइनन् । तर, सबैमा लागु देखिँदैन । अनलाइनमा काम गर्दै गरेकी एकजना महिला पत्रकारले आफूमाथि अप्रत्यक्षरूपमा दुर्व्यवहार हुने गरेको बताइन् ।**

महिला ! जो घरको दैलो पार गर्न परिवारको अनुमति लिनुपर्छ । घुम्टोभित्रै सजिएर घर सिंगार्नु पर्छ । जहा ठूलो स्वरमा बोलेर आफ्नो मनको अभिव्यक्ति राख्न डराउँछन् । हाम्रो समाजका झण्डै दुई तिहाई महिला यस्तै अवस्थामा गुज्रिरहेका छन् । एक तिहाई संख्यामा रहेका महिलाले पनि समाजका अनेकन कठिनाई चिर्दै बाटो बनाउनुमा संघर्ष गरिरहेका छन् । लैंगिक असमानताको जालो चिर्दै गरेका महिला पत्रकारको अवस्था पक्कै पनि सहज छैन । छोरी बोल्दा नाक खुम्चाउने हाम्रो पितृसत्तात्मक समाज अझै विद्यमान छ ।

यद्यपि संविधानले सम्बोधन गरेको पूर्ण प्रेस स्वतन्त्रताका पक्षमा निरन्तर लागिपरेको पत्रकारिता क्षेत्रमा महिलाको योगदान पनि उत्तिकै छ । उनीहरू समाजको कुरीतिविरूद्ध लड्दै पत्रकारिताको चुनौती पार गरिरहेका छन् । जुन समाजको दोहोरो भूमिका हो । नेपाली पत्रकारितामा ९५ प्रतिशत पुरूष नेतृत्वमा छ ।

केही वर्षयता महिला पत्रकारको संख्या बढ्दो छ । सञ्चारिका समूहले केही वर्षअघि ११ प्रतिशको हाराहारीमा रहेको महिला पत्रकारको संख्या अहिले बढेर झण्डै २५ प्रतिशत पुगेको दावी गर्छ । तर, संख्या बढ्नुमै उपलब्धि र सन्तोषजनक मान्ने स्थिति छैन । मिडियामा महिला र पुरूषमाथि गरिने असमान ज्याला, असमान पदोन्नति, कार्यस्थलमा

गरिने दुर्व्यवहार लगायत पक्षले महिला पत्रकार पेशागतरूपमा असुरक्षित छन् । 'पेशागत असुरक्षाले गर्दा महिला पत्रकार पत्रकारितामा दिगो हुन सकेका छैनन्', सञ्चारिका समूहकी अध्यक्ष नितु पण्डित भन्छिन् ।

केन्द्रीय तथ्यांक विभागले 'श्रमशक्ति सर्भेक्षण २०७४/२०७५ को प्रतिवेदनको नमूना सर्भेक्षणमा पनि महिला र पुरूषबीच समान ज्याला छ ।  महिलालाई ५ हजार ८ सय कम ज्याला दिइने गरेको तथ्यांकमा उल्लेख छ । यसको प्रभाव मिडियामा कार्यरत महिला पत्रकारको हकमा पनि लागु हुन्छ । एउटै पदमा एउटै जिम्मेवारी सम्हाल्दै आएका महिला र पुरूष पत्रकारले बुझ्ने मासिक तलबमा ठूलो भिन्नता छ । ज्यालामा लैंगिक विभेदले गर्दा महिला पत्रकार पेशागत सुरक्षा अपनाउन नसकेको गुनासो गर्छन् ।

देशसञ्चार अनलाइनमा कार्यरत फोटो पत्रकार वर्षा शाहले सार्वजनिकस्थलमा फोटो खिचेकै बहानामा प्रहरीले क्यामेरा जफत गर्‍यो भने उनलाई गिरफ्तार गर्‍यो । लामो समयदेखि पत्रकारिता गर्दै आएकी वर्षाले महिला पत्रकार कमजोर मान्ने हुँदा प्रहरीले जफत गर्ने आँट गरेको हुनसक्ने महशुस गरिन् । 'अरू कार्यक्रममा जाँदा पनि महिला पत्रकार भनेपछि अलि हलुका ढंगले हेर्ने गर्छन', उनले भनिन्, 'त्यस्तो व्यवहार पुरूष पत्रकारमा देखिँदैन ।'

पछिल्लो समय डिजिटल प्रविधिको विकाससँगै पत्रकारिताको सरलता बढ्दैछ । साथै पत्रकारको असुरक्षा पनि । खासगरी महिला पत्रकारको हकमा डिजिटल मिडियाले बढी असुरक्षित बनाएकोछ । अन्तर्राष्ट्रिय मिडिया फोरमहरूमा महिला र इन्टरनेट दुर्व्यवहारको अवस्था खोजी भइरहेकोछ । महिलामैत्री पत्रकारिताको अभाव छ । केही मिडिया हाउसले यस्तो वातावरण सिर्जना गर्ने प्रयास नगरेका होइनन् । तर, सबैमा लागु देखिँदैन । अनलाइनमा काम गर्दै गरेकी एकजना महिला पत्रकारले आफूमाथि अप्रत्यक्षरूपमा दुर्व्यवहार हुने गरेको बताइन् । कार्यालयमा काम गर्दागर्दै नकारात्मक भावले हात छुने, अनावश्यक दोहोरो अर्थ लाग्ने कुरा गर्ने, छुट्टै भेट्न दवाव दिने, सामाजिक सञ्जालमार्फत आवश्यकता भन्दा बढी कुरा गरेर मानसिक तनाव दिने जस्ता समस्या सुनाइन् । हाकिमबाटै यस्तो व्यवहार खेपेकी उनले सुरूमा वास्तै गरिनन् । हुँदैन भन्दै टारिन् । पछि कार्यालयमै काम गर्ने स्थिति नभएपछि उनी पत्रकारितामा बिट मारेको बताउँछिन् । 'हामी महिला पत्रकार धेरै जोगिएर काम गर्नुपर्ने चुनौती छन्', उनले भनिन् । अझ बिहे गरेपछि महिला पत्रकारले पत्रकारितामा निरन्तरता दिन गाह्रो छ । यसमा आर्थिक पक्ष एक हो भने सामाजिक पक्ष अर्को ।

१९ वर्षको उमेरदेखि पत्रकारिता करिअर सुरू गरेकी दैनिक पत्रिकामा काम गर्ने

एकजना महिला(नाम नखुलाउने शर्तमा) बिहेपछि पत्रकारिता छोडिन् । उनको त्यो रहरभन्दा पनि बाध्यता थियो । रातिसम्म काम गर्नुपर्ने तर तलब भनेजति नपाउने हुँदा परिवारले जागिर नगर्न दवाव दिएको उनले खुलाइन् । उनले मिडिया हाउसमा महिला र पुरूष पत्रकारबीच ठूलो पारिश्रमिक भेद रहेको सुनाइन् ।

महिला पत्रकारको अर्को असुरक्षाको पाटो बनेको छ, इन्टरनेट प्रविधि । इन्टरनेटको प्रयोगमा न्यु मिडियाको वर्चश्व भएसँगै महिला पत्रकार हिंसाका मुख्य शिकार भएका छन् । अन्तर्राष्ट्रिय पत्रकारिता जगतमा यो विषय गम्भीरताका साथ चिन्तन गरिएको छ । इन्टरनेशनल न्युज सेफ्टी इन्स्टिच्युटका निर्देशक एस हन्नह स्ट्रोमका अनुसार पुरूष पत्रकार भन्दा महिलाले तीन गुणा अनलाइनमार्फत दुर्व्यवहार भोगिरहेका हुन्छन् । धम्की र दुर्व्यवहारकै कारण ४० प्रतिशत महिलाले राम्रा र जोखिमयुक्त समाचार लेख्नै छोडेका छन् । इन्टरनेशनल वुमन मिडियास् फाउन्डेशन(आइडब्लुएमएफ)को रिपोर्टमा झण्डै आधा महिला पत्रकारले कार्य क्षेत्रगत दुर्व्यवहार सहनु परेकोछ । संयुक्त राज्य अमेरिका लगायत विश्वका ६ सय महिला पत्रकारबीच गरिएको सर्वेक्षणमा अधिकांशले हिंसा र दुर्व्यवहारको मुल कारण लैंगिकता रहेको रिपोर्टले खुलाएकोछ । अमेरिकाका केही पूर्व महिला पत्रकारले अनलाइनमार्फत धम्की र दुर्व्यवहार भावका म्यासेज आएकाले पत्रकारिता नै छाड्नु परेको रिपोर्टमा उल्लेख छ ।

टाइम्स अफ इण्डियाका कन्सल्टिङ एडिटर सगारिका घोसले पत्रकारिता गर्दा पाएको धम्की सुन्दा आङ जिरिङ्ग हुन्छ । अन्तर्राष्ट्रिय टेलिभिजन अल्जेजिराको रिपोर्टमा उनले आफ्नो र छोरीको सामूहिक बलात्कार गर्नेसम्मको धम्की आएको खुलाएकी छन् । उनले भिडियोमा गौरी लंकेशको हत्या पनि सामाजिक सञ्जालबाटै सुरू भएको दावी गर्छिन् । मार्ने धम्की, सामूहिक बलात्कार गर्ने, अश्लील शब्द प्रयोग गरेर गाली गर्ने जस्ता प्रवृत्ति सामाजिक सञ्जालमा महिला पत्रकारले धेरै भोग्नु परेको छ । यो विश्वमा महिला पत्रकारको मानचित्र हो । यस अवस्थाबाट नेपाल अछुतो छ भन्न सकिँदैन । डिजिटल दुर्व्यवहारसँगै यहाँका महिला पत्रकारले सामाजिक, आर्थिक, साँस्कृतिक र शारीरिक असुरक्षा भोगेका छन्, नेपालकाश्रमिक महिलाले ।

# पूर्वसभापति/अध्यक्षहरूको स्मरण र सुझाव

**नेपाल पत्रकार महासंघको ६० बर्षीय इतिहास गौरवमय छ । यो गौरवमय इतिहास रच्नका लागि बिभिन्न समयमा यो संस्थाको नेतृत्व गर्नुभएका पूर्वअध्यक्षहरू तथा उहाँहरूको टिमको महत्वपूर्ण भूमिका रहेको छ । नेपालको लोकतान्त्रिक आन्दोलनको एउटा प्रमुख हिस्सेदार संस्थाका रूपमा रहेको पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका साथै पत्रकारहरूको भौतिक तथा पेशागत सुरक्षा तथा श्रम अधिकारको सवालमा पनि उल्लेखनीय काम गर्दै आएको छ । परिस्थिति अनुसार मुद्दाहरूको प्राथमिकीकरण भएतापनि समान महत्वकासाथ उल्लिखित मुद्दाहरूमै महासंघको यात्रा केन्दित हुँदै अगाडि बढेको छ ।**

महासंघको गौरवमय इतिहास रच्ने पूर्वअध्यक्षहरूमध्यका केही अध्यक्षहरूसँग हामीले यो अंकका लागि **तपाईको कार्यकाललाई कसरी सम्झनु हुन्छ** ? र **महासंघको अबको बाटो कस्तो हुनु पर्छ** ? भन्ने दुईवटा प्रश्न सोधेका छौं ।



**हरिहर विरही**
पूर्वसभापति

**कार्यकालको स्मरण**

म पत्रकार संघमा २०३८ सालदेखि सम्बद्ध छु । पञ्चायतकालमा स्तुतिगान र राजाको गुणगानमा मात्र सीमित रहेको थियो । कार्यरत पत्रकार र बरिष्ठ पत्रकार मिलेर विद्रोह गरियो २०४३ सालमा । त्यसपछि समानान्तर संघ बन्यो । मणिराज उपाध्यायलाई सभापति बनाइयो । म केन्द्रीय सदस्य थिएँ ।

पञ्चायतसँग असन्तुष्ट र राजनीतिक परिवर्तनका पक्षधर लोकतन्त्रवादी र वामपन्थीको बाहुल्यता थियो । त्यसपछि पत्रकार संघ जनतासँग जोडियो । दरबारको मुठीबाट जनताको आँगनमा पुग्यो । ब्यवसायिक हकहित त हेर्नैपर्‍यो राष्ट्र र जनताको समस्यालाई पनि प्राथमिकतामा राख्ने सहमतिअनुसार प्रजातन्त्र ल्याउने आन्दोलनमा उर्जा थप्ने काम संघले गर्‍यो । यहाँसम्मकि २०४६ सालमा जनआन्दोलन शुरू हुनु पहिल्यै नै झापामा बैठक गरेर लोकतान्त्रिक परिवर्तनको पक्षमा आवाज उठायो ।

त्यसबेलासम्म संघलाई पञ्चायती सरकारले वैधानिकता नदिएकाले २०५३ सालमा म सभापति भएपछि महासंघमा रूपान्तरित गरिएको हो । र, महासंघ निर्माण भएपछि संगठनको पनि विस्तार भयो । राष्ट्र र जनतासँग गाँसिएका आधारभूत कुरामा पनि पत्रकारले सरोकार राख्नैपर्छ भन्ने भावना बढेर गयो । यसले गर्दा नागरिक स्वतन्त्रता, देशको विकास र स्वाधीनताका मामिलामा पनि महासंघले उच्च प्राथमिकताका साथ आवाज उठाइरह्यो ।

महासंघको स्थापना पत्रकारको हकहित सुरक्षा तथा क्षमता अभिबृद्धिलाई केन्द्रमा राखेर भएको भएतापनि देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको प्रभाव प्रत्यक्ष पर्ने भएकाले राजनीतिक परिवर्तन र राष्ट्रिय विकासलाई पत्रकार महासंघले सरोकार राख्नु अस्वभाविक होइन । प्रेस स्वतन्त्रा बेगर प्रेस जगतले प्रभावकारी भूमिका निर्वाह गर्ननसक्ने भएकाले कुनैपनि सरकारले प्रेस स्वतन्त्रता हरण गर्न तथा पत्रकारलाई भयभीत, आतंकित र असुरक्षित तुल्याउन नसकोस् भनेर २०४७ सालको संविधानमा सूचनाको हक संविधानमै उल्लेख गर्न नेपाल पत्रकार महासंघले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो ।

**अबको बाटो**

नेपाल पत्रकार महासंघ विभिन्न राजनीतिक आन्दोलन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा समेत अग्रणी भूमिका निर्वाह गरेको भएपनि यसलाई राजनीतिक प्रभावबाट मुक्त गर्दै जानुपर्ने आजको चुनौती छ । महासंघमा राजनीतिक दलहरू बढी हावी हुन थालेको अनुभव गर्न थालिएको छ । देशको राजनीतिक परि स्थिति फेरिएकाले पत्रकारहरूपनि राजनीतिक दलको प्रभाव र नियन्त्रणबाट मुक्त हुनु आवश्यक छ ।

महासंघमा ब्यवसायिक पत्रकार भन्दा गैरपत्रकारहरूको उपस्थिति बढ्दै गएको गुनासो सुनिन्छ । यसले गर्दा महासंघलाई आफ्नो उद्देश्यमा प्रेरित र परिचालित गर्नसक्ने कैयौँ बरिष्ठ र क्रियाशील पत्रकारहरूको सक्रिय सहभागिता र सहयोग महासंघले पाउन नसकेको अवस्था छ । यसतर्फ गम्भीररूपले ध्यान दिनुपर्ने आजको एउटा खाँचो हो । त्यस्तै, पत्रकार हरूको क्षमता र दक्षता अभिबृद्धि भएन र पत्रकारिता आधारभूत मूल्यमान्यताप्रति प्रतिवद्ध रहेर मर्यादित र जिम्मेवारीपूर्वक सञ्चालन भएन भने महासंघको पनि गरिमा बढ्न सक्दैन । तसर्थ पत्रकारहरूको क्षमता बढाउन र जिम्मेवार बनाउन महासंघले विशेष कदम चाल्नुपर्ने खाँचो देखिन्छ । प्रेसजगत गैरजिम्मेवार भयो र जनताको अपेक्षा तथा पेशागत मर्यादा विपरीत गयो भने महासंघको भूमिकाप्रतिपनि औँलो उठ्नु स्वभाविक हुन्छ ।



**सुरेश आचार्य**
पूर्वसभापति

**कार्यकालको स्मरण**

मेरो नेतृत्वको पत्रकार महासंघले गरेका धेरै कामहरूमध्ये सूचनाको हकसम्बन्धी विधेयक निजी विधेयकका रूपमा तयार गरेर तत्कालीन सूचना तथा सचारमन्त्री जयप्रकाशप्रसाद गुप्तालाई बुझाएको थियो । यसैलाई आधार मानेर सरकारले २०६४ मा सूचनाको हकसम्बन्धी कानून ल्याएको हो ।

श्रमजीवी पत्रकारका पक्षमा निरन्तर आवाज उठाउने काम गरिरहँदा यससम्बन्धी ऐन र समिति भएपनि क्रियाशील थिएन । यसलाई क्रियाशील बनाउने अनेकौं प्रयत्न गरेपनि खास नजिता भने देखिएन ।

म सभापति भएका बेला देशमा हिंसात्मक राजनीतिक अवस्था थियो । विभिन्न बहानामा पत्रकारलाई धरपकड

गर्ने क्रम थियो । तर महासंघले विचार र अभिव्यक्तिको स्वतन्त्रताका पक्षमा आवाज उठायो । तत्कालीन नेकपा माओवादीका नेता डा.बाबुराम भट्टराईको लेख कान्तिपुरमा छापिएपछि कान्तिपुरका प्रकाशक तथा सम्पादकलाई पक्राउ गरेकोमा पत्रकार महासंघले धर्ना दिएर उहाँहरूलाई छुटाउन सशक्त दबाब दिएको थियो । महासंघले त्यसबेला अदालतमा पनि धर्ना दिएको थियो । म पत्रकार महासंघको सभापति हुँदा नै देशमा संकटकाल लाग्यो । कतिपय पत्रकारमाथि धरपकड गरियो, पक्राउ गरियो, मुद्दा चलाइयो । उनीहरूको पक्षमा वकालत गर्ने र धरपकडबाट जोगाउन पत्रकार महासंघ निरन्तर लडेको थियो । यही बेला पत्रकार कृष्ण सेनलाई पक्राउ गरियो । म महासंघबाट कार्यकाल समाप्त गरेर बाहिरिएको केही समयपछि राज्यपक्षबाट उहाँको हत्या भयो । यसलाई म दुःखद घटनाका रूपमा स्मरण गर्दछु ।

**अबको बाटो**

पत्रकार महासंघले सँधै आफ्नो साझा चरित्रलाई कायम राखेको छ । स्वार्थभन्दा माथि रहेको यो संस्थाले एक पेशागत संस्थाका रूपमा पहिचान बनाएको छ । सबै संस्थामा राजनीतिकरण बढ्दै गएका बेला पत्रकार महासंघ पनि विभिन्न राजनीतिक संगठनका प्रतिनिधि पुग्ने थलो बन्ला कि भन्ने खतरा देखिएको छ । यसलाई रोकेर पत्रकारको साझा संस्थाका रूपमा विकास गरिन आवश्यक छ ।

मेरो विचारमा पत्रकार महासंघ मुख्यतया दुई कुरामा बढी केन्द्रित हुनुपर्छ । पहिलो, प्रेस स्वतन्त्रताका पक्षमा अविचलित रूपमा उभिनुपर्छ । राज्यले बनाउने कानून, राज्यपक्षबाट हुनसक्ने ज्यादति र गैरराज्य पक्षबाट आउन सक्ने धाकधम्कीका विरूद्ध पत्रकार महासंघ प्रेस स्वतन्त्रताका पक्षमा उभिन सक्नुपर्छ ।

दोस्रो, श्रमजीवी पत्रकारको हकसहितका पक्षमा उभिने र यसको संरक्षण गर्ने अर्को निकाय छैन । पत्रकार महासंघका बहुमत सदस्य श्रमजीवी पत्रकार रहेकाले उनीहरूको हकहितका पक्षमा उभिन सक्नुपर्छ । उनीहरूलाई हकअधिकार दिलाउन पनि सक्नुपर्छ । पत्रकार महासंघ यी दुई मूल मुद्दाका आधारमा आफ्ना भावी कार्यक्रमहरू तय गर्दै अघि बढ्न आवश्यक छ ।



**तारानाथ दाहाल**
पूर्वसभापति

## कार्यकालको स्मरण

मेरो नेतृत्वको कार्यकाल निकै टफ कार्यकाल थियो । यो अवधिमा धेरै गतिविधिहरू भएपनि केही मुख्य गतिविधिहरू सम्झँदा– हाम्रो पालामा पत्रकार महासंघले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा महत्वपूर्ण काम गरेको थियो । यो अवधिमा नेपाल पत्रकार महासंघ अन्तर्राष्ट्रिय पत्रकार महासंघ आईएफजेको सदस्य बनेको हो । यस्तै, अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय सञ्जालको सदस्यताको प्रक्रिया शुरू र अनुमोदन गरिएको थियो ।

त्यही अवधिमा हामीले पत्रकार महासंघ स्थापनाको ५० बर्ष पुगेको अवसरमा रजत महोत्सव मनायौँ । जीवित रहेका पत्रकार महासंघका त्यसबेलासम्मका सवै अध्यक्षलाई एकै थलोमा उपस्थित गराएर उहाँहरूलाई सम्मान गरियो । जसले उहाँहरूको योगदान सम्झने सम्मान गर्ने, अभिलेखबद्ध गर्ने र एक अर्कोलाई जोड्ने काम गर्‍यो ।

यो अवधिमा जिल्ला शाखाहरूलाई मुख्यगरी पाँचवटा कार्यक्रममा जोड दिइएको थियो । महासंघका जिल्ला शाखाले जग्गा लिने र भवन बनाउने कामको शुरूवात गरियो । नवलपरासी आफ्नै भवन बनाउने पहिलो शाखा बन्यो । जग्गा भएकाले भवन बनाउने र

नभएकाले जग्गा किन्ने कुरामा जोड दिइयो । जसले महासंघको भौतिक विकासको शुरूवात गर्‍यो । केन्द्रमा पनि महासंघको कार्यालय बनाउने काम थालियो ।

चैत १६ गतेलाई पत्रकार महासंघको स्थापना दिवसका रूपमा मनाउने अभियानकै रूपमा शुरू गरियो ।

शाखाहरूमा पनि पत्रकारलाई पुरस्कार दिने, प्रोत्साहन गर्ने काममा जोड दिइयो । संस्थागतरूपमा पत्रकार कल्याण कोषको शुरूवात भयो । अहिलेको सञ्चारग्राम विकास तथा त्यहाँ पूर्वाधार निर्माणका लागि महत्वपूर्ण काम भयो ।

यो अवधिमा धेरै पत्रकारहरू राज्य र गैरराज्य पक्षबाट धरपकड, आक्रमण र पक्राउको चपेटामा परे । १०–११ जना पत्रकारहरू मारिए । द्वन्द्वग्रस्त समय भएकाले पनि पत्रकारलाई यो जोखिमबाट जोगाउन एकदमै कठिन थियो । तर पत्रकार महासंघले पत्रकारको भौतिक र पेशागत सुरक्षामा सँधैभरि खरोरूपमा आवाज उठाइरह्यो । जसबाट धेरै पत्रकारको जीवन जोगाउन हामी सफल भयौं । तत्कालीन व्रिदोही नेकपा माओवादीले नेपाल पत्रकार महासंघलाई लिखितरूपमै माफी मागेको थियो ।


तत्कालीन राजा ज्ञानेन्द्रले माघ १९ मा सत्ता हातमा लिएपछि त्यो कदम लोकतन्त्र र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी मात्र होइन शाही 'कू' नै हो भनेर सबैभन्दा पहिले पत्रकार महासंघले नै भनेको हो । त्यसपछि बार एशोसिएशन लगायतका संस्थाहरू बोलेका हुन् । महासंघले त्यसबेला यो कदमको प्रतिरोध गर्दै आन्दोलनमा जान आग्रह गरेको थियो । हामीले तत्कालीन सरकारका सबै मन्त्रीहरूलाई पनि बहिष्कार गरेका थियौं । महासंघको महाधिवेशनमा सरकारका कसैलाई पनि बोलाइएन ।

यही, बेलामा शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल पापड गठन गरियो  र पत्रकार महासंघले नेतृत्व गर्‍यो । पत्रकार महासंघले प्रेस स्वतन्त्रताको उल्लंघनका घटनाको गणना गरी प्रकाशन गर्ने काम शुरू गर्‍यो ।

कक्षा ९, १०, ११ र १२ मा पत्रकारिता विषयको पढाइका लागि पाठ्यक्रम निर्माणमा पत्रकार महासंघका तर्फबाट मैले नै नेतृत्व गर्ने अवसर पाएँ ।

**अबको बाटो**

- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षामा ध्यान केन्द्रित गर्नुपर्ने ।
- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि नीति र कानून निर्माणमा दबाब दिनुपर्ने ।
- पत्रकारको भौतिक तथा पेशागत सुरक्षामा ध्यान दिनुपर्ने ।
- व्यवसायिक विकासमा जोड दिँदै निर्भिक र स्वतन्त्र ब्यवसायिक प्रेसका लागि पत्रकार महासंघ लागिरहनुपर्ने ।
- नागरिक अधिकारको रक्षाका लागि निगरानी गरिरहनुपर्ने ।
- प्रविधिजन्य, लगानीका र पत्रकारिताका अरूपनि चुनौती ब्यवस्थित गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने ।
- आम नागरिकको चासो र सरोकारलाई केन्द्रमा राखेर गरिने अनुसन्धानात्मक पत्रकारितालाई प्रवर्द्धन गर्नुपर्ने



**विष्णु निष्ठुरी**
**पूर्वअध्यक्ष**

**कार्यकालको स्मरण**

नेपाल पत्रकार महासंघमा मेरो नेतृत्वको कार्यसमितिले प्रेस स्वतन्त्रता पुनर्वहालीको संघर्षको अगुवाई गरेको थियो । महासंघको सिंगो संठन र सदस्यहरूको अदम्य योगदानबाट पुनर्वहाली सम्भव भएको थियो । यही नै मेरो कार्यकालको मुख्य र ऐतिहासिक उपलब्धि हो ।

साथै, महासंघको विधानमा समावेशी प्रावधानको औपचारिक प्रवन्ध पनि यही कार्यकालमा सुरू भएको कुरा स्मरण गर्न चाहन्छु ।

**अबको बाटो**

नेपाल पत्रकार महासंघ पत्रकारहरूको पेशागत छाता संगठन हो । देशभित्र र विश्वका पत्रकार माझ पनि यसको प्रतिष्ठापूर्ण उपस्थिति छ । पेशागत हकहित र पत्रकारहरूको व्यक्तिगत हितको रक्षा गर्नु यसको कर्तव्य हो । साथै स्थापनाकाल देखि नै नागरिकका मौलिक अधिकारको रक्षार्थ पनि महासंघले खबरदारी गर्दै आएको कुरा सर्वविदितै छ ।

राजनीतिक दलको प्रत्यक्ष प्रभाव र दवावबाट माथि उठेर पत्रकारहरूको हितलाई मुख्य मुद्दा बनाउनु महासंघको दायित्व हो । पत्रकारिता पेशामा आईपरेका अवरोध र चुनौतिलाई सरल बनाउन महासंघको नेतृत्वले सदैव अग्रपंक्तिमा उभिन लर्खराउनु हुँदैन । यतिवेला महासंघले अभिभावकीय भूमिकालाई थप प्रभावकारी बनाउनु परेको छ,महासंघका सदस्यहरूले यस्तो अनुभूति गरिरहेको पाईएको छ । तसर्थ अविच्छिन्न उत्तराधिकार संस्था भएकाले महासंघले आफ्नै इतिहासबाट समेत उपयोगी अनुभव अनुशरण गरेर आफ्नो उपस्थिति अझ प्रभावकारी र जिम्मेवार बनाउन हिच्किचाउनु हुँदैन भन्ने मेरो सुझाव रहेको छ ।



धर्मेन्द्र झा
पूर्वअध्यक्ष

**कार्यकालको स्मरण**

मेरो कार्यकाल राजनैतिक संक्रमणको अबधिमा भएको थियो । त्यो बेला पत्रकारहरू समेत असुरक्षित थिए । पत्रकारहरूको सुरक्षाका लागि त्यो कार्यक्रममा धेरै कामहरू भएका छन् । घटना हुनासाथ मिशन खटाएर वास्तविकता बुझ्ने काम दर्जनौंपटक गरियो । पत्रकार हत्याका बिरूद्धमा देशभरमा क्याम्पेन गरियो । महासंघको अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तारमा पनि त्यो बेला धेरै कामहरू भएका छन् ।

अझ महत्वपूर्ण काम त संबिधान निर्माणका लागि पहिलो संविधानसभालाई दवाव दिने, सुझाव दिने नै थियो । देशभरमा संविधान निर्माणका लागि, त्यो संविधानमा पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि लविङ गरियो । उच्च राजनैतिक नेतृत्व, संविधानसभाका सदस्यहरूसँग प्रेस स्वतन्त्रताको सुनिश्चितता सहितको लोकतान्त्रिक संविधान निर्माणका लागि दर्जनौंपटक अन्तर्क्रियाहरू गरियो ।

पत्रकारको भौतिक सुरक्षासँगै पेशागत सुरक्षाका लागि पनि थुप्रै कामहरू त्यो अबधिमा भएका छन् । हुन त यो महासंघको नियमित दायित्व पनि हो । महासंघलाई आफ्नो मूल दायित्वमा केन्द्रित गर्दै प्रेस स्वतन्त्रता, पत्रकार सुरक्षा, पेशागत सुरक्षा, तालिमहरू पनि त्यो अवधिमा प्रशस्तै सञ्चालन गरियो ।

**अबको बाटो**

देशमा एकपटक फेरि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको लडाई लड्नुपर्ने अवस्था आउला जस्तो देखिँदैछ । विचार तथा अभिव्यक्ति स्वतन्त्रताको विषय झन् झन् पेचिलो बन्दै जान थालेको छ । सरकारका कतिपय गतिविधिले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हरण गर्ने प्रयत्न गर्न खोजेको जस्तो देखिंदैछ । त्यसैले

अब फेरि महासंघ विचार तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाको विषयलाई मुख्य मुद्दा बनाएर अघि बढ्नुपर्ने बेला आएको छ । पत्रकार महासंघले अब अफ्नो पुरानो परिचय पुनर्स्थापना गर्नुपर्ने अवस्था आएको छ । पत्रकार महासंघ स्थापनाकालदेखि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा लड्दै मुख्य राजनीतिक परिवर्तनमा पनि नागरिक समाजको अगुवाई गर्दै आएको संस्था हो । पत्रकार महासंघले पटकपटक बृहत नागरिक समाजको अग्रणी संस्थाका रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । अब फेरि त्यतैतर्फ उन्मुख हुनुपर्ने र वृहत नागरिक समाजका रूपमा आफूलाई रूपान्तरित गर्नुपर्ने अवस्था आएको छ ।



**शिव गाउँले**
पूर्वअध्यक्ष

**कार्यकालको स्मरण**

म अध्यक्ष रहेका बेला पत्रकार महासंघ पहिलोपटक धेरैपछि नितान्त ब्यवसायिक मुद्दामा केन्द्रित भएको थियो । त्यो अवधिमा देशैभरि २ हजारभन्दा बढी पत्रकारलाई तालिम सञ्चालन गरियो । तालिम मुख्यतया पत्रकारिता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र जवाफदेहितामा केन्द्रित थियो । साथसाथै तालिममा भौतिक तथा पेशागत सुरक्षा र आचारसंहिताका विषय पनि समेटिएको हुन्थ्यो ।

हामीले पत्रकारमाथि भएको हमला, पत्रकारितामाथिको हस्तक्षेप र दमनका घटनामा महासंघ आक्रामक रूपमा प्रस्तुत हुने अभ्यास गरेका थियौं । कुनैपनि प्रक्रियाका नरम हुन दिइएन । हामीले प्रेस स्वतन्त्रताविरोधी गतिविधिको विरोध गर्दा पनि पत्रकारिताकै माध्यमबाट गर्ने अभ्यास गर्‍यौं । नारा, जुलुस, धर्ना भन्दापनि समाचार, सम्पादकीय कार्टुन लगायतमार्फत दबाब दिने अभ्यास गर्‍यौं ।

सकेसम्म पत्रकारमाथि भएका ज्यादतिको विरूद्धमा जुलुस निकाल्नु नपरोस् भन्ने अभ्यास गरियो । व्यवसायिक हिसावले नै विरोध गर्ने नीति लिएका थियौँ । त्यो विधिका साथसाथै कानुनी बाटो अख्तियार गर्ने कुरालाई हामीले जोड दियौँ । महासंघको केन्द्रीय कार्यालयमा कानुनी शाखा स्थापना पनि त्यहीबेला भएको हो । सकेसम्म सडक आन्दोलन नगर्ने तर केही नचलेको अवस्थामा भने सडकमै पनि उत्रने गरी गतिविधिहरू अघि बढाइएको थियो । पत्रकार महासंघको केन्द्रीय कार्यालयको भौतिक पूर्वाधारलाई सुदृढ बनाउने अर्को लक्ष्य थियो । हामीले पारदर्शी प्रक्रियाबाट ठेक्का लगाउने र घर बनाउने काम सम्पन्न गर्‍यौँ । त्यहीबेला सिंहदरबारभित्र त्यस्तै भवन बनाउन ६ करोडसम्म खर्च लाग्ने बेलामा हामीले पौने ३ करोडकै हाराहारीमा निर्माण गरेका थियौँ । महासंघमा यसको अभिलेख सुरक्षित छ ।

**अबको बाटो**

महासंघको अबको चुनौती भनेको पत्रकारिताको अवधारणामै आएको परिवर्तन तथा प्रविधि र सोचाइमा आएको परिवर्तन अनुसार अघि बढ्ने कुरामा हो । सामाजिक सञ्जाल आएपछि पत्रकारको भूमिका सीमित भएको छ । नेपाली पत्रकारिताको सम्पादकीय दायरालाई कसरी फराकिलो, बलियो र सुरक्षित बनाउने भन्नेमा पत्रकार महासंघले मुख्य ध्यान दिनुपर्छ भन्ने लाग्छ ।



**डा. महेन्द्र विष्ट**
पूर्वअध्यक्ष

## कार्यकालको स्मरण

नेपाल पत्रकार महासंघमा मेरो नेतृत्वको कार्यसमिति राजनीतिक संक्रमणको समयमा थियो । राजनीतिक परिवर्तन भएको थियो, पहिलो संविधानसभा संविधान निर्माण गर्न विफल भएपछि दोस्रो संविधानसभाले संविधान निर्माण गर्ने मूल दायित्व थियो । तर, अन्योल कायमै थियो । संविधान बन्ने नबन्ने र बन्दा पनि त्यसले परिवर्तनका उपलब्धिलाई संस्थागत गर्न सक्ने नसक्ने भन्ने प्रश्न थियो । त्यो बेला संविधान निर्माण सबैभन्दा महत्वपूर्ण सन्दर्भ एकातिर थियो भने नयाँ संविधानमा प्रेस र अभिव्यक्ति स्वतन्त्रतालाई कसरी सुरक्षित गर्न सकिन्छ भन्ने कुरामा चासो र खबरदारी गर्नुपर्ने थियो । संविधान निर्माणको अन्योल चिर्दै र त्यसमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई समेट्न महासंघले निरन्तर खबरदारी गरिरह्यो । शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल पापड मार्फत पनि धेरै कार्यक्रम गरियो । हामीले निरन्तरको अभियानमार्फत संविधान निर्माणमा टेवा पुरायौं । प्रेसलाई सुरक्षित गर्ने, पेशागत र भौतिकरूपमा पत्रकारको श्रमको सम्मान र हकअधिकार दिलाउन लगातार दबाबका कार्यक्रम, अन्तरक्रियात्मक कार्यक्रम र बढी समस्याग्रस्त मिडियामा धर्ना लगायतका कार्यक्रम पनि गरियो । श्रमको मूल्य प्राप्त गराउन महासंघले कुनै कसर बाँकी राखेन । श्रमजीवी पत्रकारको न्यूनतम पारश्रमिक अत्यन्तै कम भएकाले त्यसलाई झण्डै दोब्बर बनाउन पहल गरियो र सफल पनि भइयो । त्यसअघि १० हजार ८ रूपैयाँ रहेको श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय पुग्यो ।

पत्रकारिताको सुदूर भविष्यलाई समेत सम्बोधन गर्न राष्ट्रिय आमसञ्चार नीति २०७३ जारी भयो । जसले लामो समयसम्म नेपाली पत्रकारितालाई मार्गदर्शन गर्नेछ ।

महासंघलाई समावेशी र संघीय संरचनामा लैजान विधान संशोधन गरियो । प्रदेशको संरचना बनाइयो र महासंघका पदाधिकारीसहित सदस्यमा महिला तथा अरू समावेशी समुदायको उपस्थिति निश्चित गरियो । पत्रकारलाई दक्ष र सीपयुक्त बनाउन पहलकदमी भए । धेरै तालिमहरू सञ्चालन गरियो ।

मानवअधिकार आयोग लगायत विभिन्न संस्थासँग सहकार्य गरियो । अन्तर्राष्ट्रिय मिडिया मिसन सञ्चालन भए । राष्ट्रिय मिसनहरू पनि आवश्यकताअनुसार परिचालन गरिए । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई साझा मुद्दा बनाउन देशका विभिन्न ६ वटा केन्द्रमा साझा संयन्त्रमार्फत ठोस पहल पनि भए । यसबीचमा पत्रकारमाथि आक्रमण, धम्की र हत्यालगायतका घटनामा उल्लेख्य कमी आयो भने पत्रकारलाई पेशागत र भौतिकरूपमा सुरक्षित बनाउन उल्लेख्य प्रगति भए । पत्रकारको सामाजिक सुरक्षाका निम्ति पत्रकार बीमा कार्यक्रम यही समयमा शुरू भयो । जेष्ठ पत्रकारलाई सम्मान यही अवधिमा प्रारम्भ गरियो ।

निर्वाचित भएर आएलगत्तै महासंघ कार्यसमितिबाट तीन बर्षको कार्ययोजना लागू गरी अघि बढेको कारण स्पष्ट मार्गचित्र र त्यस अनुरूप कार्यप्रगतिको मापन गर्न पनि संभव भएको थियो । त्यो कार्ययोजनाअनुसार लगभग सबैजसो काम पूरा भए ।

**अबको बाटो**

संगठनको पुनर्सरचनालाई अहिले अभ्यासमा लगिएको छ । प्रदेश र स्थानीय सँरचनालाई बढी कार्यमुखी बनाउने र केन्द्रले नीतिगत कुरामा जोडिनुपर्छ । प्रत्यक्ष चुनावमा जाने निर्णय भएसँगै अब सदस्यता शुद्धीकरणको विषय झन पेचिलो बनेको छ । यसलाई कार्यान्वयन गर्ने अवसरसँगै चुनौती पनि छ । पत्रकारको नेतृत्व चयन पत्रकारले नै गर्छन् कि गर्दैनन् भन्ने महत्वपूर्ण कुरा हो । यसको ब्यवहारिक जवाफ अब महासंघले दिन सक्नुपर्छ । पत्रकार महासंघको सदस्य किन बन्ने भन्ने कुराको जवाफ दिनुपर्ने छ । पत्रकारको भौतिक र पेशागत सुरक्षा, विकास, सीपमा पनि केन्द्रित हुनुपर्ने बेला आएको छ । समग्र पत्रकारितालाई आलोचनात्मक हुने तर नकारात्मक नहुने र सिर्जनात्मक पत्रकारिताको बाटोमा लैजानुपर्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यासलाई अझ बलियो बनाउने, कानून निर्माणमा सचेततापूवर्क लविङ गर्ने, कुनै घटना विशेषमा प्रतिक्रियात्मक हुने भन्दा पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारितालाई कसरी सुरक्षित र सुदृढ गर्न सकिन्छ भन्नेबारेमा ध्यान केन्द्रित गर्नुपर्छ ।

*प्रस्तुति - लक्ष्मण कार्की*

# 'अनूभूतिका 'अक्षरहरू

# झण्डा बोकेका बलबहादुरको फोटो मनपर्‍यो



चन्द्रशेखर कार्की

**मैले खिचेको त्यो फोटोचाहिँ कान्तिपुर दैनिकमा अघिल्लो पन्नामै प्रकाशन भयो । हरेक दैनिक पत्रिकामा प्रकाशन भएका फोटोमध्य मैले खिचेको त्यो फोटोलाई धेरैजसो पाठकहरूले रूचाए । त्यस्ता फोटाहरू धेरै छन्, तर मलाई मन परेको भनेको चाहिँ त्यो आन्दोलनको र पहिरोको फोटो हो ।**

मैले फोटो पत्रकारका रूपमा 'जनमञ्च' पत्रिकादेखि काम शुरू गरेको हुँ । त्यसपछि कान्तिपुर दैनिक, नागरिक दैनिक हुँदै साँझपख गोरखापत्र र हाल सदृश्य डटकममा कार्यरत छु । मैले शुरू गर्दा पत्रकारिताका कलेजहरू शायदै थिएन । र त्यतिबेला (पत्रकारिता र फोटो पत्रकारिता) कहाँ सिकेको भन्दा जसलेपनि किशोर (नेपाल) दाईसँग सिकेको भन्थे । र, किशोर दाइ भनेपछि त्यतिबेलाको पत्रकारिताको स्कुल हो भन्छु म । मैले पनि धेरथोर किशोर दाइसँग राम्रैसँग कामगर्ने मौका पाएँ । कतिपय कुराहरूमा उहाँले भन्नुभएका कुराहरूले मलाई फोटोग्राफर भन्दा पनि फोटो पत्रकार बन्न धेरै नै मद्दत गरेको छ । मैले पत्रकारिता पढेको हैन किशोर दाइहरूजस्तो, अरू दाइहरू पनि हुनुहुन्छ, उहाँहरूबाट सिकेको । म साधारणतया के भन्छु भने, मन्त्रालयमा अलि बुढो पिउन हुन्छ, त्यल्ले चाहिँ कसैलाई टेर्दैन रे । सबैमन्त्रीदेखि सचिवसम्म सबै भ्याइसकेको हुन्छ । सबै थाहा भइसकेपछि उसमा 'आ...यस्तै त र छ नि' भन्ने भावनाको विकास भएको हुन्छ रे । लगभग लगभग पत्रकारिता पनि मलाई चाहिँ त्यस्तै त्यस्तै हुन थालेजस्तो छ । त्यहीभएर, पत्रकारिता नपढिकन नै मैले सिकाइबाट जति पनि बुझेको छु, ती कुराहरू गर्ने हो ।

म जागिरको सिलसिलामा हो फोटोग्राफर भएको। त्यही फोटोग्राफरमा अलिकति फरक गरौं भनेर 'जनमञ्च'बाट शुरू गरेको । शुरू गर्दाखेरी टेक्निकल कुराहरू थिए ।

त्यतिबेला एनालगको समस्या थियो । खिच्ने, फोटो धुलाउने गर्नुपर्थ्यो । टेक्निकल्ली ऐलेचाहि धेरै सजिलो भइसकेको छ ।

अखिल र नेविसंघ हुन्थे । कुदाकुद गर्थे । दौड जुलुस गर्थे । यताउता ढुङ्गा हान्थे । हामी बीचमा पर्थ्यौं । फोटोपत्रकारहरू त फिल्डमा सबैभन्दा अगाडि जानुपर्ने भएर सबैको दृष्टिमा फोटो पत्रकार हुन्छ, अहिले । पहिले पहिले हामी फोटो खिच्नका लागि भीडमा पुग्दा 'ओहो पत्रकार आउनुभएछ' भन्थे ।भीडमा पनि ताली चुटेसरी सररर स्वागत गर्थे । त्यस्तै भीड भएमा, हामीलाई बोकेर फोटो खिच्न सक्ने ठाउँसम्म पुऱ्याइदिन्थे । त्यति सम्मान गर्थे । अहिले भीडमा जानुस्, पत्रकार भन्यो भने उस्तै परे चिमोटेर मारिदिन्छन् ।

यो कुरा स्पष्ट छ, तपाईहरूलाई हेर्नुस, यो कुरा कसैले बिगारेको हैन । हामीले नै बिगारेको हो । कसरी बिगार्यौं? कल्ले बिगार्यौं? त्यो अझै महसुस गरेर अबस्थालाई सम्हाल्ने मौकाहरू छन् ।सम्हाल्नुपर्छ पनि ।

द्वन्द्वको बेलामा पनि फोटो खिच्ने काम गरियो । गाउँ पनि घुमियो त्यतिबेला । त्यो बेलामा कहिले एउटा सत्ताले खानतलासी गर्थ्यो, कहिले अर्कोसत्ताले खानतलासी गर्थ्यो । काम गर्न गाह्रो थियो त्यतिबेला । कोहीबेला धेरै डर हुन्थ्यो, त्यसका बावजुद पनि काम गरियो । मनमा डर भएतापनि डर नमानी दायाँबायाँ नगरिकनकाम चाहिँ गरिरहें । त्यसलाई निरन्तरता दिइरहे । कामप्रतिको निरन्तरताले तपाईलाई धेरै माथि पुऱ्याउँछ । तपाईंले कामलाई बीचैमा छोड्नुभयो, 'हत्तेरिका यस्तै त रहेछ नि' भन्नुभयो भने पत्रकारिताको आडमा अरू कुरा गर्न लाग्नुभयो भने तपाईले एउटा फाइदा उठाउनुहोला । कुनै ठाउँमा पुग्नुहोला । तर साँच्चैको पत्रकार भनेर तपाईंलाई मान्छेहरूले पहिचान गर्दैनन् । जति इमान्दार भएर तपाईंले काम गर्नुहुन्छ, बधाई पनि त्यति नै खुशीका साथ लिन सक्नुहुन्छ । तपाईले अरू धन्दा गरे पनि अगाडि भेटिने मानिसले तपाईंको तारिफ गर्न सक्छ, बधाई भन्न सक्छ ।तर, भित्री मनको कुनामा त थुक्क, मैले यति बदमासी गरेको थिएँ भन्ने हुन्छ आफूलाई । त्योबाट माथि उठ्नुहोस । झन फोटो पत्रकारिता भनेको एउटा सानो गल्ती भनौं या जानीजानी गरेको एउटा सानो गल्तीले गर्दा व्यवसाय नै छोडेर हिडेका छन् । तारिफ गर्छन् लिनुस, अझ गाली गर्छन् भने त्यसलाई झन् गम्भीर भएर लिनुहोस ।

साच्चै नै अगाडि गाली गर्ने मान्छे थोरै हुन्छन् । त्यो गालीले तपाईलाई बनाउने हो । गाली गर्ने व्यक्तिलाई पख्लास, तलाई देखाइदिन्छु भनेर कहिल्यै पनि नहिड्नुस । तपाईंले अर्काको लागि काम गर्ने हो, आफ्नो लागि होइन । यो कुरा जहिल्यै पनि ख्याल गर्नुहोस । फोटो पत्रकारिताको कुरा गर्दा त झन फोटो राम्रो भन्यो कसैले भने,

किन राम्रो भन्यो ?त्यो हेर्नुस् । अझ यल्ले नराम्रो भन्यो भने भोलि त्यसलाई कसरी सच्याउने ? फोटो खिच्ने त तपाईंले हो, त्यसमा मैले यसरी क्यामरा समाउने, कसरी खिच्ने भन्ने पनि तपाईंले हो । र, लेख्ने कुरामा पनि मैले बुझेसम्म त्यस्तै हो । शब्द त त्यही हुन्, नेपालीशब्दहरू त्यही त हुन् । हरेक व्यक्तिले लेखेका स्तम्भहरू किन फरक हुन्छन? तपाईंले त्यसरी हेर्नुहोस । फरक कसरी भयो ?त्यो हेर्नुहोस् । पेशा त त्यही हो । फोटो पत्रकारितामा पनि त्यो अझ बढी लागु हुन्छ । म कसरी फरक खिच्ने, कसरी गर्ने भन्ने कुराहरूमा ध्यान दिनुहोस् । तपाईंहरू व्यवसायप्रति इमान्दारिताका साथ काम गर्नुभयो भने पछि आउनेलाई सजिलो हुन्छ ।

मान्छेको संवेदनशीलतासँग जोडिएको कुरामा खेलाची गर्नुहुँदैन । संवेदनशील कुरामा भोलि सार्वजनिक हुँदा त्यसले के असर गर्छ ? सोच्नुपर्छ । आफूले निर्णय लिन नसकेमा छेउँको साथीलाईयो फोटो कस्तो छ ? भनेर सोध्नुहोस । साथीलाई सोधेर कोहीपनि सानो मान्छे हुँदैन ।

तपाईंले अलिकति इमान्दारिताका साथ फरक ढंगबाट काम गर्नुभयो भने यो क्षेत्रमा नयाँ नयाँ अवसरहरू प्रशस्त रहेका छन् । नयाँ प्रविधि आएको छ, एक्लै फोटो खिच्नुहोस्, एक्लै भिडियो खिच्नुहोस् तर इमान्दारीका साथ काम गर्नुभयो भने तपाईंलाई त्यसले सफलतामा अवश्य पुऱ्याउँछ । अनलाइनको यत्रो बाढी आएको छ । म पनि त्यहीं छु । पत्रकारहरूको बजार त झन यति मौलाएको छ, तलब बढाबढमा यता जान पाइन्छ, उता जान पाइन्छ । मैले काम थाल्दाका दिनहरूमा पाँच बर्ष, आठ बर्ष काम गर्दा पनि पाँच पैसा तबल बढ्दैनथ्यो । त्यसैले हामीले काम गर्दा तुलनात्मकरूपमा हेर्ने भनेको उत्कृष्टता हो ।

दूधले नुहाएको कोही पनि छैन । बत्तीसै गुणयुक्त कोहीपनि हुँदैन । त्यसैले हामी तुलनात्मक रूपमा सक्दो राम्रो गर्ने हो । सक्नुहुन्छ शतप्रतिशत गर्नुहोस्,सक्नुहुन्छ सकेसम्म राम्रो गर्नुहोस्, भोलि आउनेलाई बाटो बनाइदिनुहोस् । यहाँ किशोर(नेपाल) दाइ भएर भनेको हैन । कतिपय अवस्थामा म पनि किशोर दाइसँग झगडा गर्छु । उहाँहरूले एक बाटो बनाइदिनुभएको छ । त्यतिबेलाको अवस्थामा जे जस्तो थियो, त्यतिबेलाको अप्ठ्यारो अवस्थामा बाटो बनाइदिनुभयो र आज हामी हिँड्दै छौं ।

मैले अघि पनि भने किशोर दाइ नहुनुभएको भए धेरै पत्रकारहुँदैनथे । त्यसमा म जहाँ गएर पनि भन्न सक्छु । मैसँग काम गर्ने कति साथीहरू कोही काम गर्दैछन् कति साथीहरू अन्तै लागिसके । त्यसैले तपाईंहरूले पनि एउटा बाटो निर्माण गर्नेतिर

लाग्नुहोस् । त्यसलाई फराकिलो मार्ग निर्माण गर्न लाग्नुहोस । हामीले पनि नयाँ पिँढीहरूबाट सिक्ने पनि हो, तपाईंहरूले हाम्रो अनुभव लिने हो, गर्ने तपाईंहरूले हो । हामीले भोगेको दुःख तपाईंहरूले भोग्नु नपरोस भन्ने हो । किनकि हाम्रो दुःखमा तपाईंहरू अलमलिनुभयो भने तपाईंहरूले प्रगति गर्न सक्नु हुँदैन ।

फोटो पत्रकारिताका कुरा गर्दा धेरै कुराहरू आउँछन् । धेरै कुराहरू छन् । समस्याका कुराहरू आउँछन् । हिजोको अवस्थामा कसरी काम गरियो भन्दा पनि आजका प्रकाशन गृहहरूले कसरी व्यवस्थापन गर्छन् ? तपाईंहरूले फोटो पत्रकारिता गर्न पाँच सात लाखका सामग्रीहरू व्यवस्थापन गर्नुपर्ने हुन्छ । हामीले काम गर्दा व्यवस्थापनसँग झगडा गरिन्थ्यो, आवश्यक सामग्रीहरू किन्न लगाइन्थ्यो । त्यही भएर यस्ता कुराहरूमा तपाईंहरूले पनि फोटो पत्रकारिता गर्दा पनि कम्तिमा एकदुई लाख चाहिँती सामग्रीका लागि छुट्याउनुपर्छ । ती कुराहरूमा अलिकति ध्यान दिनुपर्छ । हैन सक्दिन भन्ने लाग्छ भने अर्को पेशा रोज्नुहोस ।

पढ्न नसकेकाहरू, बल्लबल्ल एसएलसी पास गर्नेहरू वा फेलहुनेहरू त्योपत्रकार बन्छ भन्थे । झोले पनि भन्थे । एकजना मेरो साथी पत्रकारिता पढ्न बेङ्लोर गयो, उसको बुवा चाहिँले त पनि झोले हुने भइस् है भनेर भने । त्यो कुराहरू चाहिँ ख्याल गर्नुपर्छ । आज हामी त्यो अवस्थाबाट माथि आएका छौ, सम्मानित पनि भएका छौं । यो पेशालाई सम्मानीय गराउने जिम्मेवारी तपाईं हामी सबैको हो ।

मैले खिचेका फोटाहरूको स्मरण गर्दा रामेछापको बाम्तीभन्दा केही तल पहिरोमा पैंतीस चालिस जनाको मृत्युभएको घटनाको फोटो थियो । बिहानको घटना थियो, मोबाइल फोन भर्खर भर्खर आएको थियो । गृहमन्त्रीदेखि सबै उक्त स्थानमा जाने तयारी चल्दै थियो । आफू त जान सकिदैन थियो । म लोकन्थली बस्ने, अघिल्लो दिन पहिरो गएको भन्छ, बिहान घुम्न गएको थिएँ । जनैपूर्णिमाको दिन थियो, माथि हेलिकप्टर स्टार्ट भएको सुनेपछि बनतिर लागेर हेलिकोप्टर चढेर खिचेर ल्याएको थिएँ ।

अर्को स्मरणीय फोटोको सन्दर्भमा पनि भन्छु । तपाईंहरूलाईहाम्रो अनुभवलेकसरी काम दिन्छ भने,२०६२/०६३ को आन्दोलनताका सबै सेना प्रहरीको गस्ती असन इन्द्रचोकतिर हुने गर्थ्यो । उनीहरू हाम्रो पछि कुद्थे । आन्दोलनकारीहरू हामी यहाँबाट निस्कन्छौं भन्थे । आखिरीमा उनीहरू पाँच सात जना हुन्थे । हामी जुलुसको पछि कुद्छौ भनेर पुलिस हाम्रो पछि कुद्थे । जहिल्यै पनि त्यो ठाउँमा जाँदाखेरी नयाँ के हुन्छ? त्यो चाहिँ

हेर्ने । त्यस्तै, एक दिन चाहिँजुलुसको नेतृत्व गर्दै को आउँछभनेको एकजनाले बलबहादुर राई(नेपाली कांग्रेसका नेता) आउनुहुन्छ भने । त्यतिबेला भइरहेको आन्दोलनका बेला सबैभन्दा ठूला नेता आउने भनेपछि त्यतैतिर केन्द्रीत हुन थाल्थ्यौं । पत्रकारहरू चालीस पचासजना हुन्थे । आन्दोलनकारीहरू चाहिँदश/बाह्र जना मात्रै हुन्थे । अवस्था त्यस्तो थियो । म चाहिँ उहाँलाई खोज्दै जान्थें । त्यतिबेला अरूसाथीहरूले प्रहरीले असन र इन्द्रचोकमा आन्दोलनकारीलाई कुट्दै गरेको फोटो खिच्न थाले भने म चाहिँ बलबहादुर राईजी एउटा हातमा झण्डा बोकेर नारालगाउँदै आउँदै गरेको फोटो खिच्न थालें । अरू सबै पत्रकारहरू पछाडि नै थिए । मैले फरक फोटो भेटें त्यो बेला । यस्तो समयमा फोटो पत्रकारहरू धेरथोर आफूलाई भाग्यमानी ठान्दछन् ।

मैले त्यो दिन बलबहादुर राईले एउटा हातमा झण्डा बोकेको र अर्को हातले पर्चा फाल्दै गरेको फोटो खिचें । पछि उहाँलाई पक्राउ गरेको फोटो त सबैले खिचे । मैले खिचेको त्यो फोटोचाहिँ कान्तिपुर दैनिकमा अघिल्लो पन्नामै प्रकाशन भयो । म त्यतिबेला त्यहीं कार्यरत थिएँ । हरेक दैनिक पत्रिकामा प्रकाशन भएका फोटा मध्य मैले खिचेको त्यो फोटोलाई धेरैजसो पाठकहरूले रूचाए । त्यस्ता फोटाहरू धेरै छन्, तर मलाई मन परेको भनेको चाहिँत्यो आन्दोलनको फोटो र पहिरोको फोटोहो । त्यो पनि ती फोटोहरूमाथि प्रतिक्रिया आएपछि हो । नभए तमलाई मन परेका १० वटा फोटा खिच भन्यो भने त्यो आफैलाई चित्त बुझ्दैन । यो भन्दा अझ राम्रो गर्नसक्थें कि भन्ने मनमा लागिरहेको हुन्छ । म चाहिँती दुइटामा अलिकति प्रतिक्रिया आएकोमा राम्रै मानेको हुँ ।

*नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको 'जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।*



ऋषिराम पौडेल

# यसरी बन्यो "*शव छिचोल्दै तातो पानी पुग्दा*" शीर्षकको समाचार

**आफ्नो झोला आफैलाई बोझ भइरहेको थियो । पत्रकारितामा यो पनि एउटा अनुभव हुँदोरहेछ । म त्यहाँ पुग्दा मान्छेले कुटौंला जस्तो गरे । 'हाम्रो यत्रो क्षति भएको छ, समस्या छ, उद्धार कसैले गर्दैन । तैले किन पत्रिकामा लेखिनस्?' भनेर कुट्ने जस्तो गरे । मलाई त्यस ठाउँका प्रायःले चिन्थे, नचिन्ने भएका भए सायद मलाईं हातै हाल्थे ।**

यो पत्रकारिता विषय जुन तपाईंहरूले पढिरहनुभएको छ । सम्भवतःहामीले पत्रकारिता गर्दाको समयमा पत्रकारिताको क्याम्पस आरआरमा मात्र थियो होला जस्तो लाग्छ । म चाहिँ क्याम्पस पढ्दा जागिर पनि खानुपर्ने बाध्यतामा थिएँ ।के जागिर खाने? भन्दा एक जना चिनजानको व्यक्तिले राससमा जागिर भनेर लगाइदिनुभयो । त्यो बेलामा मलाई पत्रकारिताको 'प' पनि थाहा थिएन । अब जिल्लारिपोर्टर भएर म सिन्धुपाल्चोक गएँ । समाचार मैले कसरी लेखें ? त्यो मलाई केही पनि थाहा छैन । त्यो २०४९ सालकोतिरको कुरा हो,लगभग २६ बर्ष अगाडिको । २०५१ सालदेखि निरन्तर कान्तिपुर दैनिकमा छु । र, म भूकम्पको दुई महिनासम्मपनि जिल्लामै स्थलगत रिपोर्टिङमै थिएँ । त्यसपछि हाल म कान्तिपुर दैनिकको केन्द्रीय कार्यालयमै छु । चार बर्ष हुन लाग्यो यहाँ आएको । र, अनुभव आदानप्रदान गर्ने क्रममा खासगरी जिल्लामा बस्दाका अनुभवहरू धेरै छन् । चुनौतीका अनुभवहरू छन्, विभिन्न चुनौतीहरू मोलेर लेखेका समाचाहरू पनि धेरै छन् । २०७२ बैशाख १२ को भूकम्पपछि म सबैभन्दा बढी क्षति भएको सिन्धुपाल्चोक जिल्लाको दुर्गमसम्म पुगें । अझ भनौं चीनसँगको नाकासम्म पुगें । म त्यहाँ पुग्दाको यात्रा विवरण सुनाउन चाहन्छु ।

जुन दिन भूकम्पगयो२०७२ बैशाख १२मा ।त्यो दिन दोलालघाटबाट वनदेउ भन्ने ठाउँमा जाँदै थिएँ । भूकम्प आउँदा म निजी गाडीमा साथीसँग थिएँ । भूकम्प रोकिएपछि

बिस्तारै, वनदेउ भन्ने ठाउँमा गयौं, जहाँअलि डाँडो जस्तो ठाउँ छ ।त्यो अलि सुरक्षित जस्तो ठाउँ रहेको छ, बरको रूख पनि छ । त्यहाँ गएपछि फेरि भूकम्पको धक्का महसुस भयो । पत्रकार पनि मान्छे नै हो, मानवीय संवेदनाहरू हुन्छन् । आफ्नो घर परिवारतिर ध्यान गयो ।

मोबाइलहरू पनि लगभग बन्द जस्तो भयो । त्यहाँ उभिँदाउभिँदै त्यहा मान्छे बोकेर ल्याएको देखें मैले । क्यामरा झोलामा थियो, क्यामरा झिकेर भूकम्पको पहिलो फोटो खिचे । मलाई थाहा थिएन किधेरै ठाउँमा भूकम्पले क्षति पुऱ्याएको छ भन्ने कुरा । हामी भएको ठाउँभन्दा तल एउटा माझीवस्तीथियो । भूकम्प आउन थालेपछि घरबाट निस्कन खोज्दा घरको ढुङ्गा खसेर उसलाई लागेछ रआफन्तहरूले उसलाई बोकेर ल्याउँदै थिए । त्यही फोटो मैले खिचे रत्यसै दिन बेलुका म काठमाडौं नै आए । बिभिन्न जिल्लाबाट कान्तिपुरका लागि भूकम्पको रिपोर्टिङ हुन थाल्यो । त्यसक्रममा के थाहा भयो भने सबैभन्दा क्षति त सिन्धुपाल्चोकमा भएको रहेछ । तर पनि कति क्षतिभयो भन्ने थाहा थिएन । मान्छेहरू आत्तिएका थिए ।

भोलिपल्ट मलाई के लाग्यो भने, कहाँ जाने ?मैले के सोचे भने जिल्लामा सबैभन्दा पिछडिएको ठाउँ, सबैभन्दा झुरूप्प रहेको ठाँउ, माझी र दनुवार रहेको ठाउँ थियो, त्यसलाई भीमटार भनेर चिनिन्छ । मलाई भीमटार जान्छु भन्ने लाग्यो । रिपोर्टिङका क्रममा काठमाडौंबाट कसैको साधनमा भीमटारतिर लागें । जिरो किलो भन्ने ठाउँ छ,, त्यहाँबाट म भीमटार पुगें । भीमटारमा उहीँसम्म गाडी जाँदैनथ्यो । बीचमा ढिस्को खसेको हुन्थ्यो । बाटोका रूखहरू भाँचिएका थिए । त्यो पार गर्दै पन्छाउँदै पन्छाउँदै गइयो । ' अविरल बग्दछ इन्द्रवती' भन्ने टेलिसिरियल थियो । त्यो सिरियल त्यही गाउँलाई आधार बनाएर, त्यहीँका पात्रलाई आधार बनाएर छायाङ्कन गरिएको गाउँ थियो । त्यही गाउँ हो, जहाँ म गएँ । उक्त वस्तीका बासिन्दा माझी र दनुवार जो आर्थिकरूपमा पनि विपन्न र शैक्षिकरूपमा पिछडिएको, घरहरू झुप्रा झुप्रा थियो । र, म पुग्दाखेरि चाहिँ के थियो भने, घर पुरिएका थिए । बुढापाका र बच्चाहरू बढी पुरिएका थिए । त्यतिबेला धमाधम पुरिएकाहरूलाई झिक्ने काम भइरहेको थियो । ठाउँठाउँमा बच्चाहरूको शव बृद्धबृद्धाहरूको शव झिकिरहेको देखिन्थ्यो । गाउँमा जाँदाखेरि मान्छेहरू रोइरहेका थिए । पत्रकारहरू जाँदाखेरी, भनिन्छ केहिलेकाहिँ समाचार लेख्दाखेरि रिसाएर पनि लेख्नुहुँदैन । भावनात्मक भएर पनि लेख्नु हुँदैन भन्छौं तर कहिलेकाहिँ भावनामा पनि बगिन्छ । आफूलाई थाम्न पनि गाह्रो हुने अवस्था थियो । त्यही सिलसिलामा तीनवटा मध्य दुईवटा वडाहरू घुमेर अर्को वडामा जाने क्रममा फेरि भूकम्प आयो । त्यहाँ एउटा बारीको पाटा थियो । त्यहीँ बसेर अर्को दिन सदरमुकाम मेलम्ची गएँ । म बैशाखको

१६ गते मात्रै मेलम्चीबाट बाह्रबीसेतिर लागें । बाह्रबीसे जानुभन्दा अगाडि धेरैले मलाई भने कि, धेरै गाउँहरूमा सम्पर्क हुन सकेको छैन । त्यसमा चाहिँ बाह्रबीबसे र त्यसभन्दा माथिको गाउँमा कोही पनि जान सकेको छैन ।सम्पर्क भनि भएको छैन भने । अनि मलाई के लाग्यो भने, आखिर लेख्न त सबैले लेखिहाल्छन् । फोटो पनि सजिलो ठाउँको सबैले खिचिहाल्छन् । त्यहाँ त कोही पनि पुगेका छैनन् । त्यहाँ चाहिँ जान पाए हुन्थ्यो भन्ने लाग्यो । त्यसैले म बाह्रबीसे गएँ । सम्पर्क गर्ने ठाउँथिएन । प्रहरीहरू पनि कसैले त बर्दीपनि लगाएका थिएनन् । मैले त्यहाँ सम्पर्क गरें । म बाह्रबीसे जान चाहन्छु । त्यहाँ के छ अवस्था भनें । तर, मलाई प्रहरीले नजान भने । 'हामीलाई पनि नजानु भनेको छ । तपाईं पनि नजानुहोस ।र, हाम्रो प्रहरीको एकजना ढुंगाले लागेर मृत्यभएका साथीको शब चार दिन पछाडि हेलिकप्टरबाट काठमाडौं लगिएको हो' प्रहरीबाट यस्तो जवाफ आयो । प्रहरीले 'त्यो ठाउँमा जोखिम छ, हामीलाई त्यहाँ नजानुस् भन्ने आदेश छ' भनेपछि त्यस दिन म त्यहीँ बसें । तर म यहाँ आएको के अर्थ भयो भन्ने मलाई लाग्यो ।त्यसछि भोलिपल्ट प्रहरीलाई आग्रह गरें । हैन, म त्यस ठाउँमा जानै पर्‍यो भनेपछि लार्चा प्रहरी चौकीका प्रहरीहरू सिभिलमा आएका रहेछन्।उनीहरू एक दिन अघि मात्रै लार्चाबाट त्यहाँ बस्न नसकेर डाँडैडाँडा आएका रहेछन् । मैले त्यता जानुपर्‍यो भनेपछिउनीहरूले ल हामीपनि लार्चाप्रहरी चौकीसम्म जान्छौ भने । लार्चा प्रहरी चौकीबाट तातोपानी नाका पुग्न छ किलोमिटर पर्छ । उनीहरूले लार्चा प्रहरी चौकी भन्दा माथि नजाने बताए ।

बाटो बिग्रिएका कारण थोरै बाटोमा मात्रै गाडी चल्थ्यो । एउटालाई गाडी भन्यो, गाडीको ड्राइभरले जानै मानेन । उसको भनाई के थियो भने, 'माथिबाट ढुङ्गा झरिरहेको छ । हामीलाई लाग्छ । त्यस्तो ठाउँमा म जान सक्दिन ।' एकजना चिनेको साथी थियो, उसले गाडीवालालाई 'जा..जा..' भन्यो । गाडीमा जाँदा बीचबाटोमा उसले धेरै कुराहरू भन्यो । ढुङ्गाले लागेर कोही मर्‍यो भने कसले जिम्मा लिन्छ भन्यो ।

हामीलाई जसरी पनि जानु थियो । दुईतीन किलोमिटरसम्म मात्रै गाडी जान्थ्यो । हामी त्यहाँ पुगेर ओर्लियौं । त्यसपछि अगाडि बढ्यौ । त्यो बाटोमा कुनै पनि ठाउँमा खालि थिएन । त्यहाँदेखि माथि करीब २२ किलोमिटर सबै त्यस्तै कतै गाडी, कतै मोटरसाइकल पुरिएका, बाटोभरि ढुङ्गामाटोले भरिएको थियो । यत्ति ठूला चट्टानहरू खसेका छन् । बेला बेलामा कम्पहरू गइरहेको छ । बाटोमा जाँदाखेरि खासामा काम गर्न गएकाहरू आउँदै गरेका भेटिए । उनीहरूलाई साहुले 'तिमीहरूको देशमा भूकम्प गएको छ । आफ्नो देश जाऊ' भनेर लुगाफाटो, पैसा दिएर पठाएको रहेछ । त्यसरी उनीहरूलाई हामीले त्यहा भेट्यौं। उनीहरू लुगा, बच्चा तथा अन्य सामग्री बोकेर आफ्नो घर फर्किंदै गरेकाहरूको फोटो खिचें । उनीहरू एकदमै हतास मुद्रामा देखिन्थे ।

हामीले बाटामा एउटा जीप देख्यौं ।त्यो जीप आधा पुरिएको अवस्थामा थियो ।जहाँ एकजना ड्राइभर च्यापिएर त्यो जीपभित्र मरिरहेको थियो । मैले त्यसको तस्बीर लिएँ । त्यहाँबाट अगाडि बढ्दै गर्दा बाटोमाथि पुरिएको बस देखियो । माथिबाट आएको ढुङ्गा लागेर बस कच्याकुचुक भएको थियो । यो बसमा कोक्रामा बच्चा राखिएको रहेछ । बच्चाकी आमा ढुङ्गाले लागेर बितिछन् । बच्चा रोएको सुनेर स्थानीयले त्यो बच्चालाई बसबाट निकालेका रहेछन् । त्यो बच्चा आजकल धुस्कुन भन्ने ठाउँमा मामाघरमा बसेको छ भन्ने सुनेको छु मैले ।

बाटामा यस्तै दर्दनाक दृश्यहरू थिए । तातोपानी जाने बाटोमा गाडी तथा मोटरसाइकल बाटामा त्यसै थिए । मान्छेहरूले आफ्ना सवारी साधनहरू त्यहीं छोडेर भागेका थिए । मैले त्यहाँको स्थानमा देखेका धेरै फोटाहरू खिचेको छु । मैले कान्तिपुरमा 'शव छिचोल्दै तातोपानी पुग्दा'भन्ने शीर्षकमा लेखेको पनि थिएँ, जुन कान्तिपुरको बाहिरी पृष्ठमा छापिएको थियो । यही यात्रा विवरण थियो त्यो सामग्री ।

तातोपानी नाकाथिस्त लार्चा प्रहरी चौकी पुग्दा, त्यहाँ एकजना असइसाव हुनुहुन्थ्यो । उहाँ  हामीलाई भेट्नेबित्तिकै बररर... आँशु झारेर रूनुभयो । डाँडाहरूबाट बेलाबेलामा माटो खसिरहेको थियो । त्यहाँ भएका प्रहरीहरू एकै ठाउँमा जम्मा भएर बसिरहनुभएको थियो । प्रहरी कार्यालयको करेसामा समेत पहिरो खसिरहेको थियो ।

उनीहरूको के भनाइ थियो भने, १२ बजेतिर प्रहरी हवल्दारलाई ढुङ्गाले लाग्यो । बेलुका ८ बजे उसको मृत्यु भयो । एकजना प्रहरीले पीडा भरिएको स्वरमा भन्दैथिए "देशभरि हाम्रो त्यत्रो प्रहरी संगठन छ । त्यही शव लिन पनि ३ दिनपछि मात्र हेलिकप्टर आयो । हाम्रो संगठनमा हामीलाई न केही खबर भयो, न बेलामा हेलिकप्टर पठायो, हामी प्रहरी भएर के गर्नु ? यदि हामी पनि मरेको भए, हाम्रो शवकोसम्म पनि मतलब हुने रहेनछ ।'समयमै साथीलाई अस्पताल लैजान पाएको भए त्यो साथी बाँच्थ्यो कि भन्ने उनीहरूको निष्कर्ष समेत रहेछ ।प्रहरी पनि त्यो अवस्थामा थिए । यहाँ पुगेपछि प्रहरीहरू मसङ्ग जान मानेनन् । 'हामी जाँदैनौ जोखिम छ । ढुङ्गा खसिरहेको छ' भने उनीहरूले । तर मेरो इच्छा चाहिँनेपाल र चीनबीचको नाकासम्म पुगौं भन्ने थियो ।

त्यहाँबाट म माथि लागे । माथिबाट झरेका ठूलाठूला ढुङ्गाले बाटो पुरेको थियो । त्यलाई छिचोल्दै म अगाडि लागें । नजिकै भोटेकोशीको ड्याम थियो । त्यहाँका केही मान्छेहरू ड्याम नजिकै सानो चौर जस्तो ठाउँलाई सुरक्षित स्थान ठानेरबसिरहेका थिए । बौद्ध धर्ममान्ने मान्छेहरू शान्तिको कामना गर्दै बत्ती बालेर बसिरहेका थिए । त्यो ठाउँ पार गर्दै अझ माथि जाँदै गर्दा एकदम ठूलो आवाज आयो । मैले पक्कै पनि पहिरो

आयो भन्ने सोचेर यसो थचक्क बसें। यसो हेरेको चाइना पट्टिको भागमा ढंङ्गाहरू बररर.. खसिरहेको देखें ।

मलाई चाहिँ लागेको थियो, अब यहीं नै मरिने भइयो तर उता चाइनातर्फको भागमा आएको रहेछ । बाटामा भेटिएका सबै अवरोधहरू पार गर्दै म नाका साइडमा पुगें । नाका साइडमा पुगेपछि, मलाई लाग्यो हिंसात्मक द्वन्द्वका दिनहरू त भोगियो तर,बाइस तेइस बर्षको पत्रकारिताको क्रममा त्यति धेरैथकित र त्रसित कहिल्यै पनि भएको थिएन ।

मेरो झोलाको एकातिरको भिर्ने फित्ता पनि चुँडिइसकेको थियो । खुट्टाहरू थरथर काँपिरहेका थिए । एक्लै छु, मान्छे कोही पनि छैन । जुन ठाउँ चौबीसै घण्टा मान्छेको चहलपहल हुने ठाउँहरू हुन् सबै एकदमै सुनसान छन् ।

मैले त्यस ठाउँमा पुगेपछि अरू केही गरिन । धमाधम फोटाहरू मात्र खिचें । सबैतिरका फोटाहरू खिचेर म फर्कें । डर र त्रासका बीचमा, खुट्टाहरू कामिरहेका थिए । अलि तल आइपुग्दा हेलिकप्टरबाट भूकम्प पीडितहरूको उद्धार हुँदै थियो । खासगरी खासामा उड्किएका मान्छेहरू तातोपानीको कोदारी डाँडामा थिए । उनीहरूलाई सेनाको हेलिकप्टरबाट ओसार्ने काम भइरहेको थियो । फर्किदा मलाई एकदमै गाह्रो भयो ।

आफ्नो झोला आफैलाई बोझ भइरहेको थियो । पत्रकारितामा यो पनि एउटा अनुभव हुँदो रहेछ । म त्यहाँ पुग्दा मान्छेले कुटौला जस्तो गरे । 'हाम्रो यत्रो क्षति भएको छ । समस्या छ । उद्धार कसैले गर्दैन । तैले किन पत्रिकामा लेखिनस्?' भनेर कुट्ने जस्तो गरे । मलाई त्यसठाउँका प्रायःले चिन्थे, नचिन्ने भएका भए सायद मलाईं हातै हाल्थे ।

अरू पत्रकार साथीहरू पनि जानचाहिँ जानु भएको थियो । उहाँहरू हेलिकप्टरमा जानुहुन्थ्यो । माथि माथिका ठाउँहरूमा जानुभएन । उनीहरूले अहिलेसम्म यहाँ कोही पत्रकारहरू पनि आएका छैनन्, तपाई हिँडेर फर्किन सक्नुहुन्छ भनेर सोधे । मैले 'म यहाबाट जसरी पनि फर्किनै पर्छ अनिमात्रै तपाईंहरूको समाचार आउँछ' भने । त्यसपछि आर्मीको हेलिकप्टरमा चढेर सुनखानी भन्ने ठाउँसम्म आएँ । बेलुका म बाह्रबीसे आएँ । र, त्यहाँबाट समाचार लेखेर पत्रिकामा पठाएँ ।

*नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको 'जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।*



रोजिता बुद्धाचार्य

# पाँचजना चेलीको सगरमाथा यात्रा

**दुईजना साथी लगातार विरामी पर्न थालेपछि हामी अरू तीन जनालाई पनि टाउँको दुख्ने, खान मन नलाग्ने, वाकवाक लाग्ने जस्ता समस्याहरू देखिन थालेका थिए । टिममा एउटा सन्त्रास के पैदा भयो भन्दा, धमाधम साथीहरू विरामी पर्न थालेपछि कतै हामी बेस क्याम्पसम्म पनि नपुगिने हो कि ?**

म प्रथम महिला पत्रकारहरूको सगरमाथा आरोहण टोली २०१८को एकजना सदस्य हुँ । टोलीमा हामी चाही पाँच जना चेलीहरू थियौ ।सबैजना पत्रकारिता क्षेत्रमा काम गरिरहेका । म दुई महिना अगाडिसम्म नेपाल टेलिभिजनमा आजको विज्ञान भन्ने कार्यक्रम गर्थे । मसंग रोशा बस्नेत हुनुहुन्छ, उहाँ राष्ट्रिय समाचार समितिमा अंग्रेजी विभागमा सह–सम्पादक हुनुहुन्छ । प्रियालक्ष्मी कार्की, उहाँ त्यतिबेला न्यूज २४ मा काम गर्नुहुन्थ्यो र हाल उहाँ नेपाल टेलिभिजनमा हुनुहुन्छ । कल्पना महर्जन, यतिखेर मेगा टेलिभिजनमा हुनुहुन्छ भने देउराली चाम्लिङ यतिखेला स्वतन्त्र पत्रकारका रूपमा कार्यरत हुनुहुन्छ ।

हाम्रो सगरमाथा आरोहणमा पाँचजना चेली भनेर अगाडि देखियौं । यी पाँचजना चेलीले कलम समाउने हातले बरफ काट्ने बन्चरो समाउन पनि सक्छन् भनेर रोशा बस्नेत दिदीको दिमागमा आयो । त्यो बरफ काट्ने बन्चरोसमातेर पत्रकारिता गर्न किन जरूरी छ भनेर हामीलाई बुझाउने चाहिँ फुर्वा तेन्जिङ शेर्पाज्यू हुनुहुथ्यो, जो हाम्रो टोलीको सरदार हुनुहुन्छ । उहाँले धेरैचोटि सगरमाथा आरोहण गरिसक्नुभयो । र फुर्वाज्यूको चाहिँ एउटा सामान्य कुरा के थियो भने उहाँलाई पढ्न लेख्न आउँदैन । उहाँको घर दोलखा, हिमाल चढेको अनुभव छ तर, भन्न जान्नुहुन्न । हामी जस्ता पत्रकार चेलीहरूले आफ्नै आखाँले देख्यौं भने हिमालका कुराहरू लेख्न सक्छौ, बोल्न सक्छौं, ती कुराहरू चाहिँ पत्रकारिताका

माध्ययमबाट सरकारसमक्ष पुग्छ । कतिपय लुकेका कुराहरू आउँछन भन्ने एउटा विश्वास उहाँमा थियो । उहाँको त्यो विश्वाससँग हामी सहमत भयौं ।

त्यही विश्वासका आधारमा नेपाल पत्रकार महासंघको ढोका ढकढक्यायौं र नेपाल पत्रकार महासंघकै ब्यानरमा सगरमाथा आरोहण गर्न चाहन्छौं भन्यौं । महासंघले पनि हामीलाई उत्साह थपिदियो । त्यो यात्राको नारा "समताका लागि बुलन्द आवाज"प्रस्ताव राखेका थियौं । हाम्रो व्यक्तिगत बुझाइमा के लाग्छ भन्दा, चढेका हामी पाँच जना थियौं । तर हामीलाई चढाउने एउटा जम्बो टोली थियो । प्रत्यक्ष अप्रत्यक्ष रूपमा तपाईंहरू सबैको एक एक थोपा पसिना मिसिएको छ । यसअर्थ प्रत्येक नेपालीको एक एक थोपा पसिनाले हामी सगरमाथा पुगेका हौं । तपाईंहरू आफै त्यहाँ पुगेको अनुभुति गर्नुभएको छ भन्ने हाम्रो अनुमान छ ।

हामीले मे २३, २०१८ मा अर्थात जेठ ९ गते २०७५ मा हामीले सगरमाथा आरोहण गर्‍यौं । हाम्रो प्रमुख उद्देश्य भनेको, त्यो यात्राभरिको समाचार संकलन गर्नु थियो । यात्राका क्रममादिङबोचे भन्ने ठाउँमा पुग्दा हाम्रो साथी प्रियालक्ष्मी कार्की विरामी पर्नथाल्नुभयो । लुक्ला भन्ने ठाउँमा पुग्दा वाकवाकी हुन थालेपछि उहाँलाई उद्दार गरेर काठमाडौं पठाउनुपर्ने अवस्था नै भयो ।

जब हामी लोबुचे भन्ने ठाउँमा पुग्यौं, अर्को साथी कल्पना महर्जन विरामी पर्न थाल्नुभयो । दुईजना साथी लगातार विरामी पर्न थालेपछि हामी अरू तीन जनालाई पनि टाउको दुख्ने, खान मन नलाग्ने, वाकवाक लाग्ने जस्ता समस्याहरू देखिन थालेका थिए । टिममा एउटा सन्त्रास के पैदा भयो भन्दा, धमाधम साथीहरू विरामी पर्न थालेपछिकतै हामी बेस क्याम्पसम्म पनि नपुगिने हो कि? हामीलाई चिन्ता पनि लाग्यो कि, हामीलाई विश्वास गरेर त्यति धेरै संघसंस्थाहरूले गरेको 'महिला पत्रकारहरूलाई सगरमाथा पठायो भने पक्कै पनि पत्रकारको दृष्टिकोणबाट केही कुराहरू उनीहरूले ल्याउने छन्' भन्ने आशा पूरा गर्न सक्दैनौ कि भन्ने ।

त्यसरी हामी पहिलो बेसक्याम्पमा पुग्यौं ।हाम्रो योजना चाहिँ के थियो भने बेसक्याम्पदेखि माथि ६ वटा स्पटबाट टेलिकास्ट गर्ने भन्ने योजना साथ नेपाल टेलिभिजन र आईफो टेक्नोलेजीसँग सहकार्य पनि गरेका थियौं । इन्मरस्याट भन्ने हामीसँग एउटा प्रविधि थियो, हाम्रो ठूलै लगानी थियो त्यसमा । काठमाडौंमा हामीले परीक्षण गर्दा सबै ठिक थियो, बेसक्याम्पमा गयौं । त्यहाँ प्रियालक्ष्मी कार्की हुनुहुन्थ्यो, त्यहाँको वस्तुस्थिति जस्ताको तस्तै देखाउन सफल भयौं। त्यसपछि क्याम्प दुईमा पनि प्रत्यक्ष प्रशारण गर्न सफल भयौं । तर, जब हामी क्याम्प तीनमा पुग्यौं, साथीहरू सबै अगाडि बढिसक्नुभएको थियो, म अन्तिममा थिएँ।

क्याम्प तीन भनेको पैसट्ठी डिग्रीको पाखा आउँछ । त्यहाँ पुग्नेबित्तिकै प्रसारणका लागि टेलिभिजनबाट तयार बस्नु भन्ने खबर आयो । प्रसारणका लागि अलि मिलेको ठाउँसम्म भेटिएको थिएन । फुर्वा शेर्पा दाइले, 'ल प्रसारण गर्ने भए यहीं गरिहाल माथि नेटवर्क नचल्न सक्छ' भन्नुभयो । त्यो पैसट्ठी डिग्रीको पाखामा एकदमै कठिनका साथ, झुण्डिएर प्रसारणको तयारी गरियो । यताबाट हामी बोल्न थाल्यौं तर यता टेलिभिजन स्टेशनबाट 'हजुर केही सुनिएन' मात्रै भनिरहनुभयो ।

क्याम्प दुईबाट हामीले त्यहाँको वस्तुस्थिति बारेमा देखाएका थियौं । क्याम्प तीनबाट हामीले पछाडिका सबैहिमालका दृश्यहरू देखाउने योजना बनाएका थियौं । तर, क्याम्प तीनमा भएछ के भन्दा यताबाट आवाज चाहिँ गयो तर भिडियो चाहि गएन । आरोहणका क्रममा यति जोखिम हुन्छ कि, तपाईलाई एउटा सियो पनि भारी हुन्छ । सामान्य ठाउँमा एक केजीको सामान हिमालमा पाँच केजी बराबरको भारी लाग्ने हुन्छ । त्यो प्रविधि आफैमा ६ केजीको थियो । मेरो अन्य केही सामानहरू फुर्वाजीले बोक्नुभएको थियो । अवस्था एकदमै चुनौतीपूर्ण रहेको थियो । क्याम्प तीनको पाखाबाट नै अक्सिजन लगाउन सुरू गरेका थियौं ।

तर, त्यहाँ अक्सिजन फुकालेर स्याँ फ्याँ गर्दै बस्न एकदमै गाह्रो भयो । जब हामी क्याम्प तीनमा पुग्यौं, त्यतिबेला मलाई एकदमै रिस उठेको थियो । काठमाडौमा हामी सबै प्राविधिक परीक्षण गरेर गएका थियौ, हरेक संघसंस्थाका प्रतिनिधिहरूलाई हामीले प्रत्यक्ष प्रसारण गर्छौं भनेका थियौं । यताबाट हामीले राम्रोसँग सिग्नलहरू पठाएका थियौं, यताबाट प्रविधिले राम्रो काम नगर्दा रिस उठ्नु स्वाभाविक हो भन्ने लाग्छ । हामीले यस विषयमा प्राविधिकहरूसँग बैठक समेत गरेर पूरै तयारी गरेका थियौं । त्यसपछि हामी त्यो प्रविधिलाई फर्काएर चौथो क्याम्प गयौं र त्यसपछि सगरमाथाको चुचुरोमा पुग्यौं ।

फर्केपछि हामीले त्यहाँ हामीले जे जे देख्यौं त्यसको पूर्ण प्रतिवेदनतयार गर्यौ । र, त्यसमा सातवटा बुँदामा नेपाल सरकारलाई हामीले औंल्याएका विषयमा सुधार गर्न आवश्यक छ भनेर माननीय पर्यटनमन्त्री (रविन्द्र अधिकारी) हुनुहुन्थ्यो, हाल उहाँ बितिसक्नुभयो उहाँलाई प्रतिवेन बुझायौं ।

ती सातवटा बुँदाहरूमा चाहिँ सगरमाथामा सरसफाई अभियान चलाउन प्रतिवेदनमा उल्लेख गरिएको छ । मुख्यगरी क्याम्प दुई र चारमा धेरै नै फोहर रहेको छ । घाम लाग्दा धेरै नै गन्हाइरहेको हुन्छ ।

माथि जादाँखेरि आफ्नो जीवनभन्दा ठूलो कुरा केही पनि नहुने रैछ । अक्सिजनको सिलिण्डर, बस्ने टेन्ट, ग्याँस चुलो लगायतका सामग्रीहरू त्यहीं छोड्ने गरिँदो रहेछ । धेरै बर्ष अगाडि पुरिएका बस्तुहरू बरफ पग्लिदै जाने क्रममा तीवस्तुहरू सतहमा देखिन थालेका रहेछन् । सबैभन्दा धेरै फोहोर भनेको चाहिँ सगरमाथा आरोहणका क्रममा

मृत्यु भएकाहरूको शवहरू बरफ पग्लिएर सतहमा देखिन थालेका छन् । त्यो विषयमा त समाचार पनि आएको थियो । यात्राभरिमा हामीलेचारवटा शव देखेका थियौं । वेसक्याम्पसम्म व्यवस्थापन गर्ने संस्था छ । उहाँहरूले एकदम राम्रो तरिकाले काम गर्नुभएको छ । तर, माथि चाहिँ व्यवस्थापन गर्न गाह्रो, खर्च महंगो मानव स्रोत धेरै चाहिने, उद्धार गर्न जाने व्यक्तिको जिन्दगी समेत जोखिममा पर्ने अवस्था । विदेशीहरूको शवको सन्दर्भमा परिवारका सदस्यहरूले आफ्नो देशमा लैजान धेरै महङ्गो पर्ने कारण शव नलगिदिँदा अवस्था त्यस्तो हुन गएको रहेछ ।

अर्को कुरा भनेको जब सबै क्याम्पहरू उठ्छन्, त्यतिबेला सानो सानो बस्तुहरू छुट्ने हुँदा पनि फोहर हुँदो रहेछ । नेपाल पर्यटन बर्ष २०२० को सन्दर्भमा त्यो कुरालाई ध्यान दिन आवश्यक छ । बरू हामी श्रमदान गर्न तयार छौं ।

अर्को कुरा हामीले हाम्रो आरोहणका क्रममा जानेर वा नजानेर धेरै फोटोहरू खिचेका छौं ।त्यसमा फुर्वाको पनि एकदमै ठूलो हात रहेको छ । हाम्रो टोलीले खिचेका फोटोहरूलाई "हिमाललाई चिनौं र हिमाललाई चिनाऔं"भन्ने नाराका साथ प्रदर्शनी गरेका थियौं । हामीले पहिलो प्रदर्शनी चाहिँ काठमाडौं इन्टरनेशनल माउण्टेन फिल्म फेस्टिबल एक्जीविसनमा प्रदर्शन गर्‍यौं । त्यसपछि हामीले तराईमा हिमालको चिसो लैजानुपर्छ भनेर सुन्दर हरैचा एक्सपो हुँदा सुन्दर हरैचा नगरपालिकामा फोटो प्रदर्शनी गयौं । र, तेस्रो सँस्करण चाहिँ अस्ति भर्खर इन्टरनेशनल थिएटर फेस्टिबल भएको थियो, कलामा रूचि भएका व्यक्तिहरूले जान्न जरूरी छ भनेर त्यहाँ हामीले तेस्रो संकरण गरेका थियौं ।

आरोहण गर्ने कुरा एकदम चुनौतीपूर्ण रहेको छ । अझ हामी त काठमाडौंमा बसेर, मेरो हकमा हेर्दाखेरि, काठमाडौंमा जन्मेर हुर्केर, जो कसैले पनि झट्ट हेर्दाखेरी सगरमाथा चढ्न सक्छन् त ? भन्ने थियो । तर हामीलाई भने हामी समूहमा जान्छौं र जसरी पनि सामूहिकरूपमा सगरमाथा आरोहण गरेर पत्रकारिता गर्छौं भन्ने थियो ।

रक्षामन्त्री(ईश्वर पोखरेल)ले आफै बसेर हामीलाई सगरमाथाको यात्राका लागि बिदाई गर्नुभएको थियो । पत्रकारिता गर्ने भनेर त गयौं तर, जति माथि जाँदै गयो त्यति नै चुनौतीहरू थिए ।

माथिबाट फर्कने क्रममा देउराली दिदीको अक्सिजन सकिएको थियो, तर शेर्पाले आफूले लगाएको अक्सिजनको सिलिण्डर दिनुभएको थियो । देउराली दिदीले अगाडिबाट हेर्दा शेर्पा धर्मराएको देखिन्थ्यो रे । किन त भन्दा अक्सिजनको कमि भएर । सास फेर्दासम्म पनि सास जमेर बरफ हुन्थ्यो ।

नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको '**जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण**' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।



रोशा बस्नेत

# हिमालका भगवान रहेछन् शेर्पाहरू

**अनि एकजना शेर्पाले चाहिँ चर्को स्वरमा 'हेइ, गिभ मि योर ह्याण्ड' भन्नुभयो र उहाँले हात दिनुभयो । यस्तो मज्जाले हात समातेर माथि आएँ म, र त्यसपछि स्याँ स्याँ भयो । देब्रे खुट्टा थरथर काँप्यो ।**

शेर्पाहरू चाहिँ हिमालका भगवान हुन् भन्ने कुराको अनुभव मलाई यो यात्राका क्रममा भयो । मलाई कतिखेर याद भयो भने जतिबेला हामीले सगरमाथा सफल आरोहण गरीफर्किने क्रममा 'एपटी हिलारीस्टेप' जुन चाहि ८९सय मिटरमा रहँदाखेरिहिलारी स्टेपबाट एक जना जापानी खस्नुभएको थियो, त्यहाँ म खसें। र, खस्दाखेरि चाही सेकेण्डभित्र मैले के सोच्न भ्याइसकेको थिएँ भने 'अब म गएँ' । ड्वाङ आवाज आयो, पाखामा पछारिएँ। तर म सुरक्षित रहेछु भन्ने कुरा कतिखेर महसुस भयो भन्दा, 'ए म त मुनि खसेनछु । मलाई डोरीले बचायो र पाखामा ठोक्किएँ' भन्ने चेत आयो । यसो माथि हेर्दा मेरो शेर्पा माथि हुनुहुन्थ्यो । दाकीता शेर्पा, मलाई लिएर जाँदाखेरि उहाँको आठौंपटक सगरमाथा आरोहण थियो । उहाँले चाहिँ वाकीटकीमा कुरा गर्दाखेरि मुख्य सरदार फुर्वा तेन्जिङ शेर्पासँग कुरा गर्दा शेर्पा भाषामा कुरा गरिरहनुभएको थियो । उहाँले रोशा खस्यो भन्दाखेरि चाहिँ गयो भन्ने सोच्न भ्याउनुभएको रहेछ । तर हैन, बोलिरहनुभएको छ, सास भएसम्म छोड्ने हैन है भन्नु भएको थियो । म बोलिरहेकी थिएँ । त्यतिबेला एकजना भारतीय आरोहीसँग दुईजना शेर्पाहरू आरोहणमा गइरहनुभएको थियो । अनि एकजना शेर्पाले चाहिँ चर्को स्वरमा 'हेइ, गिभ मि योर ह्याण्ड' भन्नुभयो र उहाँले हात दिनु भयो । यस्तो मज्जाले हात समातेर माथि आएँ म, र त्यसपछि स्याँ स्याँ भयो । देब्रे खुट्टा थरथर काँप्यो ।त्यसरी बाँचिसकेपछि अब, मलाई उद्धार गर्नुपर्ने भयो । अक्सर

एभरेष्टमा खस्दाखेरि दुर्घटना हुन्न भन्ने पढेको थिएँ, आफैले भोगि पनि रह्यौं। अनि फुर्वादाइले के बुद्धि पुऱ्याउनुभयो भने, उहाँले आफ्नो सदस्यहरूलाई बचाउनको लागि अरू शेर्पाहरूलाई पठाएरआफू बस्नु भयो बाल्कुनी भन्ने ठाउँमा । दुई/तीन घण्टा बस्नुभयो । मलाइ चाहिँ त्यसरी म त्यहाँ पुगेपछि मेरो अवस्था बारेमा सोध्नुभयो । मेरो अक्सिजन सप्लाईहरू जाँच गर्नुभयो । सबै अवस्था ठिक थियो । अनि एउटा ट्रङगुलर फेस भन्ने ठाउँमा दशवटासम्म 'डेडे बडी' हुन्थ्यो रे । हाम्रो पालामा चाहिँ हिउँ धेरै परेको कारण धेरै 'डेड बडी' देखिएको थिएन । त्यो एरियामा पुगेर जोगाएर ल्याउनु चाहिँ ठूलै जोखिपूर्ण काम थियो । त्यही भएर त्यो ४ सय मिटर जति चाहिँ मैले भनेको मान है भनेर उल्टोतर्फबाट डिस्टेन्स गराउनुभयो र मेरो शेर्पासम्म छोडेर उहाँ लाग्नुभयो ।

हिमाल चढ्नलाई हामी १७ महिनाको तयारी गरेर मात्रै मैदानमा उत्रेका थियौं । त्यो भन्दा अगाडि दुईवटा ६ हजार मिटरको हिमाल पनि चढेका थियौं । त्योबेलामा मैले 'नियर डेथ एक्सपिरियन्सेस'(मृत्यु नजिक पुगेको अनुभव) गरेको थिइन । एउटा अनुभव यस्तो खालको भयो कि, मलाईं बचाउने चाहि शेर्पा भयो । शक्ति आओस् भनेर हनुमानको नाम लिन्थें, तर हिमालको देखिने भगवान भनेको शेर्पाहरू हुनुहुँदो रहेछ । हामीले काम थाल्दाखेरि नै यो जोखिमपूर्ण काम हो भन्ने थाहा हुँदाहुँदै शुरू गरेका थियौं । शारीरिक, मानसिक र आर्थिकरूपमा समेत यो काम धेरै नै जोखिमपूर्ण हो भन्ने हामीलाई थाहा थियो ।

मेरो अनुभव चाहिँ के रह्यो भन्दा माइनस ४० डिग्रीको जाडो हुन्थ्यो राति । अघि रोजिताले भनेजस्तै आँशुपनि बरफ हुन्थ्यो । थुकहरूपनि तल भुईंमा नपुग्दै बरफ हुन्थ्यो । तर दिउँसो चाहि एकदमै उखरमाउलो गर्मी हुन्थ्यो । तुलनात्मक रूपमा हामी दिउँसो हिड्न सक्दैनथ्यौं, घामका किरणहरू सिधै पर्ने हुँदा दिउँसो एकदमै गर्मी हुन्थ्यो । त्यसैले हामी दिउँसोमा आराम गर्थ्यौं र मध्यरातमा सम्पूर्ण तयारी गरेर हिड्ने गर्थ्यौं । एकपटक हामीले आरोहण गरिसकेपछि क्याम्प दुईमा आइपुग्ने बेलामा ८० माइल प्रति घण्टाको हावाको अनुभव गर्ने अवसर पाएका थियौं । कस्सो उडाएन भन्ने लागेको थियो । भर्खर टेन्टमा पुगेर जुत्ता खोल्न लागेको थिएँ । हरेक खालको चुनौतीहरूलाई सामना गरेर, हामी सुरक्षित ढंगले सफल आरोहण गऱ्यौं र त्यसैगरी नै फर्कियौं । ४१ दिनको त्यो यात्राभरि कहिँकतै तातो चिसो भनेकै याद छैन । हामीले त्यसरी आफूलाई व्यवस्थापन गरेका थियौं । शेर्पाहरूले हाम्रो मनस्थिति हेरेर हामीलाई राम्रो व्यवस्थापन गरिदिनुभयो । मुख्य कुरा भनेको कुनै पनि काम गर्ने योजना बनाउनुपर्छ, सपना देख्नुपर्छ, त्यो सपना एक दिन अवश्य पूरा हुन्छ । तालिम तयारी र तपस्या चाहिँ चाहिने रहेछ ।

*नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको 'जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।*



रेवती सापकोटा

# द्वन्द्वमा पत्रकारिता गर्दाका केही 'कथा'

**समाचार लेख्न पनि नपाउने, बाहिर जान पनि नपाउने, केही कुरा कसैलाई भन्न पनि नपाउने । एक हिसाबले त्यो अवस्था मलाई जेलमा बसेको जस्तो लाग्न थालेको थियो । त्यतिबेला मेरो सम्पादक (राजधानी दैनिक) कपिल काफ्ले हुनुहुन्थ्यो । अनि उहाँलाइ फोन गरेर भने मैले, 'आज म समाचार लेख्छु ।'**

माघ १९ पछि राजाले कु गरेको घटनाबाट सुरू गर्दछु । त्यतिबेला मेरा सहकर्मी रामप्रसाद (दाहाल)जी म सँगगँगै काम गर्थ्यौं। हामी त्यतिबेला राजधानी दैनिकमा काम गर्थ्यौं । त्यो दिन अफिसको गाडी लिएर सबै राजदूताबास पुगेर, नेपालको अवस्था के भन्ने बारेको समाचार बनाउने योजना बनायौं । त्यतिबेला समाचार कक्षमा तत्कालीन शाही नेपाली सेनाका मानिसहरू आएका थिए । केही साथीहरूले सम्पादकको कोठामा सेनाका व्यक्तिलाई राखेर सम्झाउने प्रयास गरिरहेका थियौं । अनि केही साथीहरू समाचार कक्षमा समाचार बनाउँदै थियौं । सेनाका मानिसहरूलाई कुरामा अलमल्याएर समाचार भने तयार गर्नु हाम्रो योजना नै थियो । हामीले त्यसै गर्‍यौं । माघ २० गतेको राजधानी दैनिकको पहिलो पृष्ठमा नेपालको त्यतिबेलाको अवस्था के छ भन्ने कुरा चाहिँ अरू पत्रिकामा भन्दा प्रष्ट रूपमा आएको थियो ।

त्यो एउटा मुख्य घटना थियो, त्यसपछिका दिनहरूमा मलाई सेनाका मानिसहरूले पछ्याइरहेको अनुभव भइरहेको हुन्थ्यो । त्यसपछि मलाई साथीहरूले युएन (संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालय) मा गएर त्यहाँ बसेर सुरक्षित हुने हो कि भन्ने सुझावहरू दिनुहुन्थ्यो ।

साथीहरूकै सुझावअनुसार म युएन अन्तरगतका विभिन्न अंगका कार्यालयहरूमा बस्थें । दश दिनदेखि निरन्तर त्यहाँ सुरक्षाका लागि जाने गरिरहेको थिएँ । म त्यहाँ धेरै मान्छेहरूसँग भेट्थे, धेरै सूचनाहरू पाइरहेको थिएँ । केही केही सूचनाहरू म साथीहरूलाई बाँड्थे । किनकि त्यो बेलामा लेख्नसक्ने अवस्था थिएन । एक दिन चाहिँ मलाई एकदमै उकुसमुकुस के हुनथाल्यो भने, समाचार लेख्न पनि नपाउने, बाहिर जान पनि नपाउने केही कुरा कसैलाई भन्न पनि नपाउने । एक हिसाबले त्यो अवस्था मलाई जेलमा बसेको जस्तो लाग्न थालेको थियो । त्यतिबेला मेरो सम्पादक (राजधानी दैनिक) कपिल काफ्ले हुनुहुन्थ्यो । अनि उहाँलाई फोन गरेर भने मैले, 'आज म समाचार लेख्छु, त्यो समाचार भोलिको पहिलो पृष्ठमा छापिदिनुस, म भोलिदेखि समाचार कक्षमा नै आएर काम गर्छु ।'त्यो समाचार चाहिँ के थियो भने, रेडियोको मूल्य बढ्यो भन्ने खालको थियो । माघ १९ को घटना भन्दा अगाडि १ सय ५० रूपैयाँ पर्ने रेडियो भएतापनि मान्छेहरूले बिहान बिहान मर्निङ वाक गर्दा त्यो रेडियोमा देश विदेशको समाचार सुन्थे । पत्रपत्रिकाका समाचार सुन्थे । त्यतिले मात्रै उनीहरूलाई सूचना पर्याप्त हुँदैनथ्यो । एफएममा समाचार आउन छोडिसकेपछि मान्छेहरूले बीबीसी नेपाली सेवाको समाचार सुन्नको लागि पानासोनिक जापनीज रेडियो किन्नु पर्‍यो । त्यसमा सर्टवेभमा मात्रै आउँथ्यो, एफएम ब्याण्डमा आउन छोड्यो । त्यो रेडियोको मूल्य माघ १९ अगाडि भन्दा ह्वात्तै बढेर १२ सय १३ सय पुग्यो । मलाई त्यो कसरी थाहा भयो भनेमसँग बारम्बार पत्रकार, वकिल मानवअधिकारवादीहरूसँग भेट हुन्थ्यो । उनीहरूले चाहिँ ठूलोठूलो रेडियो बोकेर हिडेका हुन्थे । त्यसैको आधारमा त्यो समाचार निर्माण भएको थियो । त्यो समाचार छापियो । समाचार प्रकाशन भइसकेपछि जुन राजदूतको घरमा बसेको थिएँ म, मैले उसलाई 'मेरो यस्तो यस्तो समाचार छापिएको छ, तपाईलाइ कस्तो लाग्यो ?' भनेर सोधेको त, त्यो राजदूत यस्तो रिसायो कि, 'तैले गर्दा मैले तेरो देश छोडेर भाग्नुपर्छ किन यस्तो समाचार लेख्या ?त मेरो घरमा बसेको छस् भन्ने कुरा तेरो सरकारले थाहा पायो। मलाई निकाल्दिन्छ' भन्यो । ऊ एकदमै रिसायो । 'ठिकै छ त्यो भए भोलिदेखि आउँदैन म' भने मैले ।

त्यसपछि म युएन गएँ, युएन गएर मैले थिर भुसाल जो अहिले रिपब्लिका दैनिकमा काम गर्नुहुन्छ, उहाँलाई बोलाएँ । 'तपाई ३ बजे आउनुहोस, तपाई र म आज ३ बजे ट्याक्सीमा अफिस जानेहो' भने र हामी त्यसरी अफिस गयौं । अफिसभित्र छिर्नेबित्तिकै बाहिर सेनाका व्यक्तिहरू आएर बसे । नारायण अमृत दाइले चाहिँ

भन्नुभयो, 'तपाईं बाहिर नजानुस है ।' अनि सम्पादक (कपिल काफ्ले)ले चाहिँ के भन्नुभयो भने 'रेवतीलाई खाना पनि यहीं ल्याइदिने, सुत्ने व्यवस्था पनि यहीं गर्दिने ।' मैले'हुन्छ' भने । मैले राति ९ बजेतिर यसो बाहिर हेरेको सेनाहरू छैनन् जस्तो भयो । अनि उद्धव सिलवालको बाइक थियो, उहाँले बाइक हाँक्नुभयो, म पछाडि बसेर त्यहाबाट हामी भाग्यौं । त्यो दिन म उद्धव सिलवालको घरमा गएर सुतें । भोलिपल्ट फेरि म युएन गएँ ।

पछिकाठमाडौंमा बसेर काम नै गर्न नसकिने हो भने दिल्ली गएर काम गर्ने भन्ने जस्तो भयो र म दिल्ली गए । त्यहींबाट केही समय मैले समाचार संकलन गरें । पछि 'नेपाल १' टेलिभिजनमा काम गरे । कतिसम्म भयो भन्दा मेरो अनुहार स्क्रिनमा आयो भनेर सेनाले भनेकै भरमा मेरो जागिर जाने अवस्था आयो । त्यतिबेला के अवस्था आयो भने अरूणदेव जोशी हुनुहुन्थ्यो, उहाँले मलाई न्यूज पढ्न नलगाउने, तर डेस्कमा बसेर काम गर्ने व्यवस्था गर्नुभयो । कम्तिमा पनि काम गर्नुपर्‍यो भनेर यो व्यवस्था गरिएको थियो । माघ १९ पछिको अवस्थामा दिल्लीसम्म पुग्दाको अवस्था त्यो थियो ।

अर्को घटना चाहिँ के थियो भने होलेरीबाट अपहरणमा परेका७५ जना प्रहरीलाईरिहा गर्ने बेलामा आइसीआरसीको टोलीमा काठमाडौंबाट सल्यान पुगेका थियौं । अब त्यतिबेलाको त्यो ठूलो घटना थियो । नेपालको राजनीतिमा त्यो एकदमै ठूलो महत्व राख्ने घटना पनि हो त्यो । र, त्यहाँ गएर हाम्रो रोहबरमा प्रहरीलाई रिहा गर्ने योजना थियो । पछि हामीले उनीहरूलाई नेपालगञ्ज ल्याएर छोडेका थियौं ।

अर्को चाहि २०५८ सालको मंसिरको दाङ आक्रमण भएको घटना भएको दिनको कुरा हो । त्यो दिन म न्यूज लेखेर घर आएँ । खाना खाएर सुतिरहेको थिएँ । त्यतिबेला हामीसँग मोबाइल फोन थिएन । ल्याण्डलाइनमा फोन आयो रातको साढे ११ वा १२ बजेको हाराहारीतिर । सम्पादकले फोन गर्नुभएको रहेछ । जीवेन्द्र सिंखडा सम्पादक हुनुहुन्थ्यो । उहाँले भन्नुभयो,'रेवती तिमी के गर्दैछौ ?' मैले सुत्ने तयारीमा छु भनेको त उहाँले'उठेर लुगा लगाएर ठिक्क पर म गाडी पठाउँछु । तिमी गाडी चढेर अफिस आऊ' भन्नुभयो । किन ?के भयो ? भनेर मैले सोध्दा उहाँले 'ठूलो घटना भइसक्यो, तिमी तुरून्त आऊ' भन्नुभयो ।

त्यसपछि राति सुतेको मान्छे, लुगा लगाएरम अफिस गएँ । अनि जाँदाखेरि थाहा पाएँ, दाङमा ठूलो आक्रमण भएको रहेछ । राति १२ बजेतिर निरन्तर फोन हानिरहे ।

त्यो आक्रमणको कमान्डर चाहिँ अहिलेका उपराष्ट्रपति नन्दबहादुर पुन हुनुहुन्थ्यो । त्यसको कमिसार चाहि अहिलेका उर्जामन्त्री बर्षमान पुन हुनुहुन्थ्यो । बाह्र/एक बजेतिर बर्षमान पुनसँग मेरो कुरा भयो । घटना कसरी भयो? के भयो ?सबै एक खालको सूचना दिनुभयो ।

विद्रोही पक्षको सूचना त्यसरी प्राप्त भयो र सरकारी पक्षको पनि सूचनाका लागि अर्को साथी सायद रोशन श्रेष्ठ जस्तो लाग्छ, उहाँले गर्नुभयो । दुईजनाको संयुक्त रूपमा समाचार तयार पारेर पूर्ण सूचना दिएका थियौं । मंसिर ८ गतेको घटना हो, हामीले ९ गतेको पत्रिकामा पूर्ण सूचना दिएका हौं ।

त्यसपछाडि त्यतिबेलाको सरकारले माओवादीलाई आतंककारी घोषणा गरिसकेपछि चाहिँ के गर्ने भन्ने कुरामा एकदमै वादविवाद भइरहेको थियो । सबैले आतंककारी आतंककारी नै भनिरहेको अवस्थामा हाम्रो सम्पादकले चाहिँ हामी सबैजना बसेर के गर्ने भनी छलफल गऱ्यौं र आफू पनि सुरक्षित हुनेगरी एउटा निष्कर्ष निकाल्यौं । त्यो निष्कर्ष थियो, अब माओवादीलाई 'राज्यद्वारा आतंककारी घोषित नेकपा माओवादी'भन्ने । त्यसपछि हामीले उनीहरू (माओवादी) लाईयो वाक्य प्रयोग गर्न थाल्यौं । राजदानी दैनिकमा हामीले प्रयोग गर्न थालेपछि अरू पत्रिकाहरूले पनि त्यो अभ्यास गरेका थिए ।

अर्को एउटा घटना चाहिँ समाचार लेखेर आयो । त्यो बेला मैतिदेवीमा डेरा थियो । समाचार लेखेर दिउँसो दुई बजेतिर डेरामा गएको थिएँ । एउटा सानो डकुमेन्ट खोज्दै थिएँ, तुरून्त प्रहरी आएर मलाई समात्यो । किन समातेको भनेको 'तपाईलाई हाकिमले बोलाउनुभएको छ' भन्यो । मैतिदेवीबाट कमलपोखरीसम्म गएको थाहा छ । त्यसपछि उनीहरूले मेरो आँखामा पट्टि बाधेँ । अनिमलाई महेन्द्र पुलिस क्लबमा लगेर एकदमै धेरै पिटेको थियो । त्यो पिटाइको असर मलाई अहिले पनि बेलाबेलामा हुन्छ । उनीहरूले रबरले पैतालामा हान्छन् । त्यसको असर चाहिँ दिमागमा पर्ने रहेछ । यति पिटे कि शुरूशुरूमा पिटेको मलाई याद छ । धेरै पछाडि मलाई त्यति याद हुन छोड्यो । मलाई राति एकैछोटी हनुमान ढोकामा रहेछु भन्ने थाहा भयो । त्यहाँका थुनुवालेमलाई मालिस गरिरहेको रहेछन् । अनि त्यतिबेला मेरो होस खुलेको थियो । पछिफेरि एकदिन दिउँसो१२ बजेतिर अफिस जान भनेर ठिक्क परेको थिएँ, दुईजना सिभिलको मान्छेहरू आएर 'तपाइलाई हामी लिन आएको' भने । तपाई को हो भन्दा 'जो भएपनि हामीसँग हिड्नुस न' मात्र भने । तपाई को हो भन्ने कुरा त मैले थाहा पाउनु पऱ्यो नि त भन्दा, उनीहरूले 'हामी नेपाली सेनाका मान्छे हो,

हेडक्वाटरबाट आएको' भने । मैले, 'ठिकै छ त्यो भए जान्छु' भने ।

मलाई बाहिर ल्याएर ट्याक्सीमा हालेपछि मेरो आँखामा पट्टि बाँध्यो । त्यतिबेला कस्तो थियो भन्दा मान्छेलाई दिउँसो पक्राउ गरेपछि बेपत्ता गर्ने गरिरहेका थिए । म एउटा कुरामा के विश्वस्त थिएँ भने,दिउँसो१२ बजे लगेको छ भने कम्तिमा मलाई कहाँ पुऱ्याइएको छ भन्ने कुरा थाहा पाउनुपर्छ भन्ने थियो । उनीहरूले मलाई बाहिरको मान्छेले नदेखोस्भनेर जति घोप्ट्याउने प्रयास गर्थे, म चाहिँ तलबाट मलाई कहाँ लैजाँदै छन् भन्ने अड्कल गरिरहेको हुन्थें ।

मलाई थाहा थियो मैतिदेवी, गौशाला, पुतलीसडक त्यसपछि मैले धरहरा देखें। त्यसपछि एकैछिनमा उनीहरूको स्टेशनमा पुराए । मैले के अनुभव गरे भन्दा म सेनाको हेडक्वाटरमा पुगेछु। अनि त्यतिबेला सेनाहरूले चाहिँ के भन्थे भने, अरू पत्रकारहरूले चाहिँ हामीलाई सूचना दिन्छन्, तैले सूचना किन दिँदैनस्?

मैले 'माओवादी प्रत्याक्रमणमा प्रवेश' भन्ने एउटा समाचार लेखेको थिएँ । अनि त्यो समाचारका लागि मैले सूचना पाएको सन्दर्भ पनि रोचक छ । भएको के थियो भने, कृष्णप्रसाद सापकोटा जो अग्नि सापकोटाको भाइ हुनुहुन्छ । उहाँ त्यतिबेला केन्द्रीय समितिमा हुनुहुन्थ्यो । उहाँले मलाई फोन गर्नुभएको थियो । घरको अवस्था के छ ? भनेर सोध्नु भएको थियो । त्यही क्रममा गफहुँदा मैले पनि राजनीतिक अवस्था बारेमा सोधेको थिएँ । तर, मैले त्यो बारेमा समाचार लेख्ने आँट गरिन । एक हप्तासम्म मैले लेखिन । एक हप्तापछि चाहिँ जे होस् होस् भनेर लेखें समाचार । त्यो समाचार प्रकाशन भएलगत्तैसेनाले मलाई समाएको थियो । त्यही भएर सेनाले 'तैले चाहिँ किन सूचना दिँदैनस्?' भनेका रहेछन् । मैले त्यतिबेला चाहिँ सिधै भनेको थिएँ, 'मैले पिटाई खानु पर्ने, यातना भोग्नु पर्ने, सबै भोगिसक्या छु । तपाईंहरूले गर्न बाँकी भनेको मार्न बाँकी हो । बरू गोली खर्च गर्नुहोस् तर मैले लेखेको समाचारको स्रोत सम्पादकलाई त नभन्न सक्छु भने तपाईंलाई किन भन्छु र?'

सहकर्मी साथीहरूलाई चाहिँ अब मलाई मार्ने भयो, बेपत्ता नै पार्ने भयो भन्ने लागेपछि त्यतिबेला प्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्थ्यो । साथीहरूले प्रधानमन्त्रीकोमा गएर मार्न र बेपत्ता पार्नबाट जोगाउनु पर्छ भनेर लाग्नुभयो ।

अर्को एउटा स्मरणीय घटना पनि सुनाउँछु तपाईंहरूलाई। यो घटना २०५५ सालतिर भएको हो । त्यतिबेला म जनादेश र महिमामा काम गर्थे । जनादेशमा 'भट्टेडाँडामा माओवादीको साहसिक आक्रमण' भन्ने शीर्षकमा समाचार थियो । त्यो समाचार

मैले लेखेको हैन, त्यो समाचार लेख्ने मान्छेपनि मलाई थाहा छैन । त्यो दिन म भतिजो बिरामी भएर अस्पताल गएको थिएँ । त्यो पनि शक्ति लम्साल (जनादेशका तत्कालीन सम्पादक) दाइले 'ल भाइ तुरून्त आऊ, बैठक बस्नुपर्ने भयो' भन्नुभयो । शक्ति लम्साल, म, अशोक सुवेदीलगायत अफिसमा(जनादेश साप्ताहिक)को बसिरहेका थियौं । एक्कासी प्रहरी आएर अफिस नै घेरा हाल्यो । त्यो समाचार प्रकाशन भएको प्रेस चाहिँ इन्द्रेणी प्रेस थियो । त्यहाँका कामदारहरू पनि सबै उठायो, हामीलाई पनि सबैलाई उठायो ।सिंहदरबारमा रहेको भूमिगत हिरासतमा राखेको थियो ।

भोलिपल्ट हामीलाई राज्यविरूद्धको अपराधको कसुरमा मुद्दा दायर गरेको थियो । त्यसको ७ दिन पछाडि अर्को केश के खडागर्‍यो भने बागबजारमा प्रहरीको भ्यानमाथि ढुङ्गा हानेको । त्यै झुटो अपराध देखाएर राज्य विप्लवको मुद्दा दायर गर्‍यो । त्यतिबेला हामीलाई पच्चीस दिनसम्म हनुमान ढोकाको हिरासतमा राख्यो । त्यतिबेला पहिलोचोटी हो, सर्वोच्च अदालतको फुल बेन्चले रिहा गर्न आदेश दिएपछि हामी रिहा भएका थियौं ।

*नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको 'जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।*



होम कार्की

# दुई जिउकी नर्स बिदा बसेपछि बल्ल समाचार

**सुरूसुरूमा त उत्तेजित भएर पत्रकारिता गरें, राजदूतावासको एक जना सरले के भन्नुभयो भने, 'होम तिमीले हेटौडाबाट काठमाडौं आएर पत्रकारिता गरेको जस्तो हैन । तिमी काठमाडौं वा नेपालबाट कतार आएका छौ है । कतारको आफ्नो खालको कानुन छ, यहाँ धेरै कम्पनीको बारेमा रिपोर्ट गर्न पाइँदैन ।'**

मैले पत्रकारिता चाहिँ कस्तो समयमा गरें भन्दा जतिबेला ज्ञानेन्द्र खड्का(हत्या गरिएका पत्रकार) मारिनुभयो । त्यही हप्ता मैले पत्रकारिता सुरू गरेको हो । त्यो जोखिम देखेर होला, मेरो परिवार, मेरो बुवाले जानै हुँदैन भन्नुभएको थियो । एक किसिमको त्यो बेलाको विद्रोह नै थियो मेरो त्यो निर्णय । परिवारको असहमति हुँदाहुँदै मैले पत्रकारिता सुरू गरेको हो । मैले फेरि पत्रकारिता बुझेर गरेको पनि हैन । एसएलसी पास भइसकेपछि हेटौडामा भर्खर भर्खर पत्रकारिताको विषय शुरू भएको थियो ।

स्वास्थ्य विषय त ७ कक्षादेखिनै पढ्दै आएको थिएँ । त्यहीभएर पत्रकारिता भन्ने नयाँ विषय रहेछ क्यार त्यहीं पढौं भन्ने भयो । धेरै लामो समयदेखि पत्रिकाचलाउँदै आउनुभएको सरले पत्रकारिता विषय पढाइ राख्नुभाथ्यो । मलाई चाहिँहरेक दिन पढ्दै जाँदा त्यसमा मेरो चाख बस्दै गयो । यो विषय चाहिँ पढ्दा राम्रो हुनेछ भन्ने लाग्यो ।

त्यही समयमा हेटौंडामा 'हेटौंडा सन्देश' भन्ने दैनिक पत्रिका प्रकाशन हुन थाल्यो । त्यही पत्रिकामा एघार कक्षा पढ्दापढ्दै अभ्यास गर्ने मौका पाएँ ।

अनि द्वन्द्वकालको हिसाबले गर्दा पनि राजनीतिक लगायतका समाचारहरू संकलन गर्ने गरेको हुँदा, प्रहरी प्रशासन सबैले नजर गरिरहने हुँदाछोटो समयमै यो क्षेत्रमा परिपक्व

हुदै आफूलाई विस्तार गरें । स्नातकोत्तर गर्न काठमाडौं आएँ ।काठमाडौंमा आउँदाखेरि कान्तिपुरमा लगानीको विवादका कारण एउटा समूहले छोडेर जादाँखेरी मैले त्यहाँ प्रवेश गर्ने अवसर प्राप्त गरें । अनि मैले त्यतिञ्जेलसम्म कुन बिटमा कसरी पत्रकारिता गर्ने भन्ने सोचिरहेको थिएन । कान्तिपुरमा कुरा गर्ने क्रममा मलाई त्यहाँ सोधियो,'तैले के गर्छस्?' मैले 'श्रमिक सम्बन्धी रिपोर्टिङ गर्छु' भने । कान्तिपुरलाई पनि त्यही बिटमा काम गर्ने मान्छे चाहिएको, त्यसरी ठ्याक्क त्यहाँ प्रवेश भयो । एकैचोटी सम्पादकले कतारमा गएर रिपोर्टिङ गर्नुपर्छ भन्नुभयो । त्यसपछि मात्र मलाई कतार भन्ने देश पनि रहेछ भन्ने भयो ।

श्रमिकका विषयमा समाचार लेख्ने क्रममा नेपाल र कतार आउजाउ गर्दै पत्रकारिता गरिरहेको थिएँ । पछि चाहिँ, कतारमा कान्तिपुरको कार्यालय छ, त्यहीं बसेर पत्रकारिता गर्ने भनेर मलाई त्यहाँ पठाइयो । त्यसपछि मैले कतार बेस भएर साउदी, कतार, ओमन, बहराइन, दुबई, लेवनन, इराकसम्मको सबै स्थलगत रिपोर्टिङ गर्ने अवसर प्राप्त भयो ।

कतारमा बसेर पत्रकारितागर्न त्यहाँको प्रशासनमार्फत प्रयास गरेंतर पत्रकारको हैसियतमा काम गर्ने अवसर पाइन । तर, हाम्रो कान्तिपुरको चाहिँ त्यहाँ के थियो त भन्दा पत्रिका प्रकाशन गर्ने हिसावको इजाजत थियो, तर मसँग काम गर्ने लाइसेन्स थिएन । मसँग पत्रकारिता गर्न इजाजत छैन तर पत्रिका प्रकाशन गर्ने इजाजत छ, अब यो अवस्थामा कसरी काम गर्ने भन्ने भयो ।

सुरूसुरूमा त उत्तेजित भएर पत्रकारिता गरें । राजदूतावासको एक जना सरले के भन्नुभयो भने, 'होम तिमीले हेटौडाबाट काठमाडौं आएर पत्रकारिता गरेको जस्तो हैन । तिमी काठमाडौ वा नेपालबाट कतार आएका छौ है । कतारको आफ्नो खालको कानुन छ । यहाँ धेरै कम्पनीको बारेमा रिपोर्ट गर्न पाइँदैन । हाम्रा नेपाली कामदारले भोगेको दुःखको बारेमा जस्ताको त्यस्तै समाचार बनाउन पाइँदैन ।'

शुरूमा चाहिँ हाम्रै दूतावासबाट सरले त्यसरी मलाई हतोत्साहगरिदिनुभयो । पछि मैले के सोचे भन्दा, मसँग जागिर छँदैछ, फर्किनुपरेमा पनि आफ्नै अफिसमा जानु त छँदैछ । त्यही भएर मैले चुनौतीपूर्ण ढंगले अगाडि बढ्ने निर्णय गरें । अनिकम्पनीभित्र छिर्ने, नेपाली कामदारहरूलाई भेट्ने,समाचारहरू संकलन गर्ने र काठमाडौं पठाउने काम गर्न थालें ।

साउदीको रियादबाट झण्डै चालीस/पचास किलोमिटर परमरूभूमिको बीचमा एउटा ६/७ तलाको भवन थियो । त्यस भवनमा रहेका झण्डै २ सय नेपालीहरू समस्यामा छन् भन्ने मलाई थाहा थियो । त्यस भवनमा सजिलै छिर्न समेत पाउने अवस्था थिएन ।

एक कम्पनीको आवश्यक प्रक्रियाहरू पूरा गरेर मात्रै त्यहाँभित्र प्रवेश गर्न पाइन्थ्यो । ती सबै प्रक्रियाहरू पूरा गर्दा मेरो रिपोर्टिङ हुँदैनथ्यो । म सधै रिपोर्टिङमा जाँदाखेरि सामान्य लुगा लगाएर जाने गर्थे । जसकारण मान्छेहरू मलाई यो पनि कामदार नै हो भन्ने सोच्दथे । सामान्य लुगामा जाँदा त्यति धेरै मान्छेहरूले मलाई ख्याल पनि गर्दैनथे । त्यही भएर मैले सबैजनासँग कुरा गरिसक्न लाग्दा एक जनाले मलाई आउँदै जाँदै हेर्दैगरिरहेको थियो । त्यसपछि मलाई पक्कै के भयो भन्दा यसले यो सूचना बाहिर लगेको छ भन्ने भयो । अनिमैले रिपोर्टिङ टुङ्गयाइहालें । बाहिर प्रहरी र क्याम्प हेर्ने सिनियर कर्मचारीलाई मोदिर भन्छ, उनीहरू आइसकेछन् । त्यो मैले थाहा पाइहालें । उसले को हो भन्दा मलाई पहिलादेखिनै निगरानी गर्नेले मलाईहातले देखाइरहेको थियो । मैले हत्त नपत्त माथि गएर मसँग भएको क्यामरा र परिचयपत्र त्यहीं कामदारलाई राख्न दिएँ । बेलुका कतै भेटेर दिनू भनेर म निस्किएँ । तर झरेपछि प्रहरीले समात्ने त सामान्य भइहाल्यो, म निस्कनेबित्तिकै मलाई'यहा आइज' भनेर बोलायो ।उसले मलाई 'तँ यहाँ किन आएको ?' भन्यो । मैले 'मेरो साथी यहाँ काम गर्छ । त्यही भएर भेट्न आएको' भने । 'कहा बस्छस्' भन्यो । मैले 'म कतारमा बस्छु' भनें । परिचयपत्र देखा भन्यो । मैले मेरो परिचयपत्र देखाएँ । मेरो परिचयपत्रमा 'म्यानेजर' लेखेको थियो । उसले मेरो परिचयपत्र स्क्यानिङ गर्‍यो ।

मैले मेरो क्यामरा, झोला सबै त्यहीं छोडेर निस्केको थिएँ । जबसम्म म साउदी बसिरहें त्यतिञ्जेलसम्म त्यो प्रहरीले मलाई अनुगमन गरिरह्यो । पछि म दूतावास गएँ,दूतावासमै शरण लिएँ । कुनै माध्ययमबाट मैले छोडेको ब्याग र क्यामरा त्यहाँ ल्याएँ । पछि त्यहींबाट एयरपोर्ट गएँ । एयरपोर्टमा पनि मलाई चेक गर्छ कि भनेर दूतावासले मलाई एकजना अधिकृत खटाइदिएको थियो । यसरी म कतार फर्किएँ । त्यहाँ म त्यसरी जोगिएर आएँ ।

अर्को चाहिँ कतारमा धेरै उँटहरूको गोठ रहेको हुन्छ ।धेरैजसो समाचारहरू मैले ती गोठमा काम गर्नेहरूको बारेमा गरें । जसलाई घरेलु कामदार भन्छ ।मरूभूमिमा चाहिँ बाटो पनि जुन गोठमा जाने हो, त्यहाँसम्म मात्रै बाटो बनाइएको हुन्छ । एकजना चौधरीको बारेमा रिपोर्टिङ गर्न गएको थिएँ, खोज्दै खोज्दै जानुपर्ने हुन्छ । कसैले सूचना दिने पनि होइन ।

कुनचाहिँ गोठमा नेपाली छ भन्दै खोजेर रिपोर्टिङ गर्ने हो । अनि एउटा गोठमा चौधरीसँग भेट भयो । भेट भएपछि ऊसँग कुराकानी गरियो । रिपोर्टिङमा म जाँदाखेरि चाहिँ दिउँसोएकदमै गर्मी हुन्छ । १२ देखि ३ बेजेको समयमा जुन समयमा ५० डिग्रीको तातो हुन्छ । त्यो बेलामा प्रायःगाडीहरू केही गुड्दैनन् । चहलपहल पनि केही हुँदैन ।

त्यही मौकामा रिपोर्टिङ गर्न सजिलो हुन्छ । प्रायः१२ बजेतिर मालिक घर गइसक्छ भने बेलुका भने फेरि गोठमा आउँछन् । त्यो चौधरीकोमा पनि यो बेला कोही पनि आउँदैन होला भनेर बसिरहेका थियौं । ठ्याक्कै त्यसको मालिक आइपुग्यो । मैले चाहिँ मालिक आउनेबित्तिकै, म पत्रकार हो भनेर साहुलाई नभन्नु, गाउँबाट साथी भेट्न आएको हो । हाम्रो भेट नभएको धेरै भएका कारण भेट्न आएको हो भन्नू भनेर उसलाई सिकाएँ । उसले त्यो भन्यो पनि । तर, उसको साहुले त्यो भन्दा नभन्दै मेरो अगाडि नै उसलाई पिटिहाल्यो ।

अरबी भाषा बोल्न मलाई पनि अलिअलि आउने हुँदा मैले अरबी भाषामा म यहाँयो बाटो हिड्दाहिड्दै मान्छे देखेर आएको हुँ । म अबदेखि यो ठाउँमा आउँदैन भने । उसले मलाई, तँलाई पुलिस बोलाएर यहींबाट पुलिसकोमा पठाइदिन्छु भन्यो । मैले पुलिसलाई किन बोलाउनुपर्‍यो ?अबदेखि म यहाँ आउँदै आउँदैन भने । त यति ठूलो मान्छे छस, म जस्तो सामान्य मान्छेलाई यस्तो सामान्य कुरामा किन दुःख दिन्छस् भनेर फकाएपछि बल्ल मानेर त्यो घटनाबाट म त्यसरी बच्न सफल भएँ ।

अर्को घटना चाहिँ कतारको एउटा ठूलो अस्पताल छ, हमान अस्पताल । त्यहाँ रहेको नेपाली विरामीको बारेमा छ । अस्पतालहरूमा धेरैजसो नेपालीहरूको मृत्यु भएको, घाइते भएको, भर्ना गरिएकाहरूलाई राख्ने एउटामात्र अस्पताल भएको कारणले हप्ताको एकपल्ट भेटघाटको सिलसिलामा गइरहन्थे । एकदिन चाहिँ त्यहाँ सरसफाई गर्ने नेपाली कामदारले चाहिँ'नेपालीहरू भर्ना भएको अस्पताल जहाँ चाहिँ८/१० जना नेपालीहरू कोमामा राखिएको छ,त्यो तपाईलाई भन्छु' भन्यो । मलाईअहिलेसम्म त्यहाँ बसेर रिपोर्टिङ गर्दाखेरि८/१० जना नेपालीहरू ७/८ बर्षदेखि कोमामा छन् भन्ने थाहा थिएन । थाहापाएपछि म त्यहाँ गएँ । अस्पतालहरूमा अस्पतालको प्रशासनको अनुमतिबिना त्यहाँ गएर विरामी भेट्न त पाउँदैन । अनि म विरामीको आफन्त बनेर लुकीलुकी गएर बिरामीको फोटो खिचिरहेको बेलामा अस्पतालको नर्सले ठ्याक्कै भेटिहालिन् ।

उनले 'तैले किन यो फोटो खिचेको?' भनिन्। मैले 'यो मेरो गाउँले हो । मान्छे हरायो भनेर मैले यो अस्पतालमा आउँदा छ कि भनेर हेर्दा फेला पर्यो । अब म उसको परिवारलाई भन्छु' भने । त्यसपछि उनले 'तैले जतिपनि फोटो खिचेको छस्ती सबै फोटाहरू चाहिँ डिलिट गरिहाल' भनिन् । 'ल हुन्छ' भने । फेरि, मेरो परिचय नम्बर पनि लिइन् उनले । कतारमा जहाँ बसेपनि परिचय खुलिहाल्छ । यसो हेरेको, ती महिला दुईजिउकी थिइन्। मैले त्यो महिला जुन दिनसम्म सुत्केरी बिदामा बसिनन्, त्यो दिनसम्म मैले त्यो विषयको समाचार प्रकाशन गर्न पठाइन ।

पछि त्यहाँको कामदारलाई सोधेर थाहापाएँ कि ती नर्स बिदामा बसिन् भन्ने ।अनिमात्रै त्यो समाचार प्रकाशन भएको थियो । यो समाचार बाहिर आएपछि नेपाल सरकारले पनि थाहा पायो, नेपालीहरू यत्रो बर्षदेखि कतारमा रहेछन् भनेर । पछि यससम्बन्धी श्रृंखलाबद्ध रिपोर्टिङहरू भए ।

प्रवासमा बसेर काम गर्दाखेरि यति गाह्रो हुन्छ कि, मान्छेले हेर्दाखेरि कान्तिपुरको पत्रकार भन्ने हुने, ठूलो मान्छे ठान्ने । तर आफ्नो समस्या आफैसँग । दूतावाससँग गएर त्यहाँबाट पनि काम हुन नसकेपछि पत्रकारसँग मान्छे आफ्नो समस्या लिएर आउँछ । अनि उनीहरूलाई समाचार लेखेर मात्र भएन कि समस्या समाधानका लागि केही न केही गर्नैपर्ने अवस्था हुन्छ । मान्छेहरू सामूहिकरूपमा दुःख कष्टकासाथ बसिरहेका हुन्छन्, त्यहाँ गएर समाचार लेखेर फुत्त निस्कन पनि गाह्रो । उनीहरूलाई खानाका लागि आवश्यक सामग्रीहरू चाहिएला । नेपाल कसैलाई फर्कनका लागि हवाई टिकट चाहिएला । त्यस्तै पऱ्यो भने त्यहाँको सम्बन्धित कार्यालयमा पनि आफै पुऱ्याइदिनु पर्ने अवस्था हुन्छ ।यो खालको भूमिका चाहिँ गर्नुपर्दो रैछ ।

खाडी मुलुकहरूमा प्रेस स्वतन्त्रता छैन । त्यहाँको प्रशासनबाट जोगिएर काम गर्न सफल हुनमा मैले धेरै नै सावधानीपूर्वक काम गरेको हुँदा नै भएको हो । रिपोर्टिङमा जाँदा जेलमा जानु परेन । रिपोर्टिङमा जाँदाखेरी एक्कासी छिरिहाल्ने भन्दा पनि वरिपरिको अवस्था के छ, भित्री अवस्था के छ भन्ने बुझेर मात्रै जानुपर्छ। अझैपनिरिपोर्टिङ जाँदा ती सबै कुराहरू बुझेर मात्रै जाने गर्दछु ।

*नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको 'जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।*



दीपा दाहाल

# 'बचन वाण'ले पुरायो फिल्ड रिपोर्टिङमा

**मैले जाजरकोट जाने कुनै योजना बनाएको थिइन । उहाँको त्यो बचनले मलाई घोंच्यो र जाजरकोट जाने योजना तय भयो । तर समस्या के थियो भने, जाजरकोट जान डाक्टरहरू नै डराइरहेको बेलामा कसरी सामान्य मान्छे जाने त्यहाँ? काठमाडौंबाट कुनै पनि पत्रकारहरू त्यहाँ जानुभएको थिएन ।**

मैले पत्रकारिता गरेको तेह्र बर्ष भयो । सुर्खेतको रेडियो भेरी, जागरण एफएम हुँदै रेडियो कान्तिपुर काठमाडौं, अन्नपूर्ण पोष्ट हुँदै अहिले चाहिँ म देशसञ्चार संयोजक र सिनियर पत्रकारका रूपमाकार्यरत छु । त्यो एउटा जिम्मेवारी मात्रै हो । तर म चाहिँ आफूलाई रिपोर्टर मात्रै भन्न रूचाउँछु । किनकि रिपोर्टिङ गर्दा जुन खालको आनन्द आउँछ, त्यो अरू कुरामा आउँदैन । जुन कुरा मैले पछिल्लो समयमा गरेको मेरो अनुभव हो ।

पत्रकारिता चुनौतीपूर्ण हुन्छ भन्ने कुरालाई स्वीकार गरेर यसमा लागेका छौं । मैले यो भन्दा अरू धेरै केही पनि भन्नु पर्दैन, अग्रज दाइहरू अगाडिहुनुहुन्छ । चुनौतीबिनाको पत्रकारिताको कल्पना पनि हामीले गर्‍यौं भने त्यही दिनदेखि पत्रकारिता समाप्त हुन्छ भन्ने मलाई लाग्छ ।

जब अन्नपूर्ण पोष्टमा काम गर्थे,त्यो बेला अन्नपूर्ण पोष्टकै रेडियो थियो । साप्ताहिक कार्यक्रम चलाउनु पर्थ्यो र अन्य समय चाहिँ मैले पत्रिकामा लेख्नुपर्थ्यो ।

त्यही क्रममा २०७२ सालको भूकम्प जानुभन्दा एक महिना अगाडिको कुरा हो, जाजरकोटमा महामारी फैलिएको थियो । जसका कारण मानिसहरूको मृत्यु भइरहेको

र सरकारले केही पनि नगरेको भन्ने समाचारहरू काठमाडौंमा छ्याप्छाप्ती आइरहेको थियो । खासगरी त्यो समयमा मैले स्वास्थ्यसम्बन्धी क्षेत्रमा कलम चलाइरहेकी थिएँ । र मलाई, स्वास्थ्यसँग जोडिएका विषयमा, स्वास्थ्यमा समस्या आउनुमा अन्य कुराले पनि असर गर्छ भन्ने मनमा थियो, जानकारी पनि थियो । त्यहाँ स्वाइनफ्लु किन फैलियो त ? यो विषयमा आफूलाई घोत्लिन मन लाग्यो । त्यही सिलसिलामा म समाचारहरू हरेक दिन हेर्न थालें । चैतको अन्त्यतिर स्वाइफ्लुको महामारी फैलियो भनियो । यसैपनि जाजरकोट भनेपछि रोगी जिल्ला भनेर चिनिएको थियो । किनभने थुप्रैपटक जाजरकोट झाडापखालाका कारण आक्रान्त भएको थियो । त्यहाँका बासिन्दाको ज्यान गएको कुराहरू आउँथ्यो । अचानक स्वाइनफ्लु भनेर जुन महामारी भनेर समाचारहरू आइरहेको छ । यताको डाक्टरले के भन्नुहुन्थ्यो भने 'स्वाइफ्लु आफैमा रोग हैन, नाम पनि अशुद्ध तरिकाले भनिरहेका छौं भने त्यसको व्याख्या पनि गलत ढंगले गरिरहेका छौं । स्वाइनफ्लु हैन, एचवान एवान भन्ने एउटा भाइरलको संक्रमण हो, र यो चाहिँ आफैमा स्वाइनफ्लु हैन । मानिसलाई त्रसित बनाउन लेखिएको शब्द मात्रै हो ।'

त्यही सिलसिलामा,सरकारले केही गरेन भनेर जुनखालको गुनासो आएको थियो, त्यही गुनासोसहित स्वास्थ्य मन्त्रालयको एकजना विज्ञसँग भेट्न गएँ । उहाँलाई मैले 'तपाईंहरूले महामारीमा पनि केही गर्नुभएनभन्ने गुनासो छ । जाजरकोटमा त्यत्रो मान्छे मरिरहेका छन्, सरकारले केही पनि ध्यान दिएन किन ?' भनेर मैले प्रश्न सोधेको थिएँ । उहाँले मेरो प्रश्नको जवाफ दिनु त परै जावस्, उल्टो उहाँलेमलाई यस्तो खालको वचन लगाउनुभयो, यस्तो तिखो वाण थियो त्यो । उहाँले मलाई के भन्नुभयो भने, 'पत्रकारहरू सबैले स्वाइनफ्लुका कारण मान्छेको ज्यान गइरहेको छ भनिरहेका छन् । तर के कारणले मान्छको ज्यान गइरहेको छ? जाजरकोटका बासिन्दा कसरी मरिरहेका छन् ? त्यो तपाईंले त्यो ठाउँमा गएर हेर्नुभएको छ ? भन्नुभयो । त्यसपछि एकपटक त्यहाँ गएर गाउँ छिचोल्नुस् र के कारणले मृत्यु भइरहेको छ ? त्यो थाहा पाउनुहोस् । त्यसपछि मात्र सरकारले के के गरेको छ, के के गरेको छैन भन्ने प्रश्नसहित आउनुहोस मसँग ।'

मैले जाजरकोट जाने कुनै योजना बनाएको थिइन । उहाँको त्यो वचनले मलाई घोंच्यो र जाजरकोट जाने योजना तय भयो । तर समस्या के थियो भने, जाजरकोट जान डाक्टरहरू नै डराइरहेको बेलामा कसरी सामान्य मान्छे जाने त्यहाँ? काठमाडौंबाट कुनै पनि पत्रकारहरू त्यहाँ जानुभएको थिएन । स्थानीय पत्रकारले

समेत सदरमुकाममा रहेर रिपोर्टिङ गरिरहनुभएको थियो । अनि त्यो ठाउँमा कसरी जाने ? मैले यही कुरा मेरो अफिसमा भने । जानलाई सम्भव नै थिएन, मलाई कार्यालयमा सबैले जाजरकोट जाने योजना असम्भव भन्नुभयो । 'तपाईं आफ्नो ज्यानलाई जोखिममा राखेर त्यत्रो संक्रमण फैलिएको ठाउँमा किन जानु?' भन्नुभयो ।

तर पनि, एउटा निजी संस्थाको डाक्टरहरूको टोली र सेनाको अस्पतालको टोलीसँग मिलेर म जाजरकोट पुगें । जाजरकोट पुगिसकेपछि जाजरकोटको सदरमुकामबाट ३ दिनको यात्रामा सेनाको टोलीसँग हिँडे । त्यो टोलीमा ७जना पुरूष डाक्टरहरू हुनुहुन्थ्यो । उहाँहरूसँग ३ दिनको पैदल हिँडेर हामी प्रभावित क्षेत्रमा गएका थियौं ।

प्रभावित क्षेत्रमा गएर हेर्दा जे सोचेर म काठमाडौंबाट गएको थिएँ, त्यसको विपरीत रहेको पाएँ । किनभने त्यहाँ स्वाइनफ्लुबाट कोही पनि मरेका थिएनन् । त्यहाँ शिविर चलाउँदै गर्दाखेरि त्यहाँक्याम्पहरू भए र ती क्याम्पहरूमा जाँच गर्दा त्यहाँ दमबाट, मुटुको समस्याबाट, अन्य गरिवीका कारणबाट भएको पाइयो । कतिपय बालबालिकाको मृत्यु कुपोषणबाट भएको पाइयो । बाल बिवाहका कारण देखिएका विविध कारणबाट समस्या भएर मृत्यु भएको पनि थियो । यथार्थ फरक थियो, त्यो यथार्थले मलाई छोयो र मैले धमाधम समाचारहरू पठाउन थालें । त्यतिबेला त्यहाँ रेडियो नेपाल मात्रै त्यहाँका लागि सञ्चारको साधन थियो । यातायातको पहुँच भन्दा बाहिर थियो, त्यो ठाउँ ।

बेलुकीपख स्वाइनफ्लुबाट एकजनाको ज्यान गयो भनेर समाचार भनिरहँदा त्यस घरमा भएका वृद्धको दमको रोगका कारण मृत्यु भएको थियो । त्यस्तो खालको यथार्थ पत्ता लगाइसकेपछि मलाई अत्यन्तै घत लाग्यो, पत्रकारिता केका लागि गर्दै छौं ? र कसका लागि गर्दैछौं ? भन्ने एउटा शिक्षा पनि मैले त्यहाँबाट पाएँ । समाचार रिपोर्टिङ गर्न सदरमुकामबाट त्यो गाउँसम्म पुग्न पनि ३ दिन हिड्नु पर्थ्यो ।

भूकम्पको रिपोर्टिङ गर्ने क्रममा मलाई एक जनाले भन्नुभयो,'तपाईंहरू भूकम्पको केन्द्रबिन्दुमा नगई काठमाडौंमा बसेर किन समाचार बनाउनुहुन्छ ? फेरि पनि मलाई त्यस्ता खाले प्रश्नले घोंच्न थालेपनि म एक जना महिला, जसले स्वास्थ्य मन्त्रालयमा जाँदाखेरीसरकारले नै भूकम्प पीडितहरूलाई राहत, उद्धारसामग्रीहरू दिएको छैन भन्नुभयो । त्यस्तो अवस्था छ भने मलाई लिएर जानुस् न त भने । र म उहाँसँग बारपाक गएँ । तर जानुभन्दा अगाडि मलाई सबैले 'तिमी जान त आँट्यौ तर, बाटोमा पहिरो गइरहेको छ, काम एकदमै चुनौतीपूर्ण छ, पराकम्पहरू आइरहेकाछन्'

भन्नुभएको थियो । साथीहरूले तिमी कसरी जान सक्छौ भन्दा, 'तपाईंहरू जसरी जानुभयो म पनि त्यसैगरी जान सक्छु' भनेर म बारपाक गएँ ।

परिवार तथा अफिस, सबैतिरबाट दवावहरू थिए । त्यति हुँदाहुँदै पनि म गएँ । बारपाक पुगेपछि त्यहाँको यथार्थ पनि आयो । बास्तवमा हामीले जोखिम मोल्यौं भने सूचना पनि सही नै आउँछ भन्ने ज्ञान मलाई त्यहाँबाट प्राप्त भएको थियो ।

महिला भएर रिपोर्टिङमा हिड्दा मैले विभिन्नखाले चुनौतीहरूको सामना गरेको छु । महिला भएर हैन कि, महिलाका नाममा भन्छु म त । यो चुनौतीलाई म अवसरका रूपमा लिन्छु जहिले पनि । तर, ऐले सम्झदा के लाग्छ भने अहो, त्यस्तो अवस्थामा पनि कसरी काम गरियो त भन्ने लाग्छ । त्यो पल कहिलेकाहिँ अचम्मलाग्दो पल हुन्छ । त्यो चाहिँ मैले यो १३ बर्षको अवधिमा बटुलेको छु । त्यही जोखिमपूर्ण पत्रकारिता गरेकै कारण मैले एनआरएनबाट सम्मानित हुने मौका पाएँ । र यस्ता पुरस्कारहरू थुप्रै पाएको छु । त्यो पुरस्कार चाहिँ महामारी र भूकम्पको रिपोर्टिङ गरेवापत पाएको थिएँ ।

*नेपाल पत्रकार महासंघको ६४औं स्थापना दिवसका अवसरमा २०७५ चैत १५ गते आयोजना गरिएको 'जोखिमपूर्ण अवस्थाको रिपोर्टिङ अनुभव प्रस्तुतिकरण' कार्यक्रममा प्रस्तुत अनुभवको सम्पादित अंश ।*